



# नेपाल समाचारपत्र
नपाली मनका नपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकसेन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

बुधबार, साउन ११, २०७४ | Wednesday, July 26, 2017 | www.newsofnepal.com | नेसं ११३७ गुँला थ्व: ३ | वर्ष २३, अंक १९७ | पृष्ठ १२ | मूल्य रू. १०/–





# आज सरकार विस्तार हुने

रामकृष्ण चापागाईं, काठमाडौं

नेपाली कांग्रेसभित्र प्रधानमन्त्रीसमेत रहनुभएका सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच भागवण्डा नमिलेको कारण हिजो मंगलबार मन्त्रिमण्डल विस्तार हुन सकेन। मन्त्री बनाउने विषयमा दुवै समूहभित्रै विवाद उत्पन्न भएको कारण मन्त्रिमण्डल विस्तार कार्य रोकिएको बताइएको छ।

खास गरी पौडेल समूहलाई दिएको चारवटा मन्त्रालयमध्ये बलबहादुर केसी, राजन केसी र रामकृष्ण यादवलाई पठाउने सहमति भए पनि सरिता प्रसाईं र कमला पन्तमध्ये कसलाई पठाउने भन्ने बारेमा विवाद उत्पन्न भएपछि मंगलबार अन्तिम अवस्थामा आएर मन्त्रिमण्डल विस्तार रोकिएको थियो। वरिष्ठ नेता पौडेलले पन्तलाई मन्त्री बनाउन चाहेका थिए भने महामन्त्री शशांक कोइराला प्रसाईंलाई मन्त्री बनाउन चाहन्थे। प्रधानमन्त्री देउवा बिहानैदेखि मन्त्रिमण्डल विस्तारमा जुटे पनि पौडेल समूहभित्रको आन्तरिक विवादले मंगलबार मन्त्रिमण्डल विस्तार हुन सकेन।

कांग्रेसभित्र पौडेल समूहमा विवादले उग्ररुप लिएपछि प्रत्यक्ष निर्वाचित सांसदलाई मात्र मन्त्रिमण्डलमा सामेल गर्ने भन्दै

▸▸ सरिता प्रसाईं र कमला पन्तमध्ये कसलाई मन्त्री बनाउने भन्ने विवादले मन्त्रिमण्डल विस्तार रोकिएको थियो।

▸▸ राष्ट्रपति कार्यालयलाई साँझ ५ बजे शपथ ग्रहणको कार्यक्रम राख्नका लागि भनिएको थियो।

मंगलबार साँझ मापदण्ड बनाउनुपर्ने कुरा उठेको थियो। पौडेल समूहबाट बलबहादुर केसी, कमला पन्त र सरिता प्रसाईं तीनै जनालाई हटाई साँझ अबेर यज्ञबहादुर थापा र सञ्जय गौतमलाई मन्त्री बनाउने निर्णय भएको थियो। थापा र गौतम दुवै महामन्त्री कोइराला गुटको भएको बताइएको छ। यो सँगै पौडेल समूहमा महामन्त्री कोइराला पक्षधर हावी भएको चर्चा पनि गरिएको छ। सभापति देउवाका कट्टर आलोचक बलबहादुर केसी सरकारमा नपरेपछि पौडेल समूहलाई धक्का पुग्ने बताइन्छ।

मन्त्रिमण्डल विस्तार गर्ने योजनाका साथ हिजो राष्ट्रपति कार्यालयमा साँझ ५ बजे शपथको तयारी गर्नसमेत भनिएको थियो। सत्ता साझेदार एकीकृत माओवादीले दिउँसो तीन बजे मन्त्री बन्नेको नाम औपचारिक रुपमा प्रधानमन्त्री देउवालाई उपलब्ध गराइसकेको स्रोतले जानकारी दिएको छ। यसअघि कांग्रेसभित्र पौडेल समूहले आफ्नो पक्षले पाउने मन्त्रालय पनि तोक्नुपर्ने र आफूलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय चाहिने बताउनुभएको थियो। यसमा पनि महामन्त्री कोइरालाले असहमति राख्नुभएको थियो। महामन्त्रीले मन्त्रालय तोक्दा गलत सन्देश जाने बताउनुभएको थियो। पौडेल समूहभित्र विवाद बढिरहेका बेला महामन्त्री कोइराला र प्रधानमन्त्री देउवाबीच छुट्टै भेटवार्तासमेत भएको थियो।

आफ्नो पक्षको भागमा चारवटा मन्त्रालय आउने भएपछि वरिष्ठ नेता पौडेलले मंगलबार नै आफूले पाँचवटा मन्त्रालय पाउँदा तपाईंहरू तीनमध्ये एक मन्त्री बन्ने पक्का भन्दै नेताहरू जीवन परियार, धनराज गुरुङ र बद्री पाण्डेलाई समेत आश्वासन दिएको समाचार स्रोतले *नेपाल समाचारपत्र*लाई जानकारी दिएको छ। पौडेल पक्षले पाउने भनिएको चारवटा मन्त्रालयमध्ये राजन केसी प्रकाशमान सिंह गुटका हुन् भने सरिता प्रसाईं महामन्त्री कोइराला गुटका हुन्।

आज हुने मन्त्रिमण्डल विस्तारमा कांग्रेस सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाको पक्षबाट अम्बिका बस्नेत, मीन विश्वकर्मा, अर्जुन जोशी र वीरबहादुर बलायर मन्त्री बन्ने बताइएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## वरिष्ठको खेलमा रुमलियो स्थानीय निकाय

# कर्मचारी समायोजन लथालिङ्ग

सुनील महर्जन, काठमाडौं

सरकारले पटकपटक ताकेता गरे पनि जिल्लाका दुई दर्जनजति विषयगत कार्यालयका कर्मचारीहरू स्थानीय तहमा जान मानिरहेका छैनन्।

त्यस्तै परे राजीनामा दिन्छु, सरकारले खटाएको ठाउँमा जान्नँ भन्ने मनोबल विभिन्न मन्त्रालयअन्तर्गतका विषयगत कार्यालयका कर्मचारीहरूमा बढ्दै गएको पाइएको छ। जिल्लामा रहेका विषयगत कार्यालयहरूको जिम्मेवारी संविधानबमोजिम स्थानीय तहमा गाभिएपछि ती कार्यालयका कर्मचारीलाई स्थानीय तहमा खटाउने सरकारले निर्णय गरेको हो।

जिल्लामा रहेका विषयगत सरकारी कार्यालय स्वास्थ्य, शिक्षा, वन, कृषि, पशु, सिँचाइ, महिलालगायत कार्यालयका कर्मचारीहरूले स्थानीय तहमा जान खासै इच्छा देखाएको पाइँदैन। 'एउटा संरचना र कार्यालयमा जागिर खाएको अवस्थामा स्थानीय तहमा गएर भोलि के हुने हो, सेवा सुविधा के कस्तो हुने हो, पदको अवस्था कस्तो रहनेजस्ता विषयमा कर्मचारीहरूमा अन्योल रहेको पाइएको छ', स्थानीय विकास मन्त्रालयका सहसचिव रुद्रसिंह तामाङले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'यसले गर्दा कर्मचारीहरू स्थानीय तहमा जान मानिरहेका छैनन्।'

काठमाडौं, ललितपुर र भक्तपुरलगायत शहरी क्षेत्रमा रहेका स्थानीय तहमा खटिएका एकाध कर्मचारीहरूले पनि आफ्नो जिम्मेवारीभन्दा स्थानीय तहमा पहिलेदेखि कार्यरत कर्मचारीहरू हटाएर आफूलाई वरिष्ठ बनाउनुपर्ने सर्त राख्ने गरेको पाइएको छ। यसले गर्दा समायोजन भएर आएका कर्मचारीहरू र स्थानीय तहका कर्मचारीहरूबीच विवाद र द्वन्द्व हुने गरेको छ।

जिल्ला जनस्वास्थ्य कार्यालयबाट खटिएका एक कर्मचारीले ललितपुर महानगरपालिकामा हाजिर भएकै दिन महानगरपालिका जनस्वास्थ्य प्रमुख सरिता महर्जनलाई प्रमुखबाट हट्न दबाब दिएका थिए।

(क्रमशः पृष्ठ ९ मा)




# राष्ट्रपतिको चासोपछि के होला पुनर्निर्माण

ईश्वरराज ढकाल, काठमाडौं

राष्ट्रपति विद्यादेवी भण्डारीले आफैले शिलान्यास गर्नुभएको रानीपोखरी र अन्य सम्पदा पुनर्निर्माण हुन नसकेको विषयमा चासो व्यक्त गर्नुभएको छ। २०७३ साल माघ २ गते रानीपोखरीको पुनर्निर्माण शिलान्यास गर्नुभएकी भण्डारीले रानीपोखरी तत्काल पुनर्निर्माण गर्न आग्रह गर्नुभएको छ।

स्रोतका अनुसार राष्ट्रपति भण्डारीले पुरातत्त्व विभागका महानिर्देशक भेषनारायण दाहाललाई राष्ट्रपति कार्यालयमा बोलाएर भूकम्पबाट ध्वस्त भएका काष्ठमण्डप, धरहरा, रानीपोखरीलगायतका सम्पदाको निर्माण प्रक्रिया चाँडै थाल्न आग्रह गर्नुभएको थियो। भेटका क्रममा विभागका महानिर्देशक दाहालले २०७५ असारभित्र रानीपोखरी पुनर्निर्माण सम्पन्न गरिसक्ने जानकारी दिनुभएको थियो। उहाँले काष्ठमण्डप पुनर्निर्माणको विषयमा कामपाले निर्णय गर्ने बताउनुभएको थियो। जनप्रतिनिधि नहुँदा पुनर्निर्माण प्राधिकरणले काष्ठमण्डप पुनर्निर्माण अभियानसँग सम्झौता गरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)





हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ ।
मुख्यतः हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# महानगर

कुरासँगै काम गर्न थाल्नुभएका अमनले लोकतान्त्रिक चोकको माथिपटि पर्ने टापु जस्तो स्थानमा बुद्धपार्क बनाएर पर्यटक बोलाउने कामको शुरुआत गरिसक्नुभएको छ। उक्त स्थानमा ४ वटा ठूल्ठूला बुद्धको मूर्ति राखेर बुद्धपार्क बनाउने उहाँको योजना छ।



# औपचारिकतामा सीमित बजार अनुगमन



प्रशान्त वली

अनुगमन गर्ने अधिकार पाए पनि सोहीअनुरूप सरकारी निकायहरुले अनुगमन कार्यलाई प्रभावकारी नबनाएको पाइएको छ।

सरकारका १० वटा विभिन्न निकायले अनुगमन गर्ने अधिकार पाएको छ। आफ्नो क्षेत्रमा अनुगमन गर्ने ती निकायहरुमा यातायात व्यवस्था विभाग, शिक्षा विभाग, कृषि, पशु सेवा, गुणस्तर तथा नाप तौल, आपूर्ति व्यवस्थापन, औषधि व्यवस्था, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र ७५ वटै जिल्ला प्रशासन कार्यालयहरु रहेका छन्।

ती निकायबाट हुने गरेको अनुगमन औपचारिकता र भत्तामा मात्रै सीमित भएको गुनासो गर्ने उपभोक्ताहरुको संख्या दिन प्रतिदिन बढ्दै गएको छ। 'बेलाबखत गरिने अनुगमन हात्तीले देखाउने दाँत मात्र अनुभूति भएको छ' -उपभोक्ता नवीन श्रेष्ठले श्रेष्ठले भन्नुभयो।

बजार अनुगमनमा मुख्यतया सरकारी संयन्त्रका कर्मचारी, प्रहरी, उपभोक्ता अधिकारकर्मीसँगै सम्बन्धित संघ-संस्थाका प्रतिनिधि र आमसञ्चारका प्रतिनिधिहरुलाई पनि सहभागी गराउँदै आएको छ। अनुगमनमा खटिने अक्सर उपभोक्ता अधिकारकर्मी र पत्रकारहरूदेखि लिएर सबैलाई भत्ताको व्यवस्था गरिएको हुन्छ। बेलाबखत हुने वा मौसमी प्रकृतिको अनुगमन कतै अनुगमन भत्ता पचाउनका लागि त होइन भनेर आम उपभोक्ताहरुले प्रश्न तेर्स्याउन थालेका छन्।

सरकारी निकायले गर्दै आएको अनुगमन औपचारिकतामा मात्र सीमित भएको उपभोक्ता लीलाधर बस्नेतको भनाइ रहेको छ। सरकारले बजारमा पाइने खाद्य तथा पेय पदार्थ, निर्माण सामग्री, स्वास्थ्य सेवा, शिक्षा क्षेत्रलगायतको अनुगमन तीव्ररूपमा गरे पनि सोहीअनुरूप कारबाही गरिएको खासै देखिएको छैन।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले दैनिक औसतमा ११ व्यावसायिक फर्ममा अनुगमन गर्ने गरेको जनाएको छ। अनुगमन गरिए पनि गुणस्तरहीन सामान बिक्री गर्नेलाई कारबाही नगर्दा बजारको समस्या जस्ताको तस्तै देखिएको पाइएको छ।

बिनातयारी अनुगमनमा जाने गरेकाले विक्रेतालाई आवश्यक कारबाही गर्न नसकिएको बताइएको छ। कारबाही नहुँदा व्यवसायीले सामान्य गल्ती पनि सुधार गर्न पनि नचाहेको पाइएको छ। स्ट्यान्डर्ड ढक तराजु, सिमेन्टको अनुगमन गर्दा परीक्षणका लागि आवश्यक पर्ने नमुना प्रविधिलगायतका कुरा अनुगमन टोलीलेसँगै नलग्दा अप्ठ्यारो हुने गरेको उपभोक्ता अधिकारकर्मी दर्शन आचार्यले जानकारी दिनुभयो।

अनुगमनका क्रममा अधिकांश व्यवसायीहरुले दर्ताबिना व्यवसाय सञ्चालन, मूल्यसूची नराख्ने, लेबल नभएका सामान बिक्री गर्ने, सरसफाईमा ध्यान नदिने जस्ता कैफियत फेला पर्ने गरेको पाइएको छ। अनुगमन टोलीले पटक-पटक आग्रह गर्दा पनि व्यवसायीहरुले त्यसमा धेरै चासो दिन गरेको छैन। सरकारले गुणस्तरीय वस्तु उपभोगका लागि आम उपभोक्ताहरुलाई सचेत रहन आग्रहसमेत गरेको छ। अनुगमन दैनिक र परिणाममुखी हुनुपर्ने उपभोक्ताको माग छ।

शहर केन्द्रित मौसमी अनुगमनलाई परिवर्तन गरेर ३ सय ६५ दिननै सबै क्षेत्रतर्फ बजार अनुगमन गरी उपभोक्ता अधिकार स्थापित गरिनुपर्ने काठमाडौं बबरमहल निवासी उपभोक्ता युवराज अधिकारीले बताउनुभयो।

म्याद सकिएका वस्तुहरू पटक-पटक बरामद गरेर सम्बन्धित अनुगमनकारी निकायले नष्ट गर्दा पनि बजारमा त्यस्ता वस्तुको कुनै कमी नआउनुले बजार अनुगमन प्रभावहीन सावित भएको उपभोक्ताहरु बताउँछन्। भएका उपभोक्ता र खाद्य ऐनहरु कार्यान्वयन गर्न सके मात्र बजार अनुगमनले सार्थकता पाउने उपभोक्ताहरु बताउँछन्।

अनुगमनमा के भेटिन्छ कैफियत

अनुगमनका क्रममा नापतौल प्रमाणीकरण नभएको तथा मापदण्डभन्दा कम तौल भएका सामग्रीहरु, मूल्यसूची र व्यवसाय दर्ता प्यान दर्ता नभएको पाइने गरेको छ। यस्तै, खाद्य र अखाद्य सामानहरुसँगै भएको, लेबल नभएको सामानहरु बिक्री-वितरण गरेको, प्याकिङका सामानमा लेबल नभएको, खाद्य र अखाद्य सामानहरु पनि भेटिने गरेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका सहप्रवक्ता मदन चापागाईंले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

साइनबोर्ड नभएको तथा व्यवसाय दर्तासँग सम्बन्धित कागजातहरु नभएको, कामदारहरुले माक्स, एप्रोन तथा पन्जाको प्रयोग नगरेको, फ्रिजमा काँचो र पाकेको खानेकुराहरु राख्ने गरेको कैफियत भेटिने गरेको छ। खाद्य किराना तथा खानेपानीतर्फ खाद्य अनुज्ञापत्र नवीकरण नभएको, व्यवसाय दर्ता र प्यान दर्ताको कागजहरु देखाउन नसकेको, कामदारहरुले माक्स, एप्रोन तथा पन्जाको प्रयोग नगरेको, किचेनको सरसफाई नभएको भेटिने गरेको आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले जनाएको छ।

यस्तै, अनुगमनका क्रममा निर्माण सामग्रीतर्फ छड जोख्ने नापतौल मेसिन नभएको पाइएको छ। माछा र मासुतर्फ सरसफाई नभएको, मूल्यसूची नभएको तथा व्यवसाय दर्ता र प्यान दर्ता नभएको र नापतौल प्रमाणीकरण नभएको पाइएको छ। मासुहरु खुल्ला राखेको, मूल्यसूची अद्यावधिक नगरिएको पाइएको छ।

स्वास्थ्य क्लिनिक तथा औषधितर्फ लागू तथा मनोदीपक औषधिको रेकर्ड दुरुस्त नभएको, औषधि व्यवस्था विभागको फर्म्याटअनुसार विल नभएको तथा व्यवसाय दर्ता नवीकरणको कागजात देखाउन नसकेको, व्यवसाय दर्तासँग सम्बन्धित कागजहरु देखाउन नसकेको, जिल्ला जनस्वास्थ्य कार्यालयको स्वीकृतिबिना नै औषधि पसल सञ्चालन गरको कैफियत भेटिने गरेको छ।

### कारबाहीको व्यहोरा

खाद्य अनुज्ञापत्र नवीकरण गरी तथा व्यवसाय दर्ता र प्यान दर्ताको कागजातहरु अनुगमन भएको दिनदेखि ७ दिनभित्र विभागमा पेस गर्न निर्देशन दिइन्छ। यस्तै, बोतलको पानी नमूना परीक्षणको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा पठाउने गरिन्छ। माक्स, पन्जा तथा एप्रोनको प्रयोग गर्न अनुगमनमा खटिएका कर्मचारीहरुले निर्देशन दिने गरेका छन्। व्यवसाय दर्तासँग सम्बन्धित कागजातहरु ७ दिनभित्र विभागमा पेश गर्न विक्रेताहरुलाई निर्देशन दिने गरिएको छ।

मूल्यसूची दैनिक मितिसहित अपडेट गर्न, म्याद नाघेका समानहरु बिक्री-वितरण नगर्न, खाद्य र अखाद्य सामानहरु अलगै राख्न तथा व्यवसाय दर्ता नवीकरण र नापतौल प्रमाणीकरण नवीकरण गरी ७ दिनभित्र विभागमा पेस गर्न निर्देशन दिइएको हुन्छ। छड जोख्ने नापतौल मेसिन राख्न निर्देशन दिइने गरिएको छ। ३ दिनभित्र मूल्यसूची बनाएर राख्न तथा व्यवसाय दर्ता र प्यान दर्ता गरी ७ दिनभित्र विभागमा पेस गर्न निर्देशन दिने गरिएको छ।

दर्ताअनुसारको साइनबोर्ड बनाउने र नापतौल प्रमाणीकरण गरी ७ दिनभित्र विभागमा पेस गर्न निर्देशन दिने गरिएको आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागका कर्मचारी मानबहादुर वलीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। मूल्यसूची दैनिक अपडेट गर्ने, मासुलाइ सिसा वा जालीले छोपेर राख्न तथा व्यवसाय दर्ता, प्यान दर्ता र नापतौल प्रमाणीकरण गरी ७ दिनभित्र विभागमा पेस गर्न निर्देशन दिने गरिएको छ। व्यवसाय दर्ता नवीकरणको कागजातहरु, लागू तथा मनोदीपक औषधिको रेकर्ड दुरुस्त भएको विवरण र डीडीएको फर्म्याटअनुसारको बिल छपाई गरी प्रमाणसहित विभागमा र डिडीएमा पेस गर्न निर्देशन दिने गरिएको छ।

यद्यपि ती निर्देशनहरु व्यवहारमा कार्यान्वयन नआएको खुल्न आएको छ। सरकारले एकातिर निर्देशन दिँदै आएको छ भने अर्कोतर्फ निर्देशन कार्यान्वयन खासै नभएको पाइएको छ।

### खाद्य ऐनमा के छ ?

न्यूनस्तरको खाद्य पदार्थ उत्पादन, बिक्री-वितरण, निकासी वा पैठारी गर्ने व्यक्तिलाई पहिलोपटक १ हजार रुपियाँदेखि २ हजार रुपियाँसम्म जरिवाना र दोस्रो पटकदेखि प्रत्येक पटक २ हजार रुपियाँदेखि ५ हजार रुपियाँसम्म जरिवाना वा ६ महिनादेखि १ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

दूषित खाद्य पदार्थ उत्पादन, विक्री-वितरण, निकासी वा पैठारी गर्ने व्यक्तिलाई ५ हजार रुपियाँदेखि १० हजार रुपियाँसम्म जरिवाना वा १ वर्षदेखि २ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ। कुनै दूषित खाद्य पदार्थ खानाले कुनै व्यक्तिको मृत्यु हुने सम्भावना भएमा वा मृत्यु भएमा वा शरीरलाई अपूरणीय क्षति भएमा वा हुने सम्भावना भएमा त्यस्तो दूषित खाद्य पदार्थ उत्पादन वा बिक्री-वितरण गर्ने व्यक्तिलाई १० हजार रुपियाँदेखि २५ हजारसम्म जरिवाना र ३ वर्षसम्म कैद हुन सक्नेछ र वितरकले सो दूषित खाद्य पदार्थबाट प्रभावित व्यक्ति वा निजको हकदारलाई २५ हजार रुपियाँदेखि १ लाख रुपियाँसम्म क्षतिपूर्ति दिनुपर्नेछ।

## अधिकार सम्पन्न उपभोक्ता आयोग गठन गर्नुपर्छ : तिमिल्सिना



**माधव तिमिल्सिना**
केन्द्रीय अध्यक्ष
उपभोक्ता अधिकार
अनुसन्धान मञ्च

**अनुगमनमा तपाईंहरू पनि जानुहुन्छ नि होइन ?**

हो, यद्यपि अनुगमनमा एउटै समस्या पटक-पटक व्यापारीहरुबाट दोहोरिएको पाइएको छ। नियमन निकायबीच तालमेल नहुँदा र भएका नियम अनुगमन गर्ने निकायले प्रभावकारी तवरबाट कार्यान्वयन नगरिँदा अनुगमन कर्मकाण्डी जस्तै भएको छ। गल्ती गरेको व्यक्तिलाई कारबाही गर्न सकिएको छैन।

**राज्यलाई किन घचघच्याउनुहुन्न त ?**

हामीले पहिलेदेखि नै अधिकार सम्पन्न उपभोक्ता आयोग गठन गर्न भनिराखेका छौं। जुन संवैधानिक होस्। अहिले बजारमा कालोबजारी, अनियमितता, सिन्डिकेट प्रथा छ्यापछ्याप्ती मौलाएको छ। उपभोक्ता ऐन बलियो छैन। मूल्य वृद्धि रोक्न राज्यका तर्फबाट छाता कानुन बन्न जरुरी छ। अहिले वस्तुको मात्रै अनुगमन भएको छ। वस्तु र सेवा दुवैको अनुगमन हुनुपर्ने देखिन्छ भनेर पटक-पटक ध्यानाकर्षणसमेत सरकारलाई गराउँदै आएका छौं।

**अनुगमनलाई उपलब्धिमूलक बनाउन के गर्न आवश्यक छ ?**

सम्बन्धित विषयमा ज्ञान भएका कर्मचारीहरु अनुगमनमा खटिनुपर्छ। जसले गर्दा कारबाही गर्न सजिलो होस्। अनुगमनको प्रकृतिअनुसार प्राविधिक, अप्राविधिकलगायतका कर्मचारीहरु खटाइनुपर्छ। अनुगमनका लागि अधिकार सम्पन्न छुट्टै स्थानीय संयन्त्र गठन हुने सकेमात्रै अनुगमनको प्रभावकारिता दिगो हुन सक्छ।

## कार्यतालिकासहित संयुक्तरूपमा बजार अनुगमन तीव्र : दाहाल



**कुमार दाहाल**
महानिर्देशक,
आपूर्ति व्यवस्थापन
तथा उपभोक्ता हित
संरक्षण विभाग

**अनुगमनका क्रममा के-के पाउनुभयो ?**

हामीले सवै क्षेत्रको अनुगमन गर्दै आएका छौं। जस्तै मासु, निर्माण सामग्री, खाद्य तथा पेय पदार्थलगायत। विशेषत: अनुगमन गर्दा गुणस्तर, परिमाण र मूल्यलाई आधार बनाउँछौं। त्यही आधारलाई तय गरेर अनुगमन गर्दा ग्राहकहरु सचेत भएको पाएका छौं। र, उहाँहरुलाई कागजी प्रक्रियाका बारेमा सल्लाह सुझावसमेत दिन्छौं।

**गुणस्तरहीन भेटिए कारबाहीको प्रक्रिया के-कस्तो रहेको छ ?**

सिमन्टहरुलाई कालोबजारी ऐनअन्तर्गत कारबाही हुन्छ। कतिपय सिमेन्टहरु प्रतिबोरा ४२/४३ केजीसम्म भएको पाइयो। खासमा ५० केजी हुनुपर्ने हो। मासुजन्य पदार्थमा पनि बिग्रिएको मासु राखेको पाइयो। २/३ वटा फाइलहरु अदालतमा विचाराधीन रहेको छ। कतिपय उपभोग्य वस्तुहरु गुणस्तरहीन भेटिएपछि सिलबन्दी गरेर अनुसन्धान प्रक्रियालाई अघि बढाएका छौं। अहिले कार्यतालिकासहित संयुक्तरूपमा बजार अनुगमन निकै तीव्ररूपमा अघि बढिरहेको छ। दशैं-तिहार जस्ता ठूला चाडपर्व पनि नजिक आइरहेकाले सहज तरिकाले गुणस्तरीय वस्तु उपभोक्तासमक्ष दिलाउन हाम्रो प्रयत्न जारी रहनेछ। पैसा तिरेर किनेको वस्तु बराबरको गुणस्तर पाउनु उपभोक्ताको दायित्व हो।

**अनुगमनका नाममा अनुगमन मात्र हुने गरेको उपभोक्ताहरुको गुनासोलाई के भन्नुहुन्छ ?**

अनुगमन एउटा विधि वा औजार मात्र हो। कसैले पनि सेवाग्राहीलाई न्याय दिन सकेन त्यही भएर सरकार उपस्थित भएको मात्रै हो। अनुगमनले केही सचेत पैदा गर्छ कि भनेर मात्रै अनुगमन गरिएको हो। जे भए पनि उपभोक्ताले सर्वसुलभ र गुणस्तरीय वस्तु पाउनुपर्छ। व्यापारीले सर्वसुलभ र गुणस्तरीय वस्तु दिलाउनुपर्छ। यो कुरालाई जोड्न हामी विधि वा औजारका रूपमा मात्रै बजारमा सरकारी प्रतिनिधिका रूपमा उपस्थित भएका हौं।

## जनताकै काम गर्न जनप्रतिनिधि भएको : अमन



अमन महर्जन स्थानीय निकायको निर्वाचन लड्ने पक्का भएर मत माग्न मतदातासामु जाँदा खासै केही भनेका थिएनन्। उनी लोकप्रियताका लागि नयाँ-नयाँ सोचका कुरा पनि गरेका थिएनन्। उनले विकासका काममा इमान्दारिताले लाग्छु मात्रै भनेका थिए, समग्रमा। त्रिभुवन विश्वविद्यालयसमेत रहेको कीर्तिपुर-१० बाट वडा अध्यक्षमा जित्नुभएका अमन महर्जनले कीर्तिपुरको प्रवेशद्वार रहेको नयाँबजार र सो आसपासको क्षेत्रलाई नमुना बनाउने बताउनुभएको छ। उहाँले जितेपछि मात्रै यो बताउनुभएको हो।

कुरासँगै काम गर्न थाल्नुभएका अमनले लोकतान्त्रिक चोकको माथिपटि पर्ने टापु जस्तो स्थानमा बुद्धपार्क बनाएर पर्यटक बोलाउने कामको शुरुआत गरिसक्नुभएको छ। उक्त स्थानमा ४ वटा ठूल्ठूला बुद्धको मूर्ति राखेर बुद्धपार्क बनाउने उहाँको योजना छ। 'हामी कीर्तिपुरको प्रवेशद्वार तथा सबैभन्दा कान्छो वडालाई पर्यटकीय स्थानको रूपमा विकास गर्न विभिन्न योजना बनाएका छौं', उहाँ भन्नुहुन्छ- 'लोकतान्त्रिक चोकको माथि सिँढी उक्लेपछिको टुप्पोमा बुद्धपार्क बनाउँदै छौं र त्यसका लागि ४ वटा ठूल्ठूला बुद्धको मूर्तिसमेत राख्ने योजना छ।'

उहाँले कीर्तिपुरमै ऐतिहासिकरूपमा रहेको सम्पदा मार्गलाई पर्यटकीयरूपमा विकास गर्नेसमेत योजना बनाउनुभएको छ। यसका लागि कीर्तिपुर नगरपालिका १, २ र १० नम्बर वडा मिलेर योजनासमेत अगाडि बढाइएको छ। 'हामी नजिक-नजिक पर्ने १, २ र १० नम्बर वडा मिलेर सम्पदा मार्गको पुरानो बाटोलाई पर्यटकले हेर्न आउने खालको बनाउछौं', उहाँ भन्नुहुन्छ- 'पुरानो कला नबिग्रने गरी हामीले पर्यटकीय सम्पदाको रूपमा विकास गर्ने योजना बनाएका छौं र काम पनि शुरु गर्न थालेका छौं।' उहाँले भूकम्पमा जीर्ण भएको जगतपाल महाविहारलाई (जसलाई स्थानीय तिलंच्व विहार भनेर चिन्छन) संरक्षण गर्ने काम अगाडि बढाइसक्नुभएको छ। 'वरिपरि ६ वटा बहाल छन्। सबै जीर्ण छन् तिनलाई पनि संरक्षण गर्ने योजना छ', उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'स्थानीयको साथ सहयोग र सहकार्यमा मैले कीर्तिपुरलाई पर्यटकीयरूपमा विकास गर्छु।'

स्थानीय निर्वाचन जितेका जनप्रतिनिधिले अझै सपथ खाँदै गरेको खबर आइरहँदा कीर्तिपुर १० का वडा अध्यक्षका उम्मेदवारले भने आफ्नो जनसेवाको कामलाई तीव्र गतिमा अगाडि बढाउनुभएको छ। पानीको समस्या भइरहने कीर्तिपुरका लागि वडा अध्यक्ष अमन महर्जनले खानेपानी समस्या सधैंका लागि दूर गराउन बजेटको समेत व्यवस्था मिलाइसक्नुभएको छ। १ वर्षभित्र खानेपानी समस्याको समाधान गर्ने लक्ष्यसहित खानेपानी योजनाको काम गरिने उहाँले बताउनुभयो। पानीको व्यवस्थापनका लागि वडाको बजेटले नभ्याउने भएपछि अमनले नगरपालिकाबाट कीर्तिपुरमा खानेपानीका लागि १९ करोड बजेट छुट्याउन भ्याइसक्नुभएको छ। '१ वर्षभित्र कीर्तिपुरमा ९० प्रतिशत खानेपानी समस्याको समाधान गर्ने गरी काम गरेका छौं', उहाँले भन्नुभयो- 'हामीले बजेटको पनि व्यवस्था गरिसकेका छौं।' अमन महर्जनले नेकपा एमालेको तर्फबाट उम्मेदवार भई कीर्तिपुर-१० को वडा अध्यक्षमा जित्नुभएको हो।

# भक्तपुरकी वर्षा मिसेस नेपाल आइकन



सुदिप पोखरेल

ख्यातिप्राप्त अभिनेता सुनील थापा आइतबार साँझ राजधानीमा निर्णायकका रूपमा भेटिए। विवाहित महिलाहरूबीच राजधानीमा सम्पन्न सौन्दर्य प्रतियोगितामा सुनील उत्कृष्ट १६ मा पर्न सफल महिलालाई निर्णायक प्रश्न गर्दै थिए- 'यदि तपाईं एक हप्ताका लागि यो देशको पहिलो महिला प्रधानमन्त्री बन्नुभयो भने देशलाई कसरी अगाडि बढाउनुहुन्छ?'

उनको प्रश्न सकिनासाथ जमलस्थित राष्ट्रिय नाचघरको मञ्चमा निर्मित ग्याम्पमा *उत्कृष्ट* १६ मा पर्न सफल सबै प्रतियोगी ३ मिनेटको समय लिएर भटाभट जवाफ लेख्न थाले। सर्वोत्कृष्ट, भिन्न र गहकिलो जवाफ भने टीयूअन्तर्गतको वातावरण विज्ञानमा अध्ययनरत तथा ५ वर्षदेखि संयुक्त अपांग अवास केन्द्रमा स्वयंसेवीको रूपमा कार्यरत भक्तपुरको कौशलटारकी वर्षा कार्कीबाट आयो।

'भनिन्छ यदि तपाईं राजनैतिक भाषणमा केही चाहनुहुन्छ भने कुनै पुरुषलाई जिम्मेवारी दिनूस्। तर, यदि तपाईं कुनै पनि कार्य पूर्ण भएको हेर्न चाहनुहुन्छ भने कुनै महिलालाई जिम्मेवारी दिनूस्। त्यसैले यदि म एक हप्ताका लागि प्रधानमन्त्री भएँ भने सर्वप्रथम शिक्षालाई निःशुल्क गर्थें', वर्षाले आत्मविश्वासका साथ सबैको ध्यानाकृष्ट गर्दै जवाफ पढेर सुनाइन्- 'किनकि शिक्षा मानिसको आधारभूत अधिकार हो। त्यसपछि म घरेलु तथा साना व्यवसायकर्तालाई करमा राहत दिई प्रोत्साहन दिन्थें र लैंगिक विभेदका विरुद्ध अभियान चलाउँथें। सँगै, देशको हरेक कुना काप्चामा यथासम्भव हरेक उपायले सामाजिक तथा आर्थिकरूपमा हरेक नागरिकको विकासका लागि जोड दिने थिएँ।' वर्षाको यो जवाफले उनलाई चौथो संस्करणको *मिसेस नेपाल आइकन* २०१७ को विजेता बनायो। वर्षा *मिसेस नेपाल आइकन* २०१७ का साथ *बेस्ट स्पिच* र *बेस्ट पर्फमेन्स* उपउपाधिको विजेता पनि भइन्। एएनपी मिडिया हाउसद्वारा आयोजित प्रतियोगितामा जयन्ती श्रेष्ठ उप्रेती *फस्ट रनर्सअप*का साथ बेस्ट सिंगर, रचना श्रेष्ठ *सेकेन्ड रनर्सअप*का साथ *बेस्ट हेयर*, सुमीरा श्रेष्ठ *थर्ड रनर्सअप*का साथ *मस्ट कन्फिडेन्ट* तथा पार्वती केसी शाही *फोर्थ रनर्सअप*का साथ बेस्ट पर्सनालिटी भइन्।

विभिन्न ३० पेसाकर्मी र गृहिणीका बीच भएको अन्तिम स्पर्धामा संगीता भट्टराई दाहाल *मस्ट पपुलर* र *मस्ट फोटोजेनिक*, सरिता लामा तामाङ *भिवर्स च्वाइस* र *मिसेस क्याटवक*, अप्सरा खड्का अधिकारी *ब्युटी अफ पर्पस*, सुभद्रा मैनाली डंगोल *सोसल्ली रेसपोन्सिबल*, अञ्जना लिम्बु राई *मिसेस ट्यालेन्ट*, सन्ध्या शाही *फेसबुक च्वाइस* र *बेस्ट आर्टवर्क*, आरोही बीके दुलाल *बेस्ट स्माइल*, सोनु मल्ल खाँण *बेस्ट स्किन* र *मस्ट ब्युटिफुल*, ममता महर्जन श्रेष्ठ *बेस्ट डिसिप्लेन*, रूपा बास्तोला *मस्ट पंचुअल*, शिल्पा बस्नेत *बेस्ट फिजिक* र *मस्ट चार्मिङ*, सोनी श्रेष्ठ *मस्ट फ्रेन्डली*, अन्जता केसी कडायत *मस्ट कन्जिनियालिटी*, सिर्जना शाक्य *फेसन आइकन*, अस्मिता बयलकोटी *बेस्ट फिटनेस*, तारा वली *मस्ट एक्टिभ*, सुजना श्रेष्ठ *मस्ट इन्टिलेक्चुअल*, लक्ष्मी महर्जन नगरकोटी *मेनेजमेन्ट च्वाइस*, स्मिति सुब्बा अंगदाम्बे *मस्ट पर्फेक्ट*, रमा महर्जन *मस्ट डिर्जभिङ*, सविता पाख्रिन *सोसल ओलफेयर एम्बेसडर*, दिव्या पौडेल *मस्ट एक्टिभ*, सनिसा राई गुरुङ *मस्ट पोजेटिभ एटिट्युड*, सुमिन केसी *ब्युटी युथ रेस्पोन्सिविलिटी* र सरला केसी *बेस्ट डान्सर* भएका थिए।

अश्विनी झाको कोरियोग्राफी र कार्यक्रम सञ्चालनमा भएको प्रतियोगितामा अभिनेता सुनील थापा, अभिनेतृ सञ्चिता लुइँटेल, हिसानका अध्यक्ष रमेश सिलवाल, बैंकर अनीता प्रधान, शिक्षासेवी पूर्ण लामा र सरोज प्याकुरेल निर्णायक रहेका थिए। चमकदमकका साथ सम्पन्न कार्यक्रममा रमेशराज भट्टराईले *बबाल भो र बेहुला बनाउँछु भन्थ्यौ बहुला बनायौ* गीत गाएर दर्शकलाई रोमाञ्चित बनाएका थिए भने बल्ली डान्स ग्रुपले नृत्य प्रस्तुत गरेको थियो।

# भारतमा पनि अनमोलको चर्चा



नायक अनमोल केसी भारतीय सञ्चारमाध्यममा पनि छाएका छन्। भारतीय अनलाइन अमर उजालामा उनको चर्चा गर्दै संगीता तमोरले समाचार लेखेकी छिन्।

'मिलिए नेपालके सुपरस्टार से, जिसकि हर फिल्म होती है ब्लकबस्टर, लेता हे मोटी फिस' शीर्षको समाचारमा लेखिएको छ- 'बलिउडको हर ठूला स्टारको बारेमा तपाईंलाई थाहै छ। तर, आज हामी तपाईंलाई नेपालको यस्तो सुपरस्टारको बारेमा बताउँछौं कि, जसले निकै कम समयमा पहिचान बनाएका छन्। यस्तो त्यहाँको फिल्म इन्डिस्ट्रिजमा सायदै कोही बन्न सक्लान्। उनी हुन् अनमोल केसी।' केही तस्वीरका साथ समाचारमा अगाडि लेखिएको छ- 'अनमोल केसी नेपालमा धेरै नै पपुलर छन् र उनी त्यहाँका ठूला स्टार हुन्। उनले २०१३ मा फिल्म डेब्यु गरेका हुन् र त्यस बेलादेखि नै उनका सबै फिल्म सुपरहिट भइरहेका छन्। यसको साथै अनमोल नेपालको सबैभन्दा बढी डिमान्ड हुने कलाकारको टपमा पर्छन्। फिल्ममा मात्र हैन कमाइको मामलामा पनि उनी सबैभन्दा माथि छन्।' समाचारमा इन्टरनेटको आँकडालाई उल्लेख गर्दै अनमोलले एक फिल्म खेलेबापत ८ देखि २० लाख रुपियाँसम्म लिने गरेको दाबी गरिएको छ। 'भनिन्छ कि नेपालमा कुनै पनि एक्टरले पाउने यो सबैभन्दा बढी पारिश्रमिक हो' -समाचारमा उल्लेख छ।

अनमोल अहिले उनका पिता भुवन केसीका साथ निर्माता सुवास गिरीद्वारा निर्माणाधीन फिल्म कृलाई लिएर चर्चामा छन्।



# अनुष्काको अनुभव : बलिउडमा लिंगभेद

बलिउड सुन्दरी अनुष्का शर्मा सधैं आफ्ना विचार तथा भनाइहरु स्पष्टरूपमा राख्न रुचाउँछिन्। कुनै पनि विषयमा खुलेर बहस गर्ने उनको बानी छ। बलिउडमा फैलिरहेको लैंगिक विभेदलाई लिएर पनि उनले मुख खोलेकी छिन्।

पहिले नै यस बारेमा मुख खोलेकी उनले अहिले आएर पुनः यस मुद्दामा आफ्नो विचार राखेकी छिन्। 'आज पनि बलिउडमा व्यापकरूपमा लिंगभेद रहेको छ। तर, हामी यसलाई रोक्न सकारात्मक रूपले अघि बढ्न सक्छौं' -उनले भनिन्। यसो हुनुमा फिल्म उद्योग मात्र नभएर मानिस पनि जिम्मेवार रहेको उनले दाबी गरेकी छिन्।

आज पनि बक्स अफिसमा नारी प्रधानभन्दा पुरुष प्रधान फिल्मको बर्चस्व हुनुले पनि लैंगिक भेदलाई प्रस्टरूपमा दर्शाएको जनाउँदै अनुष्काले यसलाई विस्थापित गर्न शुरुआती कदम चालिसकेको र यसले निरन्तरता पाउनेमा पनि विश्वास दिलाएकी छिन्।

२ वर्षअघि पनि अनुष्काले फिल्ममा अभिनेतृलाई सुन्दर वस्तुको रूपमा र अभिनेतासँग मनोरञ्जन गर्नका लागि प्रयोग गरिने गरेको टिप्पणी व्यक्त गरेकी थिइन्। अनुष्काको आगामी फिल्म *जब ह्यारी मेट सेजेल* अगस्ट ४ मा रिलिज हुँदै छ। जसमा उनको जोडीको रूपमा शाहरुख खानलाई देख्न सकिन्छ।


## कामनाको हरेक अंक विशेष अंक




सर्वत्र बजारमा उपलब्ध छ

### यस अंकका आकर्षणहरू:

**दीपक दीपाले किन लिएनन् अवार्ड?**

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

**आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।**

# विचार

दीनहीन जीवन कायरले
मात्र जिउने गर्छ, के तपाई
कायर हो ?
–माइकल फराडे

लक्ष्य नै नराखीकन बाँच्नुभन्दा
महान् लक्ष्य बोकेर मर्नु महानता
होइन र ?
–खलिल जिब्रान

## सम्पादकीय

नेपाल समाचारपत्र

### सडकको बेथिति हटाऊ

राजधानी काठमाडौंका अधिकांश सडक अस्तव्यस्त छन् । सडक सवारी र पैदल मैत्री छैनन् । धेरैजसो सडकको दायाँ–बायाँ पैदल यात्रीका लागि चाहिले फुटपाथसमेत छैनन् । सडकमा सवारीसाधनको जाम अत्यधिक छ । सडक विस्तारको नाममा भत्काइएका सडकहरू निर्माण कार्यमा देखिएको ढिलाइले सडकमा सहजरुपमा आवतजावत गर्नसमेत कठिनाइ भएको छ । सवारीसाधानको चाप धेरै अनि सडकको क्षमता नहुँदा काठमाडौंमा दिनहुँ जाम हुने क्रम बढ्दो छ । सवारी जाम हटाउनको लागि सरकारले बेलाबखत नीति र योजना बनाए पनि कार्यान्वय हुन सकेको छैन । ठूलो भन्दा पनि साना सवारीसाधनको संख्या बढी हुँदा जाम बढेको बढ्यै छ । अत्यधिक जाम हुने कारणले गर्दा राजधानीवासीको दैनिकीसमेत कष्टकर बनेको छ ।

सडक निर्माणमा देखिएको ढिलासुस्तीको कारण राजधानीवासीले धेरै सास्ती खेप्नुपरेको छ । सडकको निर्माण पाएको ठेकेदार कम्पनीहरूले समयमा काम गर्ने गरेका छैनन् । सडक निर्माणमा भएको ढिलासुस्तीप्रति सरकारले प्रभावकारीरुपमा अनुगमन गर्न पनि सकेको छैन । सडकमा जततती बेथिति छ । सडकको फुटपाथमा जतातती पसल राखिएको छ । पैदल यात्रु हिंड्नको लागि समेत कठिनाइ छ । सडक निर्माणको क्रममा देखिएको मुख्य समस्या भनेको सरकारी निकायबीच देखिएको समन्वयको अभाव हो । खानेपानीले सडक भत्काएर पुर्न नपाउँदै ढल विस्तारको नाममा भत्किने गरेको छ ।

सरकारले कम्तीमा एकीकृत योजना बनाएर सडक विस्तार गर्नुपर्छ । आज निर्माण गर्ने अनि भोलि भत्काउने प्रवृत्ति रहेसम्म राजधानी काठमाडौंमा सवारी आवातजावत र पैदल यात्रीले सास्ती खेपिरहनुपर्छ । वर्षाको कारण सडकमा ढल फुटेर नागरिकको ज्यानसमेत गएको छ । पानी पर्नासाथ ढलको पानी सडकमा आउँदा सर्वसाधारणमा त्राससमेत फैलिएको छ । हरेक वर्षायामको समयमा ढल फुट्ने, सडकमा पानी जमेर हिंडनु नहुने अवस्था सृजना भएपनि सरकारले समस्या समाधान गर्नको लागि खासै ध्यान दिन सकेको छैन । सडक जलमग्न हुँदासमेत आर्थिक वर्षको अन्तिममा आएर पुरपार गर्ने र झारा टार्ने कामबाहेक सरकारले दिगो समाधान गर्नतिर ध्यान दिन सकेको छैन । सरकारले काम गर्दा झारा टार्ने मात्र भन्दा पनि जनताको दैनिकीसँग जोडिएको सडक निर्माणको कामलाई प्राथमिकतामा राखेर तीव्र गतिमा काम गर्नुपर्छ ।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# कांग्रेस-एमालेबीच देखिएको अन्तरविरोध



रामप्रसाद गौतम

यथार्थ जे-जस्तो भए पनि इतिहासले त्यसलाई तोडमोड गर्न सक्छ। तानाशाही शासन पद्धतिमा इतिहास विजेताको लेखिन्थ्यो, हरूवाको होइन। परन्तु प्रजातन्त्र र गणतन्त्रमा इतिहास विजेताले पनि लेख्छ र हार्नेले पनि लेख्न पाउँछ। तसर्थ प्रजातन्त्र प्रनातन्न्त्र नै हुन्छ। प्रजातन्त्रमै पनि दुवै पक्षका इतिहासकारहरूले सत्यको आवरणमा आफ्नो पक्षलाई नै अलिकति जलप लगाएर विचारहरू राख्छन्। अतटस्थ विचारबाट लेखिएका इतिहासले सही र गलत छुट्याउन प्रजतन्त्रमा पनि फरक तरिकाले विश्लेषण गर्नुपर्दछ। पदार्थ र परिणामबीचको यथार्थ अन्तर थाहा पाउन दुवै पक्षको अन्तर्विरोधलाई विश्लेषण गर्नुपर्दछ।

कुरा नलुकाउने हो भने, महाभारतमा दुर्योधनले जितेको भए युधिष्ठिरको सत्यनिष्ठतालाई इतिहासले कमजोरी भनी व्याख्या गर्ने थियो। द्रौपदीको चीरहरणलाई नितान्त जुवामा हार्नेले आफ्नो बचन पूरा गर्नुपर्ने कर्तव्यबोधको रुपमा व्याख्या गरिने थियो। अर्थात् इतिहास विजेताले पालेको सेतो हात्ती हो यदि त्यसको प्रामाणिक पुष्टि हुँदैन भने। आज एमालेले धेरै सिट जितेको छ, कांग्रस दोस्रो भएको छ। एमालेका साथी र समर्थकहरूले एकोहोरोरुपमा एमालेको राम्रो कामले गर्दा यो विजय सम्भव भएको बताउनुहुन्छ। कांग्रसका धेरैले महाअभियोग, आईजीपी प्रकरणले गर्दा पार्टी हार्‍यो भन्ने विश्लेषण गर्दछन्। दुवै यथार्थ होइन, दुवै असत्य पनि होइन। यथार्थ यही हो भने एमालेले गरेको राम्रो काम के हो ? होइन भने आईजीपी केसले किन मतदाता घट्नुपर्‍यो ? अन्तरविरोध छ।

आज देशमा दूई चरणको निर्वाचन सकिएको छ, स्पष्टत: देशको जनमानस विशेष गरी दुई धारमा बाँडिएको छ। एकातर्फ नेपाली कांग्रसको प्रजातान्त्रिक समाजवाद र अर्कोतर्फ नेकपा एमालेको बहुदलीय जनवादबीच प्रतिस्पर्धा भैरहेको छ। शाब्दिकरुपमा कुरा नलुकाउने हो भने, आवरणीय रुपमा साम्यवादी र प्रजातन्त्रवादीबीच युद्ध भएको देखिन्छ। परन्तु यहाँ लडाइँ कुनै प्रकारको यथार्थ कारण र घटनाबीच भैरहेको छैन, केवल काल्पनिक त्रास र आशबीच युद्ध भैरहेको छ। लेख्दासम्म भएको मतगणनामा ७ नम्बर प्रदेशलाई छोडेर अन्य सबै ५ प्रदेशमा एमालेको मत कांग्रेसको भन्दा १ लाखदेखि ३ लाखसम्मको अन्तरमा बढी छ।

एमालेले कसरी तटस्थतालाई आफ्नो पोल्टामा हाल्न सक्यो ? कसरी कतै पनि नलागेका मतदाताको ठूलो हिस्सालाई एमालेले समेट्न सक्यो ? यो विश्लेषण विषय बन्दै जाला, परन्तु कांग्रसले जस्तालाई तस्तै जवाफ दिन सकेन। जसको करणले आज कांग्रस एमालेभन्दा झन्डै ५० स्थानीय निकायमा पछाडि पर्‍यो। कांग्रेसमा हारको जिम्मेवारी र जीतको खुशीयालीमा नेतृत्व निरपेक्ष देखिन्छ। जबकि एमालेको जीतमा नेतृत्वको सापेक्ष भूमिका देखिन्छ। एमाले र कांग्रेसबीच जहाँ जसले जिते पनि र हारे पनि दुई पार्टीबीचको मूल अन्तरविरोध यही नै हो। यसको अर्थ हो कांग्रसले स्थानीय नेतृत्वको बलमा मात्र चुनाव जितेको छ भने एमालेलाई केन्द्रीय नेतृत्वका केही कामको बेनिफिट भैरहेको छ। जस्तै- वृद्धभत्ता, राजपाका अनावश्यक माग स्वीकार नगरेको र प्रदेश नम्बर ५ टुक्र्याउन नदिने काममा नेतृत्व गरेको फाइदा स्थानीय तहमा स्पष्ट पर्‍यो। यसरी अहिले एमाले कृष्णसहितको अर्जुनजस्तै हो भने कांग्रेस एकल नेतृत्व दुनियाँ जित्न सक्ने कर्ण हो। एमालेरुपी अर्जुनलाई विभिन्न पक्षले साथ दिए भने कर्णरुपी कांग्रेसले आफूले गरेका कामको समेत व्याख्या गर्न नसकेर स्थानीय कार्यकर्तारुपी कर्णहरूलाई चुनावी रणभूमिमा पठायो र पनि दमदार दोस्रो भयो।

कार्यकर्ता दुवै पार्टीका जुझारु थिए, दुवै पार्टीलाई कार्यकर्ताले नै जिताएका हुन्। फरक कहाँनिर पर्‍यो भने, एमाले नेतृत्वले बकम्फुसे कुरा गर्दा पनि कार्यकर्ताले त्यसलाई राम्रै सुने। जबकि ती कुराको वास्तविकतासँग कुनै नजदिकी थिएन र कुनै आधार पनि थिएन। तर कांग्रेस नेतृत्वले कुनै कुराप्रति वस्तुनिष्ठ प्रतिउत्तर दिन सकेन। राजनीति विज्ञानकै नियमअनुसार गरिनुपर्दछ, राजनीतिले हरेक कार्यक्रमगत र विचारगत आक्रमणलाई त्यस्तै तर ज्यादै व्यावहारिक अर्को कार्यक्रम तथा विचारले प्रत्याक्रमण गरिनुपर्दछ। कांग्रसले त्यो गर्न सकेन। जस्तै- अनावश्यकरुपमा राजपा नेतालाई भाउ दिइयो तर ती नेताको मधेसमा जमिनी पकड कति छ भन्ने कांग्रेसले आंकलन गर्न सकेन। वृद्धभत्तालाई नछोईकन अर्को कुनै कार्यक्रम शुरुवात गर्नुपर्ने थियो। त्यो बारेमा सोच्न सकेन। राजनीतिमा हरेक क्रियामाथि राजनीतिकरुपमै प्रतिक्रिया दिन सक्नुपर्दछ। भारतको दार्जीलिङमा स्वतन्त्र राज्यको माग उठिरहेको बेला ममता बेनर्जी तृणमूल कांग्रेस र केन्द्रीय सरकार बीजेपी स्पष्टरुपमा अन्तरविरोधी धारणबाट आफ्नो राजनीति गरिरहेका छन्। ममताले राज्य अलग हुन दिन्न भन्ने अडान लिइरहेको बेला बीजेपी अल्पधार्मिकहरूमाथि दमन सह्य हुँदैन भनी अर्को कार्ड फालिरहेको अवस्था छ। भोटको लागि हरेक चीजलाई स्पष्ट दुई धारबाट व्याख्या गर्नुपर्दछ, अर्काको मुद्दा बोकेर आफू सफल हुने प्रयास 'गोडामुते न्यानो' मात्र हो। तसर्थ हरेक मुद्दामा स्पष्ट आफ्नो धारणा विपक्षीको भन्दा आक्रामक पाराले पेस गर्नै पर्दछ। यो कुरामा एमाले चतुर छ। त्यहाँ नेताभन्दा कार्यकर्ता आर्थिकरुपमा सक्षम र चलाख देखिए बोल्नमा पनि र खर्च गर्नमा पनि।

भोट त्यसै आउँदैन, भोट ल्याउनको लागि जनतामा जान र उनीहरूलाई प्रभाव पार्न सक्नुपर्दछ। दुईवटा केटाले एउटी गर्लफ्रेन्ड फकाउने अवस्था आएमा पहिलो केटाले उनको मन जित्न जे-जे भनेको छ, आश्वासन दिएको छ। दोस्रोले पनि त्यही कुरा भनेर पक्कै हुँदैन। यदि पहिलो वालाले तिमीलाई पोखरा र लुम्बिनी घुमाउनेछु भनेको छ भने अर्कोले हे अहिले घुम्ने उमेर हो र ? पहिले तिमीले बी.सी.ए.मा राम्रो नम्बर ल्याऊ, जागिर खाऊ, अनि हामी पूरै देश घुमौंला भन्नेजस्तो फरक कुरा भन्न सक्नुपर्दछ। पढ्न नचाहने गर्लफ्रेन्ड भए पहिलोलाई स्वीकार्लान्, पढ्न चाहने र अलि प्रतिस्पर्धीले दोस्रोलाई। तर अर्कोले जे भन्छ त्यही कुरा गरेर न त गर्लफ्रेन्ड फकाउन सकिन्छ, न मतदाता ? तसर्थ एमाले र कांग्रसले हावादारी प्रलोभनलाई कटौती गर्दै व्यावहारिक प्रलोभन दिन सक्नुपर्दछ।

यसमा कुन सफल थिए, कुन असफल थिए ? त्यो आफ्नो ठाउँमा होला तर हारेको कांग्रेसले आफ्नो सोच एनालाइसिस गर्न जरुरी छ। जसअन्तर्गत आफ्नो शक्ति, कमजोरी, अवसर र चुनौतीको व्यापक खोजी गरेर भोलिका दिनमा आउने अन्य चुनावलाई केही सशक्त बोल्ने बाटो बनाउन जरुरी छ। एमालेले जनतालाई कसरी विश्वस्त पार्न सक्यो र कांग्रेसले किन सकेन ? अन्तर्विरोध यहाँबाट शुरु हुन्छ। एमालेको प्रचारप्रसार शैली राम्रो थियो। वास्तविक र वस्तुनिष्ठतालाई आधार मानेर भन्दा जहाँ जे बोल्दा मत आउँछ त्यहाँ त्यही बोल्यो एमालेले। सासूको मत तान्न बुहारीलाई दोष र बुहारीको मत तान्न सासूलाई दोष दिने दोहोरो शैली एमालेको मूल सफलताको आधार हो। कांग्रेसले तरिका त यही अपनायो तर सासू-बुहारी दुवैलाई सँगै राखेर। यो विषयको बारेमा खोजी कांग्रेसजनले गर्न जरुरी छ। गाउँस्तरमा पार्टीको संगठन बनाउँदादेखि लिएर केन्द्रीय समितिसम्म प्रत्येक विन्दुमा पार्टीले जनताबीच जाने आधार तय गर्न सकेन।

चुनावमा पैसा खर्च हुन्छ, दुवै पार्टीले केही रकम खर्च गरे पनि, दुवैले बाँडे पनि होलान्। तर एमालेले कांग्रेसले पैसा बाँडेर चुनाव जित्दै छ भन्ने हल्ला पहिला पिटाउँछ र कांग्रेसले पनि त्यही कुरा एमालेलाई भन्छ। जे होस्, चुनाव यस्तै-यस्तै हुन्छ तर तटस्थ मतदाताको मन लोभ्याउनको लागि राष्ट्रिय माहोल बनाउन नसक्नु नै कांग्रेसको विडम्बना हो। विजेताहरू चाहे जोसुकै पार्टीका हुन्, जनतालाई चाहिएको विकास हो। जनताले भोटको रुपमा आफ्नो अधिकार प्रतिनिधिलाई सुम्पेर द्वापरयुगका गोपिनीझैं नदीमा नाङ्गै बसेका छन् भने प्रतिनिधिहरूचाहिँ कपडा बोकेर रुखमा चढेका छन्। जुन पार्टीका प्रतिनिधिले यो नाङ्गोपनको छिटो व्यवस्थापन गर्न सक्छ, त्यो नै सफल हुनेछ र अहिलेको अन्तर्विरोध पनि साफ हुनेछ।

> जहाँ जे बोल्दा मत आउँछ त्यहाँ त्यही बोल्यो एमालेले। सासूको मत तान्न बुहारीलाई दोष र बुहारीको मत तान्न सासूलाई दोष दिने दोहोरो शैली एमालेको मूल सफलताको आधार हो। कांग्रेसले तरिका त यही अपनायो तर सासू-बुहारी दुवैलाई सँगै राखेर। यो विषयको बारेमा खोजी कांग्रेसजनले गर्न जरुरी छ।

## पाठक पत्र

### राँके-रवि सडक शीघ्र खुलाऊ

बर्सातका कारण तीन सातादेखि अवरुद्ध राँके-रवि सडक अझै पनि खुल्न सकेको छैन। इलामको फाकफोकथुम गाउँपालिका र पाँचथरको फाल्गुनन्द गाउँपालिकाको घुर्बिसे पञ्चमीनजिकै मगर भित्तामा पहिरो खसेर बाटो अवरुद्ध भएको छ। सडकको मर्मत, सम्भार र स्तरोन्नति गरेर सडक पुन: सञ्चालनमा ल्याउन जरुरी छ। सडक डिभिजन कार्यालय इलामबाट सडक खुलाउन कुनै पहल भएको पाइएको छैन।

झापाको बिर्तामोड, इलाम र फिदिमबाट पाँचथर, इलामको फाकफोथुम, सप्तमी, रवि र यासोकतर्फ जाने सवारीसाधन नचल्दा जनजीवन कष्टकर बनेको छ अहिले यहाँ। यहाँको उक्त सडकमा दैनिक ५० भन्दा बढी ट्याक्सी, मोटरसाइकल, एम्बुलेन्स र ट्याक्टर सञ्चालन हुने गरेका छन्। सोही सडकबाट इलाम र पाँचथरका ग्रामीण बस्तीमा दैनिक उपभोग्य सामान, बिरामी र निर्माण सामग्री ओसारपसार गरिँदै आएकोमा सबै रोकिँदा समस्या सिर्जना भएको छ। वर्षाले सडक चिप्लो भई गाडी चलाउन कठिनाइ भएपछि यात्रुले कष्टकर यात्रा गर्दै आएका छन्। करिब १०३ किलोमिटर दूरी रहेको सडक राँकेदेखि धनकुटा भेडेटारसम्म महाभारत डाँडा हुँदै पहाडी क्षेत्रमा पर्दछ। यहाँबाट रवि-चिसोपानी पञ्चमी हुँदै झापाको दमकसमेत जोडिएको छ। अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको कालोपत्र योजनाका लागि टेन्डरको प्रक्रिया अगाडि बढेको र निकट भविष्यमै सुविधायुक्त राजमार्ग बन्न लागेको बताइए पनि अहिले यो सडक सामान्य गाडीसमेत चल्न नसक्ने गरी रोकिएको छ। सम्बन्धित निकायको ध्यान जाओस्।

*- सुनमाया तामाङ, इलाम*

### अनधिकृत औषधि पसल बन्द गर

रुकुमका गाउँ-गाउँमा अनधिकृतरुपमा औषधि पसलहरू सञ्चालन भइरहेका छन्। त्यस्ता औषधि पसलबाट मिति सकिएका औषधिहरू पनि बिक्री वितरण हुँदै आएका छन्। कुनै औषधि पसलेहरूले त एउटा रोगको लागि भनेर अर्कै औषधि दिने गरेको पनि देखिन्छ यहाँ। बिरामी भएपछि औषधि गर्न मेडिकल जान्छौं, केही थाहा हुँदैन, कतिपय ठाउँमा समय सिद्धिएका तथा एउटा रोगको भनी अर्कैको औषधि दिन्छन्, हामीले विश्वासले खानु नै पर्छ। हामी म्यादको मिति हेर्न तथा औषधि चिन्न सक्दैनौं। अझ झन् सोझासाधा जनताले कसरी चिन्न्ने ?

औसतमा जिल्लाका अन्य क्षेत्रभन्दा विकसित मानिएको चौरजहारी नगरपालिकामा समेत अधिकांश मेडिकल पसल अवैधरुपमा सञ्चालन भए पनि सम्बन्धित निकायहरू मौन रहेको देखिन्छ। नगरपालिकाका विभिन्न ठाउँमा सञ्चालन गरिएका ८० प्रतिशत बढी मेडिकल अवैधरुपमा सञ्चालन भइरहेको जस्तो मलाई लागेको छ। धेरै औषधि पसल तथा मेडिकलहरू त दर्ताविनै सञ्चालन भएका छन्। नगरपालिकाभित्र चौरजहारी बजार, मेलैनाउली, नार्जी, चन्द्रबजार, चौफा, नुवाकोट गरी २० भन्दा बढी मेडिकल सञ्चालनमा रहेका छन्। ती औषधि पसलको हालसम्म कतैबाट पनि अनुगमन भएको छैन। जिल्लाभित्रका धेरैजसो औषधि पसलहरू सीएमए पढेकाहरूले सञ्चालन गर्दै आएका छन्। उनीहरूमध्य कतिपयले आफैं बिरामीको जाँच गर्दै औषधि बेच्ने गर्छन्। त्यति मात्रै हैन, अनुमानका भरमा औषधि दिने गरिन्छ। स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा लापर्वाही आखिर कहिलेसम्म ?

*- सरोज सुनार, रुकुम*

### स्थनीय तहमा कर्मचारी व्यवस्थापन खोई ?

स्थानीय तहले पूर्णता पाएसँगै संविधानले व्यवस्था गरेको संघीय राज्यको अवधारणाअनुसार जनताले राज्यको केन्द्रीय स्तरको सम्पूर्ण सुविधा स्थानीय तहमा प्राप्त गर्न तयारी अवस्थामा रहेको समय छ। मुलुक एक प्रकारले पूर्णतया संघीय व्यवस्थामा जाँदै गरेको भान हुन्छ भने अर्कोतर्फ संघीय राज्य व्यवस्थामा जानै नसक्ला भन्ने पनि शंका उपशंका पैदा गरेको छ। मुख्य समस्या कर्मचारी व्यवस्थापनमा आएको छ। यसमा कोही गम्भीर छैनन्। सरकारले यो विषयलाई पर फाल्दा समस्या भएको छ।

कर्मचारीको कारणले संघीयता कार्यान्वयन हुन दिइएन भन्ने कुरा पनि बाहिर आइरहन्छ। केही हदसम्म यो पक्कै पनि हो। किनकि संघीय राज्य व्यवस्था र कर्मचारीलगायतका सम्पूर्ण संघीय संरचनाका लागि भनेर हाम्रो मुलुकका जनप्रतिनिधि एवं वरिष्ठ कर्मचारीहरूले कुन देशको भ्रमण गर्नुभएन होला, जहाँ संघीय संरचनाको अभ्यास छ। तर, अहिलेसम्म कर्मचारी व्यवस्थापन गर्न नसक्नु नै संघीयताका लागि अभिशाप हो। राम्रो कुराको सिको गर्न नसक्नु वा नचाहनु संक्रमणकाल लम्ब्याउने डरलाग्दो खेल हो। कर्मचारीहरूका लागि यो संक्रमणकालीन अवस्था भएको छ।

हालीमुहालीमा पदासीन कर्मचारी जननिर्वाचित प्रतिनिधिको मातहतमा काम गर्न त्यति लालायित छैनन्। किनकि हिजोको अवस्थामा राजनीतिक दलका नेताहरूलाई सल्लाह-सुझाव दिने कर्मचारीले अहिले उनीहरूको निर्देशनमा काम गर्न सकस भएको छ। देशछाडा कर्मचारीको कारणले बिग्रिएको अर्को आरोप पनि छ, यसलाई व्यवस्थित गराउनुपर्दछ। साथै राजनीतिक आस्थाका कारणले कर्मचारी र जनप्रतिनिधिको तालमेल नमिल्नु लगायतका तमाम कारण देखिएका छन् कर्मचारी व्यवस्थापनमा। यी कारणका बाबजुद पनि कर्मचारीहरू स्थानीय तहलगायत संघीय संरचनमा जान लालायित नै छन्। तर, कारण उचित व्यवस्थान हुन नसक्नु नै कर्मचारी व्यवस्थापनको मुख्य कारक बनेको छ।

संविधानमा व्यवस्था भएअनुसार कर्मचारी व्यवस्थापन गर्न उचित ऐन-कानुन बनेको अवस्था छैन। बनेको भए खै त आजसम्म कर्मचारी व्यवस्थापन भएको ? कर्मचारी जान त जाने, गएर कहाँ बस्ने ? के गर्ने ? कसरी गर्ने ? स्पष्ट खाका छैन। सरकारले आखिर कहिलेसम्म यस्तो अवस्थामा राख्ने ?

*-सुविर राना, गल्कोट, बाग्लुङ*

### आईसीटी परिषद् कहिलेसम्म निष्क्रिय ?

सरकारलाई सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीतिगत मार्गदर्शन गर्न गठन भएको सूचना तथा सञ्चार प्रविधि परिषद् निष्क्रिय भएको छ। प्रधानमन्त्री अध्यक्ष रहने परिषद् स्थापना भएको १ वर्ष बितिसक्दा पनि कुनै ठोस काम गर्न सकेको छैन। प्रधानमन्त्रीले बैठकका लागि समय नदिँदा परिषद्ले कुनै काम गर्न नसकेको जस्तो लागेको छ। २०७३ वैशाख ३० मा मन्त्रिपरिषद्ले प्रधानमन्त्रीको अध्यक्षतामा २३ सदस्यीय परिषद्को गठन गरेको थियो। परिषद् गठनपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा ४ साउन २०७३ मा एउटा बैठक बसेको थियो। त्यसयता मुलुकले दुई नयाँ प्रधानमन्त्री पाइसक्दा पनि परिषद्को एउटै बैठक बस्न सकेको छैन।

बैठक बस्न नसकेपछि आईसीटीसम्बन्धी नीति निर्माण तथा विभिन्न निकायबीच गर्नुपर्ने आईसीटी क्षेत्रमा समन्वयको अभाव देखिएको छ। बैठक नै नबसेपछि परिषद् स्वत: निष्क्रिय भएको छ। यसबाट आईसीटी सरकारको प्राथमिकतामा नरहेको देखिन्छ। यसलाई सरकारले चासो दिएको छैन। अहिले सूचना प्रविधिको युग हो। सरकारले यो सोचेर केही कदम चाल्नुपर्छ।

*- दीपेन्द्र बोगटी, रुपन्देही*

## सामाजिक सञ्जाल



यसअघि डा. केसीको सत्याग्रहविरूद्ध अनशन बस्ने ती महामानव कता गएछन् कुन्नि ? माफियाले मनग्य दिएन कि क्या हो ?

**Sudhamshu K.C.**
**@Drsudhamshu**



सुकेको परालबाट डोरी बाटेर मजबुत बनाउन सकिँदैन, त्यसलाई भिजाउन जरूरी छ। सम्बन्धको बाली लाउनु छ भने त्यसमा पानी सिंचित गर्नुपर्छ, नकि पेट्रोल।

**khem dahal**
**@khemdahal4**



कुनै पनि पेसा नराम्रो हुँदैन, सबै पेसा सम्मानित हुन्छन्। आफूले गर्ने पेसा जे-जस्तो भए पनि त्यसलाई सहर्ष स्वीकार गरी सन्तुष्टि लिन सक्नुपर्दछ।

**बुद्धि पाण्डे**
**@buddhipandey4**

बौद्ध धर्मावलम्बीले पुनर्निर्माण गर्दा गुम्बा विकास समितिमार्फत् नै गर्नुपर्ने, पुनर्निर्माण गर्दा मूर्ति आर्टलाई समावेश गर्नुपर्ने, नक्सांकन भइसकेका गुम्बाहरूलाई मान्यता दिनुपर्नेलगायतका माग राखेका छन्।



## दुई मिनेट

### लागूऔषधसहित पक्राउ

काठमाडौं, (नेस)

सप्तरी विष्णुपुर गाउँपालिका-२ घर भएका आनन्द यादवलाई प्रहरीले लागूऔषध म्याट्रो डेपाम ३ सय ट्याबलेटसहित पक्राउ गरेको छ।

राजविराजबाट काठमाडौंतर्फ आउँदै गरेको ना१ख ६१० नम्बरको यात्रुवाहक बसलाई मंगलबार नागढुंगामा जाँच गर्ने क्रममा यादवले कालो प्लास्टिकको झोलामा लुकाइछिपाई ल्याएको अवस्थामा उक्त लागूऔषध बरामद भएको थियो।

### बौद्ध धर्मावलम्वीको विरोध

ललितपुर, (नेस)

भूकम्पले क्षतिग्रस्त गुम्बा र विहारहरूको छिटो पुनर्निर्माण गर्न माग गर्दै बौद्ध धर्मावलम्बीहरूले राजधानीमा विरोध प्रदर्शन गरेका छन्। गुम्बा विहार पुनर्निर्माण संघर्ष समितिको अगुवाईमा ललितपुरको जावलाखेलमा विरोध प्रदर्शन गरिएको हो।

राष्ट्रिय झण्डा बोकेर सडकमा उत्रिएका प्रदर्शनकारीले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक असफल भइसकेको भन्दै राजीनामा दिनुपर्ने मागसमेत गरेका छन्।

उनीहरूले पुनर्निर्माण गुम्बा विकास समितिमार्फत् नै गर्नुपर्ने, पुनर्निर्माण गर्दा मूर्ति आर्टलाई समावेश गर्नुपर्ने, नक्सांकन भइसकेका गुम्बाहरूलाई मान्यता दिनुपर्नेलगायतका माग राखेका छन्।

# 'डेटिङ' जाने उमेरका तीन तन्नेरी थ्री ब्रदर्स क्याफेभित्र

नेपाल समाचारपत्र

काठमाडौं

हेर्दा खाइलाग्दो उमेर, २०/२२ वर्षका तन्नेरी। उमेरले मोजमस्ती र रमाइलो गर्ने भन्छ। आम बुझाइको रमाइलो फिल्म हेर्ने, घुम्न जाने, कहिलेकाहीं गर्लफ्रेन्डसँग डेटिङ जाने। तर, यी गज्जबका तीन जना तन्नेरीको रमाइलो विजनेस गरेर पैसा कमाउने अनि आफ्नै व्यवसायमा रम्ने रहेको छ।

यी तन्नेरी पनि कम्ती रमाइलो गर्दैनन्, आफ्नो क्याफेमा आउने उनीहरूका ग्राहक सबै उनका पाहुना हुन्। उनीहरू सँगै रमाइलो गरेर दिन बिताउँछन् यिनीहरू। 'हाम्रो क्याफे नै डेटिङ स्पोर्ट जस्तै भएको छ। यहाँ आउने प्रेमी जोडीलाई देख्दा र उनीहरूसँग कुरा गर्दा साह्रै रमाइलो लाग्छ', सागर सत्यालले नेपाल समाचारपत्रलाई भने- 'हामीलाई पनि डेटिङ जाउँ-जाउँ पो हुन्छ त यहाँ जोडी देख्दा।' सागरसँगै उनका साथीहरू सञ्जीव र रविन श्रेष्ठ पनि सँगै थ्री ब्रदर्स क्याफेमा थरी-थरीका खाजाका परिकार बनाउन पोख्त छन्।

व्यवसाय गर्न ठूलै लगानी गर्नुपर्छ, ऋण काडेर बल्ल बिजनेस गर्न सकिन्छ भन्नेलाई ठाडै चुनौती दिएका फरक-फरक बाबुआमाका यी तीन सन्तानले थोरै लगानी गरेरै धेरै पैसा कमाउने अभियानमा सानै उमेरदेखि लागेका छन्। तिनै जनाले बीबीएस पढ्दै छन्। पढाइ सँग-सँगै व्यापारलाई पनि उनीहरू सँग-सँगै लिएर गएका छन्। मकवानपुरको मन्थलीबाट काठमाडौं आएका सागर सत्याल, भक्तपुर बोटेका सञ्जीव श्रेष्ठ र काभ्रेको धुलिखेल डराउने पोखरीका रविन श्रेष्ठको कलेजमा भेट भयो। त्यहींबाट शुरु भयो तीन जनाको गज्जबको दोस्ती जसले तीन भाइलाई नै एकैचोटी 'बिजनेस म्यान' बनायो। मध्यम आयस्तर भएका यी तीन भाइ अहिले गज्जबले पैसा गनेर बस्न सफल भएका छन्। घर खर्च, पढाइ खर्च सबै धानेर महिनाको १५ हजार भाडा तिर्ने सागर, ५ हजार तिर्ने रविन र आफ्नो भक्तपुर घर भएका सञ्जीवले अहिले वचत गर्न शुरु गरेका छन्।




**'हामीलाई पनि डेटिङ जाउँ-जाउँ पो हुन्छ त यहाँ आएका प्रेमीजोडी देख्दा'**

'हामीले शुरु गरेको धेरै त भएको छैन तर कमाइ ठीकै हुँदोरहेछ', सञ्जीव श्रेष्ठले समाचारपत्रलाई भने- 'हामी सन्तुष्ट छौं।' सबै घरखर्च पढाइ खर्च बचाएर उनीहरू दैनिक ८ सय रुपियाँ सहकारीमा वचतसमेत गर्न शुरु गरेका छन्। थ्री ब्रदर्स एन्ड क्याफे सञ्चालन गरेको ६ महिना नपुग्दै उनीहरूको वचत हुन शुरु गरेको छ। 'हामीले अन्य व्यवसाय गरेर लगानी लगाई व्यवसायमा हात हाल्न सकेनौं', रविन श्रेष्ठ भन्छन्- 'थोरै लगानीमा क्याफे खोल्यौं यसैले हामीलाई सबै दिएको छ।' गाउँमा जन्मेर काठमाडौं पढ्न आएको यी युवाहरू साँच्चै नमुना बनेका छन्।

आफ्नो मेहनत र परिसा बगाएमा यही देशमा केही गर्न सकिन्छ भन्ने गतिलो उदाहरण बनेका छन्, यी तीन भाइ। यसरी आत्म निर्भर भएर बाँच्न चाहने युवालाई सरकारले होस्टेमा हैंसे गरेर प्रोत्साहन दिनुपर्ने पत्रकार माधवप्रसाद तिवारी बताउनुहुन्छ।

## राजपाको माग निर्वाचन नभई संविधान संशोधन : *ठाकुर*

भक्तपुर, (नेस)

राष्ट्रिय जनता पार्टीका अध्यक्ष महन्थ ठाकुरले यथास्थितिमा तेस्रो चरणको स्थानीय तह निर्वाचनमा आफूहरू सहभागी नहुने बताउनुभएको छ।

रफत सञ्चार क्लबले मंगलबार भक्तपुरमा आयोजना गरेको साक्षातकार कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले संविधान संशोधन आफूहरूको प्रमुख एजेन्डा भएकाले त्यसको पूर्णताबिना यथास्थितिमा आफूहरू निर्वाचनमा सहभागी नहुने बताउनुभयो।

उहाँले हाल संविधान संशोधनका लागि सत्तापक्षले दुई तिहाइ मत पुर्‍याउन लागे पनि एमाले विगतदेखि नै आफूहरूको मागको विपक्षमा रहेकाले संविधान संशोधनले पूर्णता पाउन नसकेको बताउनुभयो।

आफूहरूका मागका बारे सरकारले स्पष्ट धारणा बनाउन नसकेको आरोप लगाउँदै अध्यक्ष ठाकुरले भन्नुभयो- 'सरकारले आफूले गरेको वाचाहरू पूरा नगर्दा समस्या झनै सुल्झिनुभन्दा बल्झँदै गएको छ।'

उहाँले सरकारले दुई चरणको स्थानीय तह निर्वाचनमा राजपाले भाग नलिए पनि आफ्ना कार्यकर्तामाथि दमन गरी पहिलो र दोस्रो चरणको निर्वाचन गरेकाले अब तेस्रो चरणको निर्वाचन पनि दमनशैली अपनाइएर गर्ने तयारी गरेको बताउनुभयो।

उहाँले तराईमा आफ्नो निहत्था कार्यकर्तामाथि सरकार पक्षबाट धरपकड भइरहेको भन्दै यस्ता गतिविधि तत्काल बन्द गर्नुपर्ने बताउनुभयो। उहाँले तराई आन्दोलनका क्रममा भएका घाइतेको उपचार तथा सुरक्षाकर्मीले नियन्त्रणमा लिएकाहरूलाई तत्काल रिहा गर्नुपर्नेतर्फ सरकारले ध्यान नदिएको आरोप लगाउनुभयो।

जनसंख्याका आधारमा मधेसको प्रतिनिधिसभा र राष्ट्रिय सभामा उपस्थिति रहनुपर्ने भन्दै यतातर्फसमेत सरकारको ध्यान जान नसकेको भन्दै यसअघि गरिएका सम्झौता र प्रतिबद्धता सरकारले पूरा गर्न नसकेको उहाँले बताउनुभयो।

## रायमाझी राजदूत नियुक्त

काठमाडौं, (नेस)

युरोपेली मुलुक स्पेनमा नेपालले पहिलोपटक राजदूत नियुक्त गरेको छ। सो मुलुकमा दूतावास खोल्न हतार गर्न नहुने चर्चा भइरहेका बेला राजनीतिक भागवण्डाका आधारमा नेपाली सेनाका पूर्वउपरथी भरतबहादुर रायमाझी राजदूत नियुक्त हुनुभएको हो।

राष्ट्रपति विद्यादेवी भण्डारीले मंगलबार रायमाझीलाई नयाँ राजदूत नियुक्त गर्नुभएको हो। सरकारले गत फागुन दोस्रो साता राजनीतिक भागवण्डाका आधारमा विभिन्न १४ मुलुकका लागि राजदूत सिफारिस गर्दा रायमाझी राप्रपाको तर्फबाट राजदूत सिफारिस हुनुभएको थियो। स्पेनमा दूतावास खोल्ने स्वीकृति नलिई सरकारले राजदूत नियुक्ति प्रक्रिया अघि बढाएपछि रायमाझीको नियुक्ति प्रक्रिया लम्बिएको थियो।

यसैबीच सो मुलुकका लागि राजदूत नियुक्त गर्न सरकारले हतार गरेको कूटनीतिक मामिलाका जानकारहरूको तर्क छ। 'दूतावास खोल्नु, राजदूत नियुक्त गर्नु मात्रै उपलब्धि होइन, त्यहाँ दूतावास खोल्ने गरी नेपालीहरूको चाप बढिसकेको छैन, अनावश्यकरूपमा मुलुकलाई आर्थिक व्ययभार थप्ने काम मात्रै भएको छ', एक जना पूर्वराजदूतले नेपाल समाचारपत्रसँग भने- 'नियुक्त भएका राजदूतको आलोचना गर्न चाहेको होइन, राजनीतिक भागवण्डाका आधारमा मुलुकलाई आर्थिक बोझ थप्नु उचित होइन।' एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री रहेका बेलामा समेत रायमाझी यूएईका लागि राजदूत सिफारिस हुनुभएको थियो।

## लेसपेपर रेडियो कम्युनिकेसन ल्याबको उद्घाटन

काठमाडौं, (नेस)

प्रहरी प्रधान कार्यालय सञ्चार निर्देशनालयमा रेडियो अपरेटर ग्रेड टु तालिम सञ्चालन गर्न तयार गरिएको लेसपेपर रेडियो कम्युनिकेसन ल्याबको प्रहरी महानिरीक्षक प्रकाश अर्यालले मंगलबार आयोजित एक समारोहबीच उद्घाटन गर्नुभयो।

उक्त अवसरमा प्रहरी महानिरीक्षक अर्यालले प्रविधिको विकाससँगै प्रहरीले जनतासामु पुर्‍याउने सेवालाई प्राथमिकतामा राखेर काम गर्न प्रहरी कर्मचारीहरूलाई निर्देशन दिनुभयो। प्रविधि भएर मात्र नहुने उल्लेख गर्दै त्यसको समुचित प्रयोगका लागि उपलब्ध जनशक्तिलाई नयाँ प्रविधिसँग परिचित दक्ष जनशक्ति तयार गर्नुपर्नेमा समेत उहाँले जोड दिनुभयो।

समयानुसार परिवर्तन भइरहने प्रविधिलाई आफ्नो आवश्यकता अनुकूल प्रयोग गर्दै भविष्यमा उपयोगी हुने प्रविधिको विकास गर्नुपर्ने तथा प्रहरीले प्रदान गर्ने सेवामा थप मद्दत पुर्‍याउने प्रविधिको विश्लेषण हुनु जरुरी रहेको बताउँदै प्रहरी महानिरीक्षक अर्यालले संगठनमा उपलब्ध प्रविधिको स्तरोन्नतिसमेत गर्नुपर्ने उल्लेख गर्नुभयो।

प्रहरी संगठनमा रेडियो कम्युनिकेसनको महत्त्वबारे चर्चा गर्दै प्रहरी महानिरीक्षक अर्यालले सीमित स्रोत र साधनसँग लड्दै प्रयोग गर्न थालिएको नयाँ प्रविधि मार्फत् सूचना आदान-प्रदान गर्ने कार्यमा रेडियो अपरेटरहरूको रचनात्मक प्रयास र क्रियाशीलता सदैव रहिरहने विश्वास व्यक्त गर्नुभयो।

समारोहमा प्रहरी प्रधान कार्यालय कार्य विभागका निमित्त प्रमुख प्रहरी नायव महानिरीक्षक पशुपति उपाध्यायले धन्यवाद ज्ञापन गर्दै विगतमा भएका कमी-कमजोरीलाई नयाँ प्रविधिको प्रयोगले विस्तारै हटाउँदै लैजाने विश्वास व्यक्त गर्नुभयो।



नेपाल भ्रमणमा रहनुभएका भारतीय आसम राइफलका डाइरेक्टर जनरल, शोकिन चौहान प्रधानसेनापति राजेन्द्र क्षेत्रीसँग सैनिक मुख्यालयमा भेट गर्दै। तस्वीर : नेस

## पाँच प्राध्यापक सम्मानित

नेपाल समाचारपत्र

काठमाडौं

त्रिचन्द्र बहुमुखी क्याम्पस नेपाली विभागले क्याम्पसको शतवार्षिकीको पूर्वसन्ध्यामा सेवा निवृत्त पाँच प्राध्यापकलाई सम्मान गरेको छ।

सम्मानित प्राध्यापकमा टेकप्रसाद घिमिरे, लक्ष्मीकान्त पन्थी, शशिधर खनाल, ढाकाप्रसाद घिमिरे र माधवप्रसाद घिमिरे हुनुहुन्छ। प्राध्यापकका साथ उहाँहरूका धर्मपत्नीलाई पनि सम्मान गरिएको हो।

क्याम्पस प्रमुख प्राडा प्रदीपबहादुर न्यौपाने, प्राध्यापक संघ त्रिचन्द्र क्याम्पस एकाइ सभापति बब्लुकान्त ठाकुर र विभागीय प्रमुख उषा अधिकारीलगायतले सम्मानित प्राध्यापकले नेपालको शैक्षिक उन्नयनमा पुर्‍याउनुभएको विशिष्ट योगदानको कदरस्वरूप सम्मान गरिएको बताउनुभयो। प्राध्यापनको अतिरिक्त नेपाली भाषा, साहित्य, खोज अनुसन्धान र सामाजिक क्षेत्रमा चार दशकभन्दा बढी समयदेखि उहाँहरूले योगदान पुर्‍याउनुभएको सो अवसरमा जानकारी दिइयो।

**प्राध्यापनको अतिरिक्त नेपाली भाषा, साहित्य, खोज अनुसन्धान र सामाजिक क्षेत्रमा चार दशकभन्दा बढी समयदेखि उहाँहरूले योगदान पुर्‍याउँदै आउनुभएको थियो।**

नेपाली विभागले २०६८ सालबाट सेवा निवृत्त प्राध्यापकलाई सम्मानको कार्यक्रम राख्दै आएको छ। नेपाली भाषा, साहित्य र नाटक क्षेत्रका मूर्धन्य वक्तित्व महाकवि लक्ष्मीप्रसाद देवकोटा, साहित्यकार बालकृष्ण सम र रामराज पन्तलगायतले त्रिचन्द्र कलेजेको नेपाली विभागमा अध्यापन गर्नुभएको थियो। मुलुकको शैक्षिक क्षेत्रमा आफ्नै विशिष्ट इतिहास बोकेको उक्त क्याम्पसको स्थापना १९७५ भदौ ५ गते भएको थियो। विज्ञान र मानविकी संकायमा स्नातकोत्तरसम्मको पढाइ हुने त्रिचन्द्र कलेजमा हाल ११ हजार २ सयभन्दा बढी विद्यार्थी अध्ययनरत रहेका छन्।

सिनेमा कर्नर

TODAY'S MOVIES
Munna Michael 8:20, 11:20 2:20, 5:20
Sayad 2 8:20, 11:20 2:20, 5:20
Ma Yesto Geet Gauxu 8:20, 11:20 2:20, 5:20
Jagga Jasoos 8:20, 11:20 2:20, 5:20
Docter Khate 8:20, 11:20 2:20, 5:20
मेरी कुसुम 8:20, 11:20 2:20, 5:20
कारखाना 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Jagga Jasoos
तारेभिर
धनपति
सायद-२
लाल्टिन
म यस्तो गित गाउछु
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६






माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** :कार्यसिद्धि हुने, सन्तान-सुख, धन-सम्पत्ति प्राप्ति, लाभ हुनेछ।
**वृष** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, तनाव।
**मिथुन** : द्रव्यलाभ हुने, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**कर्कट** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक लगानी।
**सिंह** : धनप्राप्ति, उपहार, पुरस्कार प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**कन्या** : अस्वस्थता, इष्टमित्रसँग विवाद, दुर्घटनाको सम्भावना छ।
**तुला** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**वृश्चिक** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, काममा सन्तुष्टि।
**धनु** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि हुनेछ।
**मकर** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ।
**कुम्भ** : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलताको योग।
**मीन** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति।

# नेपाल

५० हजारले जग राख्न नपुग्ने भन्दै धेरैले घर निर्माण शुरु नगरेका हुन्। भूकम्पपछि जिल्ला भित्रिएका विभिन्न गैरसरकारी संस्थाले दिएका राहतबापतको जस्तापाताको टहरा बनाएर प्रभावितले २७ महिना कटाएका छन्।

# किस्ता पाएकाले घर बनाएनन्
## घर बनाउनेले किस्ता पाएनन्

हिमनाथ देवकोटा, रसुवा

भूकम्प गएको २७ महिनामा रसुवाका करिब ३ हजार भूकम्प प्रभावितले मात्र घर निर्माण थालेका छन्। जिल्ला आयोजना कार्यान्वय इकाइ रसुवाका अनुसार जिल्लाका ३ हजार १ सय ६३ भूकम्प प्रभावितले मात्र घर निर्माण थालेका हुन्।

समयमा नै घर नबनाएपछि प्रभावितको यो चोटीको वर्षा पनि टहरामा नै बितिरहेको छ। रकम बुझेको प्रभावितमध्ये करिब ६ हजारले अझै पनि घर निर्माण थालेका छैनन्। कतिपयले पहिलो किस्ताबापतको ५० हजार चाडपर्व मानेर सकाएका छन् भने कतिपयले चाहिँ मैलुङखोला जलविद्युत् कम्पनीको शेयर भरेका छन्।

५० हजारले जग राख्न नपुग्ने भन्दै धेरैले घर निर्माण शुरू नगरेका हुन्। भूकम्पपछि जिल्ला भित्रिएका विभिन्न गैरसरकारी संस्थाले दिएका राहतबापतको जस्तापाताको टहरा बनाएर प्रभावितले २७ महिना कटाएका छन्। अब मंसिरबाट निजी आवास निर्माण थाल्ने घर निर्माण गर्न बाँकी रहेका प्रभावितको योजना छ।

पहिलो किस्ता पाएर घर नबनाउने त छँदै छन्। तर, दोस्रो किस्ताका लागि सिफारिस भएको महिनौं बित्दासमेत रकम नपाएपछि प्रभावित आक्रोशित भएका छन्। यो वर्षामा घर निर्माण सकाएर नयाँ घरमा बस्ने उनीहरूको योजना अधुरै भएको छ। पार्वतीकुण्ड गाउँपालिकास्थित-२ नेसिङका सातप्रसाद तामाङले दोस्रो किस्ता सिफारिस भएको ३ महिना बित्दासमेत रकम नपाएपछि घर निर्माण नै रोकिएको बताउनुभयो।

प्राविधिकको सल्लाहबमोजिम घर बनाए पनि अन्य १२ जनाले किस्ता पाइसक्दासमेत उहाँले भने किस्ता नपाउनुभएको हो। मान्छे हेरेर किस्ता वितरण गरेको उहाँले आरोप लगाउनुभयो। गोसाइँकुण्ड गाउँपालिका-६ ठाडेकी लाक्पा याल्मो तामाङले पनि प्राविधिकको सल्लाहअनुसार घर बनाए पनि दोस्रो किस्ता महिनौंदेखि रोकेको बताउनुभयो। तामाङले भन्नुभयो- 'पटक-पटक फोटो खिचेर लान्छन्। किस्ता पाउँछ पनि भनेका छन्। तर, कहिले पाउने टुङ्गो छैन।'

२७ महिनाअघि गएको विनाशकारी भूकम्पका कारण रसुवाका ९८ प्रतिशत निजी घर भत्किएका थिए। भूकम्पले घर भत्किएपछि सरकारले गाउँ-गाउँमा तथ्याङ्क संकलन गर्न प्राविधिक खटाएको थियो। पहिलो चरणमा तथ्याङ्क संकलन गर्दा रसुवाका १३ सय ५६ भूकम्प प्रभावित लाभग्राहीको सूचीमा परेका थिएनन्। दोस्रोचोटी गरिएको अध्ययनबाट छुटेका लाभग्राहीको नाम समावेश भए पनि अझै पनि वास्तविक भूकम्प प्रभावित छुटेका छन्। जिल्लास्तरीय आयोजना कार्यान्वन इकाइका अनुसार जिल्लामा ११ हजार ६ सय २९ लाभग्राही रहेका छन्। ती लाभग्राहीमध्ये १० हजार ५३ लाभग्राहीसँग अनुदान सम्झौता भएको छ।

जिल्ला समन्वय समिति रसुवाका अनुसार अनुदान सम्झौता भएका लाभग्राहीमध्ये ९ हजार ७ सय ८१ लाभग्राहीलाई ४८ करोड ९० लाख ५० हजार रकम निकासा भएको छ। दोस्रो किस्ता बापत १ हजार ४ सय ३८ जनालाई २१ करोड ५७ लाख र तेस्रो किस्ताबापत ३ सय ६२ जनालाई ३ करोड ६२ लाख रकम निकासा भइसकेको छ। हालसम्म ७४ करोड ९ लाख ५० हजार रकम लाभग्राहीको खातामा पठाइएको छ।

सरकारले तीन चरणमा किस्ता वितरण गर्ने भने पनि लाभग्राहीले चौथो चरणमा मात्र पूरै रकम पाउने भएका छन्। लाभग्राहीले पहिलो चरणमा ५० हजार, दोस्रो चरणमा डेड लाख, तेस्रो चरणमा ७५ हजार र चौथो चरणमा २५ हजार रकम पाउनेछन्।

# लिफ्ट सिँचाइबाट किसानको आयवृद्धि

प्रकाश पन्त, राउतगाउँ, जाजरकोट,

जाजरकोटको भेरी नगरपालिका,-१० राउत गाउँकी देवी रानाले वर्षैनि आर्थिक समस्या झेल्दै आउनुभएको थियो, तर अहिले अवस्था फेरिएको छ। राना परिवारले अहिले आफ्नै खेतबारीमा आफूलाई चाहिनेभन्दा बढी अन्नबाली उब्जाउँछन्। 'शौर्य ऊर्जाको प्रयोग गरेर बाह्रै महिना सिँचाइ हुने भएपछि धान, गहुँ, मकैबाहेक तरकारी खेतीबाट पनि राम्रो आम्दानी भइरहेको छ। सिँचाइ भएपछि जग्गा बाँझो राख्नुपरेको छैन', राना भन्नुहुन्छ- 'बेमौसमी तरकारीबाट राम्रै आम्दानी गरिरहेकी छु।'

'भेरीको पानी तानेर सिँचाइ गरेपछिहामी किसानलाई हिउँद-बर्खा दुवै सिजन एकै भएको छ', रानाले भन्नुभयो- 'गतवर्ष बन्दा, काउँली, टमाटर, भेंडेखुर्सानी बेचेर ४/५ हजार मात्र भएको थियो भने तर अहिलेसम्म ३० हजारको तरकारी बेचिसकें। सिँचाइ सुविधा हुँदा र नहुँदामा यति फरक पदोरहेछ।'

उच्च मूल्य कृषि वस्तु विकास आयोजना सुर्खेतको सहयोगमा भेरीको पानी तानेर सिँचाइ गरेपछि राउत गाउँमा धेरैको आर्थिक अवस्थामा फेरिएको छ। आयोजनाले बेमौसमी तरकारी मूल्य शृङ्खला कार्यक्रमअन्तर्गत शौय शक्ति प्रविधिद्वारा भेरीको पानी लिफ्ट गरी सिँचाइ गर्ने व्यवस्था मिलाएको हो। आयोजनाले यो प्रविधि जडान गरिदिएपछि राउत गाउँका ३७ परिवारले धान, गहुँ, मकै लगाउन कम गरेर बेमौसमी तरकारीखेती गरिरहेका छन्। 'पहिला आकाशेपानीको भरमा खेती गर्थ्यौं, पानी नपर्दा खेतबारी बाँझै हुन्थ्यो', किसान गोरखबहादुर रानाले भन्नुभयो- 'सिँचाइ सुविधा भएपछि अहिले तरकारी बेचेरै वर्षमा ३०/४० हजार रुपियाँ कमाउँछौं।'

राउत गाउँमा उत्पादन भएको तरकारीको मुख्य बजार फेरा, कुदु र छेडा बजार हुन्। सिँचाइ सुविधाबाट राउत गाउँका किसानको आम्दानी त बढेकै छ नै, यसले बाहिरबाट आयात हुने तरकारीलाई पनि रोकेको छ। उच्च मूल्य कृषि वस्तु विकास आयोजनाका उपप्रमुख चित्रबहादुर रोकायले सोलार लिफ्ट प्रणालीले नगदेबाली प्रबर्द्धन गरी किसानको आयस्तर वृद्धि गरेको बताउनुभयो। सिँचाइ सुविधा नहुँदासम्म राउत गाउँका किसानको वार्षिक आम्दानी ४/५ हजार मात्र थियो २ वर्ष कृषि विकास कार्यालय जाजरकोटको प्रमुख भएर काम गर्नुभएका उहाँले भन्नुभयो- 'भेरीको पानी लिफ्ट गरी सिँचाइ गर्दा अहिले किसानको वार्षिक ३०/३५ हजार पुगेको छ, भविष्यमा किसानको वार्षिक आम्दानी वृद्धि गरेर ६०/७० हजार पुर्‍याउने लक्ष्य आयोजनाको छ।' आयोजना लागू भएको ७ वटा जिल्लामध्ये जाजकोटमा पहिलोपटक पाइलट प्रोजेक्टको रूपमा यो सिँचाइ निर्माण गरिएको हो। 'नयाँ प्रणाली भएकाले किसान पनि हर्षित छन्' -वरिष्ठ कृषि विकास अधिकृत रोकायले भन्नुभयो।

बाह्रै महिना सिँचाइ सुविधा भएपछि कामको खोजीमा कालापहाड र विदेशिने युवाहरूलाई गाउँमै रोकेको राउतगाउँका अगुवा किसान जयलाल विकले बताउनुभयो। 'सिँचाइ सुविधा भएपछि अहिले सबै गाउँले तरकारीखेतीमा जुटेका छन्, पहिला सिँचाइ थिएन, सुख्खा ठाउँ थियो, अहिले सिँचाइले गर्दा गाउँ नै तरकारीले हराभरा भएको छ' -विकले भन्नुभयो।

आकाशेपानीमा निर्भर गाउँमा सोलार प्रविधिबाट भेरीको पानी तानेर सिञ्चाइको व्यवस्था गरेपछि हरियाली कृषक समूह र सूर्यकिरण कृषक समूहमा आबद्ध किसानले २ सय रोपनी खेतबारीमा व्यवसायिकरूपमा तरकारीखेती गरिरहेका छन्। गाउँको पुछारबाट बग्ने भेरी नदीको पानी तानेर गाउँभरि सिँचाइ सुविधा पुर्‍याइएको छ। ८० मिटर तलबाट भेरीको पानी तानेर गाउँको शिरानमा रहेको टंकीमा जम्मा गरी पाइपबाट गाउँभरि नै सिँचाइ गर्ने व्यवस्था मिलाइएको छ।

२९ लाख २६ हजार २ सय २४ रुपियाँको लागतमा निर्माण भएको लिफ्ट सिञ्चाइका लागि आयोजनाले २४ लाख ८७ हजार २ सय ९० सहयोग गरेको थियो। भने बाँकी ४ लाख ३८ हजार ९ सय ३३ रुपियाँ किसानले व्यहोरेका थिए।

# 'अब कांग्रेस ओरालो लाग्यो'

वीरगन्ज, (नेस)

नेकपा एमालेका वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेपाली कांग्रेस पार्टी अब ओरालो लागेको जिकिर गर्नुभएको छ।

वीरगन्जमा मंगलबार पत्रकार सम्मेलनमा नेता नेपालले पहिलोचरण, दोस्रो चरणबाट क्रमशः ओरालो लाग्दै गरेको कांग्रेसले तेस्रो चरणको निर्वाचनमा सय सिट ल्याउने कुरा गर्नु सपना मात्र भएको टिप्पणी गर्नुभयो। उहाँले न्यायालयको गरिमामा आँच आउने काम गर्ने, प्रधानन्यायाधीशविरुद्ध महाभियोग दर्ता गर्ने, भ्रष्टाचारीलाई प्रशय दिने, प्रहरी बलमा मनपरी गर्ने, देशको विकासको सारा संरचनालाई तहसनहस पार्ने काममा लागेको कांग्रेस इतिहासमा भ्रष्टाचारीहरूको पार्टीमा अंकित हुने दाबी गर्नुभयो।

उहाँले देश विकास, मधेस विकास, महिला, आदिवासी, मुस्लिम, दलित उत्थानमा एमाले सरकारको पालामा भएको काम अहिलेसम्म कसैले गर्न नसकेको पनि ठोकुवा गर्नुभयो। फास्टट्र्याक, अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग, पथलैया-वीरगन्ज ८ लेनको सडक, सबै आफ्नो र ओलीको प्रधानमन्त्रीको बेलामा शिलान्यासका साथै कामले द्रुत गति लिएको पनि बताउनुभयो। नेताले नेपालले राजपालाई तेस्रो चरणको निर्वाचनामा सहभागी भएर जनमत स्वीकार गर्न सल्लाह दिनुभयो। उहाँले राजपाले उठाएका एजेन्डाहरूको मापन पनि निर्वाचनबाट हुने बताउँदै जनताले एजेन्डालाई अस्वीकार गरेको खण्डमा राजपाले आफ्नो माग, एजेन्डालाई पनि परिवर्तन, सुधार गर्ने अवसर पाउने बताउनुभयो।

# मिलेमतोमा मोबाइल जुवा खाल सञ्चालन

काभ्रे, (नेस)

प्रहरी प्रशासनको मिलेमतोमा जिल्लाको विभिन्न ठाउँमा जुवातासको खाल सञ्चालन भइरहेको छ। मंगलबार काभ्रेको बतासेडाँडामा सञ्चालन गरिएको जुवा खालमा लाखौं रुपियाँको हारजित भएको स्थानीय बासिन्दाले बताएका छन्। गुण्डागर्दीमा संलग्न केही व्यक्तिहरूले प्रहरीसँग सेटिङ मिलाएर दिनैपिच्छे सार्वजनिक वन तथा डाँडामा मोबाइल जुवाखाल सञ्चालन गरिरहेको गुनासो यसअघि पनि आइरहेको थियो।

*नेपाल समाचारपत्र*लाई स्थानीयबासिन्दाले मंगलबार उपलब्ध गराएको भिडियो रेकर्डमा सार्वजनिक स्थलमा टेन्ड हाली जुवा खेलाइरहेको देखिन्छ। भर्खर आधा घण्टाअघि मात्र यो भिजल खिचेर ल्याएको भन्दै ती स्थानीय बासिन्दाले भने- 'यहाँ पटक-पटक जुवातास खेलाइए पनि स्थानीय प्रहरीले कुनै चासो दिएको छैन।' जुवा सञ्चालकहरूले प्रहरी प्रशासनलाई मोटो रकम उपलब्ध गराउने भएकाले यहाँ प्रहरीले थाहा पाए पनि नआउने गरेको उनको गुनासो थियो।

जुवा खाल सञ्चालन गर्ने मोबाइल टोलीले डाँडाको छेकिने भागमा टेन्ड राखिएको देखिन्छ भने लाखौ रुपियाँ लिएर कौडा खेलिरहेको पनि देखिन्छ। खेलस्थल नजिकै थुपै मोटरसाइकल रोकिरहेको देखिन्छ। बनेपा, धुलिखेल र पानौतीका केही घरमा प्रहरीसँग मिलेमतो गरी नियमित जुवा खाल सञ्चालन भइरहेको गुनासो आइरहेका बेला सार्वजनिकस्थलमा वन-जंगलभित्र पनि जुवा खाल सञ्चालन गरी लाखौं रुपियाँको कारोबार भइरहेको भने पछिल्लो समय नौलो घटना हो।

# गोरखामा सुविधा सम्पन्न नयाँ होटल खुल्यो

सन्तोष अधिकारी, गोरखा

सुविधा सम्पन्न होटल नभएकै कारणले गोरखाको पर्यटन व्यवसाय फस्टाउन नसकेको भनेर आलोचना खेपिरहने गोरखाले अब भने त्यस्तो आरोपबाट मुक्ति पाउने भएको छ। विभिन्न व्यापार व्यवसायमा लागेको ४ जना युवाले गोरखामा अहिलेसम्मकै सुविधा सम्पन्न होटल 'गोरखा प्यालेस' निर्माण गरेका हुन्। होटल सुरेन्द्र न्यौपाने, निधि तिमल्सिना, युवराज न्यौपाने, पुष्पराज न्यौपाने गरी ४ जना युवाले सञ्चालनमा ल्याएका हुन्। यसअघि नै ५ करोड लगानीमा निर्माण भएको सो भवन युवाको टोलीले थप ३ करोड लगानी गरी होटल सञ्चालन गरेका हुन्। उनीहरूले सो होटल भएको घर १० वर्ष भाडामा लिएका हुन्।

विशेष गरी मनास्लु पदमार्ग तथा मनास्लु हिमाल आरोहण गर्न आउने पर्यटकहरू र तल्लो मनास्लु घुम्न आउने स्वदेश तथा विदेशी पर्यक लक्षित रहेको होटलका सञ्चालकमध्येका एक निधिप्रसाद तिमल्सिनाले जानकारी दिए। आरुघाट गाउँपालिका-८ आरूपोखरीका ४ जना युवा मिलेर होटल सञ्चालनमा ल्याएका हुन्।

होटल सञ्चालकहरू एउटै गाउँका चार युवासमेत हुन्। उनीहरूमध्ये कोही काठमाडौंमा होटल चलाइरहेका, कोही ट्रेकिङ व्यवसायी र कोही अन्य व्यापारमा संलग्न छन्। 'हामी एउटै गाउँका हौं', म्यानेजिङ डाइरेक्टर सुरेन्द्र न्यौपानेले भने- 'गोरखालाई पर्यटकको गन्तव्यस्थल बनाउनु, स्वादिष्ट खाना तथा स्तरीय आवासिय सुविधा दिनु र केही हदसम्म रोजगारीको अवसर सिर्जना गर्नु उद्देश्य रहेको छ।'

यसअघि गोरखामा केही सुविधा सम्पन्न भएका होटलहरू होटल गोरखा बिसौनी, गोरखा गाउँ रिसोर्ट, होटल क्राउन, र मिराकलभन्दा गोरखा प्यालेस सुविधा सम्पन्न देखिन्छ।

२०७२ सालको गोरखा भूकम्पपछि राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्थामा कार्यरत स्वदेशी, विदेशी गोरखा बस्न शुरू गरेपछि एकपछि अर्को होटल खुल्ने क्रमः बढ्दो रहे पनि सेवा, सुविधाका दृष्टिले होटलको सेवाबाट ग्राहकले सन्तुष्टि नपाएको गुनासो गर्ने गरेका थिए। गोरखा नगरपालिकाको हरमटारीमा निर्माण भएको सो होटल आगामी शुक्रबार नागपञ्चमीको दिन शुभारम्भ गरिने तिमल्सिनाले बताए।

जिल्लाको पर्यटन क्षेत्रलाई बढावा दिई स्तरीय सेवा, स्तरीय खाना र आवासीय सुविधा प्रदान गर्न होटल सञ्चालनमा ल्याएको बताइएको छ।

होटलमा २४सै घण्टा इन्टरनेट, बिजुली, टेलिफोन, टेलिभिजन, एयरकन्डिसनसहितका कोठाहरू, २१ वटा सुविधा सम्पन्न कोठा रहेका छन्। 'हाम्रो होटलमा स्विट, सुपर डिलक्स, डिलक्स तथा बजेट रुम गरी विभिन्न प्रकारका कोठा रहेका छन्', न्यौपानेले भने- 'इनडोर र आउटडोर दुवै व्यवस्था यहाँ हुन्छ। पार्टी प्यालेस हुन्छ, ५ सय जना क्षमताको सुविधा सम्पन्न दुई वटा हलहरू छन्। हनिमुन प्याकेजको व्यवस्था अन्य सेवा सुविधाहरू यहाँ पाइन्छ।' होटलमा अपांगमैत्री र बालमैत्री विभिन्न संरचनाहरू निर्माणाधीन छन्।

होटल सञ्चालनमा आएको एक हप्ता, साउन १३ गतेदेखि कोठा बुक गर्नेलाई निःशुल्क खाना खुवाउने र बास बसेको भने शुल्क लाग्ने बताइएको छ। हाटेलमा बस्न आउनेहरूले ५ सय रुपियाँदेखिको ३ हजार रुपियाँसम्मका कोठाहरू छनोट गरी बस्न सक्ने निधिप्रसाद तिमल्सिनाले जानकारी दिए। होटलमा हनिमुनका लागि छुट्टै कोठासमेत बनाइएको बताए।

विदेशी पर्यटक आकर्षित गर्न, पर्यटकको बसाइ लम्ब्याउन, ग्राहकलाई स्तरीय सेवा दिन होटल सञ्चालनमा ल्याइएको तिमल्सिनाले बताए। होटलमा इलेक्ट्रिक मेसिनबाट पुरुषलाई मसाज गर्ने सुविधा पनि छ। यस्तै सानो चिल्ड्रेन पार्क, धुम्रपानका लागि छुट्टै कोठा, एटेज बाथरुमलगायत सुविधाहरू रहेको छ। होटलमा आएका ग्राहक तथा पर्यटकलाई गोरखाका विभिन्न क्षेत्रमा पदयात्रा तथा अवलोकन गर्न परे गाइडको समेत व्यवस्था गरिदिने उनीहरूको भनाइ छ। त्यस्तै गोरखा सदरमुकामको बजार क्षेत्रभित्र कम्तीमा ५ प्लेट खाजा होम डेलिभरी गरिदिने उनीहरूले बताए। त्यस्तै होटलका कोठाका ढोकाहरू कार्डमार्फत् खुल्ने र बन्द हुनेछन्।

# महोत्तरीमा पहिलोपटक विशेष शिव आरती शुरू

लक्ष्मीकुमार साह, महोत्तरी



महोत्तरी जिल्लाको प्रसिद्ध जलेश्वरनाथ महादेव मन्दिरमा सोमबारदेखि पहिलोपल्ट विशेष शिव आरती शुरू गरिएको छ।

सोमबारीको अवसर पारेर खानेपानी स्वच्छता तथा सरसफाई डिभिजन कार्यालय महोत्तरीको अगुवाईमा जिल्लामा पहिलोपटक विशेष शिव आरतीको आयोजना गरिएको हो।

धार्मिक तथा पौराणिक महत्त्वको जलेश्वरनाथ महादेव मन्दिरको प्रांगणमा खानेपानी स्वच्छता तथा सरसफाई डिभिजन कार्यालय महोत्तरीका कार्यालय प्रमुख इन्जिनियर देवेन्द्र झासहित प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू तथा नगरपालिकाका प्रमुखले धार्मिक विधिवत् शिवको पूजा-अर्चना गरी विशेष शिव आरतीको शुभारम्भ गर्नुभएको हो।

जलेश्वरनाथ महादेवको शिवलिङ्गको पूजापाठका लागि आवश्यक मानिएको पुरन्दर पोखरी (गोरधोई पोखरी, महादेव दर्शनपूर्व हात-खुट्टा धुने पोखरी) मा सञ्चालित विशेष शिव आरती नियमित चलिरहने बताउँदै उनले शिव आरती प्रत्येक दिन सन्ध्याकालीन ४५ मिनेट हुने जानकारी गराए। उनले भविष्यमा चाँडै जलेश्वरनाथ मन्दिर पर्यटकका लागि आकर्षणको केन्द्र बन्ने बताउँदै इन्जिनियर झाले अझै गर्नुपर्ने कामहरूलाई निरन्तरता दिने जानकारी दिए।

पुरन्दरलगायत वरुण सर पोखरीमा स्नान गरेर जलेश्वरनाथको पूजा-अर्चना गरे मन पवित्र हुने तथा धार्मिक मोक्ष प्राप्त हुने जनविश्वास रहेको छ।

सो विशेष शिव आरतीमा जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादव, खानेपानी स्वच्छ तथा सरसफाई डिभिजन कार्यालका कार्यालयका प्रमुख देवेन्द्र झा, जिल्ला समन्वय समितिका स्थानीय विकास अधिकारी युवराज पौडेल, सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा कार्यालय महोत्तरीका सशस्त्र प्रहरी उपरीक्षक प्रकाश श्रेष्ठ र जलेश्वर नगरपालिकाका निमित्त कार्यालय प्रमुख पवनकुमार झाले संयुक्तरूपमा विधिवत् पूजा-अर्चना गरी विशेष शिव आरती शुरू गरेका थिए।

विशेष आरतीका लागि घाट निर्माणको शिलान्यास यही जेठ ७ गते संयुक्तरूपमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादव, खानेपानी स्वच्छ तथा सरसफाई डिभिजन कार्यालयका कार्यालयका प्रमुख देवेन्द्र झा, फस्ट राइफल गणका गणपति कृष्ण खड्का क्षत्री, सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा कार्यालयका सशस्त्र प्रहरी उपरीक्षक प्रकाश श्रेष्ठ र जनकपुर गंगा आरतीका मुख्य अभियन्ता रामअशिष यादवले गरेका थिए।

खानेपानी स्वच्छ तथा सरसफाई डिभिजन कार्यालका कार्यालयका प्रमुख देवेन्द्र झाले खानेपानी तथा सरसफाई मन्त्रालयबाट ५० लाख र खानेपानी कार्यालय महोत्तरीबाट ५० लाख गरी जम्मा १ करोड रकम जलेश्वरनाथ मन्दिरको गेट र पोखरीको घाट निर्माणका लागि उपलब्ध गराएको बताए। घाटमा घेरावाल निर्माण, गार्डेन बाल, फाउन्डेसन र नाला निर्माण गरिने कार्य द्रुत गतिमा भइरहेको जनाइएको छ।

# मतदाता नामावली दर्ता जारी

बर्दिया, (नेस)

स्थानीय तहको निर्वाचन सकिएलगत्तै साउन १ गतेदेखि जिल्ला निर्वाचन कार्यालय बर्दियाले फोटोसहितको मतदाता नामवली दर्ता गर्न शुरू गरेको छ। एक हप्ताको अवधिमा पुरुष मतदाता १ हजार ८ र महिला मतदाता १ सय ४० जम्मा १ हजार ८ सय ४२ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएको जिल्ला निर्वाचन अधिकृत पवनकुमार शाहीले बताउनुभयो।

करिब साढे २ सय जनाका दरले प्रत्येक दिन जिल्लाका विभिन्न स्थानबाट आई मतदाता नामावलीमा नामदर्ता गराउन आइरहेको छन्। गत वर्षमा मतदाता नामावली नाम समावेश गराउन चासो नदिएका वा छुटेका नाागरिकहरू पनि स्थानीय तहको निर्वाचन पछि उत्साहित भएर नाम दर्ता गराउन सदरमुकाम आइरहेका छन्।

मतदाता नामावली नाम दर्ता शुरू भएदेखि जिल्ला प्रशासन कार्यालयमा नेपाली नागरिकताको प्रमाणपत्र लिने व्यक्तिहरूको पनि भीडभाड रहेको छ। प्रत्येक दिन सरदर ४०/५० जनाका दरले नागरिकता प्रमाणपत्र लिन आउने गरेकोमा गत ३/४ दिनदेखि नागरिकताको प्रमाणपत्र लिनेहरूको संख्या झण्डै समान्य दिनभन्दा दोब्बर भएको निमित्त प्रमुख जिल्ला अधिकारी ढुण्ढीराज पोखरेलले बताउनुभयो।

स्थानीय निर्वाचनमा मतदान गर्ने उमेर पुगेर पनि नागरिकता प्रमाणपत्र नभएका कारण मतदान गर्न नपाएका व्यक्तिले आगामी प्रदेश तथा संघीय सभाको निर्वाचनका लागि भाग लिने अठोटका साथ नागरिकता प्रमाणपत्र लिन आएका हुन्। मतदाता नामवली अहिले निर्वाचान कार्यालयमा मात्र दर्ता गरिएकोमा स्थानीय तहको वडास्तरमा नामावली संकलन गर्न जानुपर्ने जनगुनासो रहेको छ।

२०७४, साउन
बुधबार
११

आफूले भोगेका पीर-मर्का सीधै सरकारलाई सुनाउन पाउँदा राहत हुने कुरा नागरिकले सोचेका थिए। यसैले सामान्य समस्यादेखि जटिल समस्या हेल्लो सरकारमा नागरिकले धमाधम टिपाए पनि। तर, नागरिकले जति आश गरे सोअनुसार गुनासो फछ्र्यौट भने नभएको पाइएको हो।

# नेपाल

## गुनासो बढी, फछ्र्यौट कम

हेटौंडा, (नेस)

जनगुनासोलाई सीधै सरकारसमक्ष पुऱ्याउने र सरकारी सेवा/सुविधालाई प्रभावकारी बनाउने उद्देश्यले तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले शुरू गरेको 'हेल्लो सरकार' मा गुनासो बढे पनि फछ्र्यौटको दर भने कम देखिएको छ।

आफूले भोगेका पीर-मर्का सीधै सरकारलाई सुनाउन पाउँदा राहत हुने कुरा नागरिकले सोचेका थिए। यसैले सामान्य समस्यादेखि जटिल समस्या हेल्लो सरकारमा नागरिकले धमाधम टिपाए पनि। तर, नागरिकले जति आश गरे सोअनुसार गुनासो फछ्र्यौट भने नभएको पाइएको हो।

मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय हेटौंडामा गत आर्थिक वर्षमा टिपाइएका कुल ७ सय २२ गुनासोमध्ये २ सय ४४ वटाको मात्र फछ्र्यौट भएको छ। क्षेत्रीय प्रशासनले मंगलबार गरेको पत्रकार सम्मेलनमा क्षेत्रीय प्रशासक शम्भु कोइरालाले गत आवमा ११११ नम्बर टोल फ्रि टेलिफोन मार्फत् ७ सय १६, फ्याक्स मार्फत् शून्य, इमेल मार्फत् ४ र हुलाक मार्फत् २ वटा गुनासो प्राप्तभएको बताए।

गुनासो प्राप्त भएपछि अनलाइन पोर्टल मार्फत् ४ सय १५, चिठ्ठी मार्फत् १ सय ८६ र टेलिफोन मार्फत् १ सय २१ वटा गुनासो सम्बन्धित निकायमा पठाइएको कोइरालाले जनाए।

टेलिफोन मार्फत् फरवार्ड गरिएका गुनासामध्ये सबै, चिठ्ठीपत्र मार्फत् सम्बन्धित निकायमा पठाइएकामध्ये ८४ र अनलाइन पोर्टल मार्फत् पठाइएकामध्ये ३९ वटा पूर्णरूपमा फछ्र्यौट भएका छन्। ३ सय ७६ गुनासो भने 'काम हुँदै' को स्थितिमा छन्। 'गुनासोमा नीतिगत सुधार, भ्रष्टाचारबारे अख्तियारको जिम्मेवारी, जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू अन्य सेवाप्रवाहमा पनि व्यस्त रहनुपर्ने भएकाले पनि गुनासो फछ्र्यौटको संख्या कम देखिएको हो' -क्षेत्रीयप्रशासककोइरालाले भने।

प्राप्त गुनासोमध्ये प्रशासनिक समस्या र सेवा प्रवाहबारे ४२, आकस्मिक प्रकृतिका २५, पूर्वाधार विकास बारे १५, भ्रष्टाचार नियन्त्रण बारेका १४ र नीतिगत सुधार बारे ४ वटा छन्।

मध्य क्षेत्रमध्ये गुनासो आउनेमा चितवन अगाडि छ। उक्त जिल्लाबाट सबैभन्दा बढी १ सय ८५ गुनासो आउँदा सबभन्दा कम रसुवाबाट २ वटा मात्र गुनासो आएका छन्। इमेल, चिठ्ठीपत्र र टेलिफोनबाट गुनासो सुन्ने व्यवस्था गरिएको छ।

## दुई नम्बर प्रदेशमा पनि एमाले

नेपाल समाचारपत्र

बाँके

नेकपा एमालेका कार्यवाहक अध्यक्ष वामदेव गौतमले खाटी मधेस भनिएको २ नम्बर प्रदेशमा पनि एमाले ठूलो पार्टी बन्ने ठोकुवा गर्नुभएको छ।

५ नम्बर प्रदेश संगठन कमिटीले नवनिर्वाचित जनप्रतिनिधिका लागि नेपालगन्जमा आयोजना गरेको दुईदिने अभिमुखीकरणको उद्घाटन गर्दै गौतमले एमालेलाई हराउन जति नै कोसिस गरे पनि सफल नहुने बताउनुभयो। 'वैशाख ३१ गते नै हुनुपर्ने निर्वाचनलाई तीन चरणमा पुऱ्याइएको छ। यो सब एमालेलाई पराजित गर्ने मानसिकताले गर्दा भएको हो', कार्यवाहक अध्यक्ष गौतमले भन्नुभयो- 'जति चरणमा निर्वाचन गरे पनि एमाले ठूलो पार्टी बन्छ। तपाईं लेखेर राख्नूस्, २ नम्बर प्रदेशमा एमालेले ५०+ सिट जित्छ।'

एमाले हिमाली र पहाडी मात्रै नभएर तराईको पनि प्रमुख पार्टी रहेको गौतमको भनाइ थियो। 'तराईमा एमालेलाई रोक्न खोज्नेहरू आफैं सिद्धिन्छन्', गौतमको दाबी थियो- 'देशको स्वतन्त्रता, सार्वभौम सत्ता र अखण्डता रक्षा गर्ने पार्टी एमाले मात्रै भएको जनताले बुझेका छन्।' उहाँले तराई र पहाडलाई मिल्न नदिन, सामाजिक सद्भाव बिथोल्न संविधान संशोधनको कुरा गरिएको बताउनुभयो।

नेपालीले आफैं संविधान बनाउँदा स्वागत नगरेर छिमेकीले नाकाबन्दी लगाएको र संविधान मान्दिनँ भनेर कराइरहेकाप्रति लक्षित गर्दै नेता गौतमले भन्नुभयो- 'नेपालमा एक दिन बस्नेले पनि संविधान मान्नुपर्छ।'

नेता गौतमले स्थानीय तहको अधिकार कटौती गर्ने खेल भइरहेको बिताउनुभयो। 'संविधानमा उल्लेख भएको अधिकारलाई कानुनद्धारा अपहरण गर्ने कोशिस भइरहेको छ। त्यसलाई हामी कदापि हुन दिँदैनौं', गौतमको भनाइ थियो- 'स्थानीय तहको अधिकार कटौती गर्नुहुँदैन।' उहाँले स्थानीय शासन विधेयक संविधानसँग बाझिएको बताउनुभयो।

पूर्व उपप्रधानमन्त्रीसमेत रहेका गौतमले मेयर र गाउँपालिका प्रमुखलाई स्थानीय तहको प्रधानमन्त्री तपाईंहरू नै भएकाले राम्रा योजना बनाएर अघि बढ्न सुझाव दिनुभयो। '५ वर्षको नक्सा र योजना बनाएर अगाडि बढ्नूस्', गौतमले जनप्रतिनिधिलाई निर्देशन दिनुभयो- 'तपाईंहरूलाई दिइएको ३७ अधिकारको भरपुर उपयोग गरेर जनतालाई खुसी बनाउनूस्।'

दुईदिने अभिमुखीकरणमा प्रदेश नम्बर ५ को नगरपालिका र गाउँपालिकाका जितेका मेयर उपमेयर तथा प्रमुख र उपप्रमुखहरू सहभागी छन्। वरिष्ठ नेता माधव नेपाल, नेताहरू विष्णु पौडेल, प्रदीप ज्ञवाली, गोकर्ण विष्ट, शंकर पोखरेललगायत स्थानीय तहका विज्ञहरूले प्रशिक्षण दिने कार्यक्रम रहेको छ।

जनताबाट अनुमोदित भएका प्रमुख र उपप्रमुखले राम्रा काम गरेर आफूलाई योग्य सावित गर्न नेताहरूले सुझाव दिएका थिए- 'सन्तुष्टि हुने काम गर्दै जानूस्, जनतालाई साथमा लिनूस्।' आफ्नो ठाउँको आवश्यकताहरूलाई प्राथमिकीकरण गरेर योजनाबद्ध तरिकाले अगाडि बढ्दा जनताले पनि साथ दिने बताइएको थियो।

## १०० मा फोन गरी महिला प्रहरी जिस्काउने पक्राउ

*गोरखा, (नेस)। जिल्ला प्रहरी कार्यालय गोरखाले हटलाइन नम्बर १०० मा फोन गरी महिला प्रहरीलाई जिस्काउने एक युवकलाई पक्राउ गरेको छ। प्रहरीले भारतका मोतीहारी घर भई हाल गोरखा नगरपालिका ११ को बाह्रकिलोमा बस्ने मुन्ना ठाकुरलाई पक्राउ गरेको डीएसपी वीरेन्द्र थापाले जानकारी दिए।*

*'हाम्रो हटलाइन सेवामा धेरैजसो महिला दिदबहिनीहरू हुन्छन्', जिल्ला प्रहरी कार्यालय गोरखाका डीएसपी थापाले भने- '१०० मा फोन गर्ने अपशब्द बोल्ने, अनि हाम्रा महिला दिदीबहिनी प्रहरीहरूसँग घर कहाँ हो भन्ने, के गर्दै छौ भन्दै अपशब्द बोल्ने गरेकाले हामीले अनुसन्धान गरेका थियौं।' फोन नम्बरको आधारमा फोन गरी पक्राउ गरिएको हो। मुन्नाले हरेक दिनजसो १०० मा फोन गरी अनावश्यक कुराहरू गर्ने गरेको प्रहरीले जनाएको छ। उनलाई सार्वजनिक ऐनअन्तर्गत मुद्दा दर्ता गरी कारबाहीको प्रक्रिया अघि बढाइको थापाले बताए। 'प्रहरीको १०० नम्बरमा यस्ता समस्या धेरै आउन थालेको छ। एक जना पक्राउ गरियो। अरूको पनि खोजतलासको काम भइरहेको छ।'*

## पत्रकार महासंघलाई कम्प्युटर

बाँके, (नेस)

समाजसेवी माधवराम वर्माले नेपाल पत्रकार महासंघ, बाँके शाखालाई कम्प्युटर प्रदान गरेका छन्। महासंघले पत्रकारहरूका लागि स्थापना गरेको सूचना केन्द्रमा प्रयोगका लागि वर्माले एक सेट कम्प्युटर उपलब्ध गराएका हुन्।

वर्माले उपलब्ध गराएको कम्प्युटर पवन जयसवालले महासंघ बाँके अध्यक्ष ठाकुर सिंह थारूलाई हस्तान्तरण गरेका थिए। अध्यक्ष थारूले महासंघका तर्फबाट सूचना केन्द्रका लागि कम्प्युटर उपलब्ध गराएकोमा वर्माप्रति आभार व्यक्त गर्नुभयो।

समाजसेवी वर्माले महासंघ, बाँके शाखाअन्तर्गत रहने गरी यसअघि आफ्ना बुबा, आमा रामआधार कुर्मी र रामप्यारी कुर्मीको नाममा शिक्षा पत्रकारिता स्थापना गरिसक्नुभएको छ। सधैं सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै समाजसेवी वर्माले महासंघलाई आमाबुबाको नाममा कम्प्युटर सेट सहयोग गरेको जानकारी दिनुभयो। वर्माले कम्प्युटर र कार्यालय नभएका पत्रकारहरूका लागि सहुलियत होस् भनेर सहयोग गरेको बताउनुभयो।

महासंघमा नयाँ नेतृत्व आइसकेपछि कम्प्युटर र वाइफाइको सुविधा भएको छ। पत्रकारहरूले महासंघमा गएर आफ्नो संस्थामा समाचार सम्प्रेषण गर्न सक्ने व्यवस्था मिलाइएको छ।

यसैबीच, महासंघले बुधबार पार्षदहरूसँग छलफल राखेको छ।

## ६ सय ६५ मृतकको सम्झनामा शान्ति स्मारक बनाइँदै



नेपाल समाचारपत्र

रुकुम

विगत सशस्त्र द्वन्द्वको समयमा रुकुम जिल्लामा राज्य र विद्रोही पक्षबाट मारिएका ६ सय ६५ जनाको सम्झनामा शान्ति स्मारक बनाइने भएको छ। मुसिकोट नगरपालिका-१ सल्लेस्थित निर्माण गर्न लागिएको शान्ति स्मारकको नगरप्रमुख देवीलाल गौतमले शिलान्यास गर्नुभएको छ। स्थानीय शान्ति समितिको अभिलेखअनुसार विगतको द्वन्द्वमा मारिएका ६ सय ६५ जनाको सामूहिक नाम स्मारकमा रहने गरी शान्ति स्मारक बनाउन लागिएको हो। कुल ९ लाख २ हजार लागतमा निर्माण हुने शान्ति स्मारकको शिलान्यास शुरू गरिए सँगै अबको ३ महिनाभित्र निर्माणकार्य पूरा गर्ने योजना लिइएको छ।

मानव अधिकार संरक्षण तथा कानुनी सेवा केन्द्र (हरप्लेस) नेपालको ४ लाख ४ हजार, जिल्ला समन्वय समितिको २ लाख तथा बाँकी रकम मुसिकोट नगरपालिकाको रहने गरी उक्त शान्ति स्मारक निर्माण हुने भएको हो। तत्कालीन सशस्त्र द्वन्द्वको समयमा रुकुमका थुप्रै नागरिकले राज्य र विद्रोही पक्षबाट ज्यान गुमाएका थिए। कतिपय व्यक्ति बेपत्ता र घरबारविहीनसमेत भएका थिए।

## विद्यार्थी पढ्ने कक्षाकोठा गाईगोठमा परिणत



दीपेन्द्र शर्मा, जाजरकोट

विद्यालयको लापरबाहीले गर्दा विद्यार्थी पढ्ने कक्षाकोठाहरू गाईगोठको रूपमा परिणत भएका छन्। जंगलमा खुला छोडिएका बस्तुले गर्दा जाजरकोटको कुशे गाउँपालिका-५ बाटुलेचौरमा रहेको सरस्वती प्राथमिक विद्यालयको विद्यार्थी पढ्ने कक्षाकोठाहरू गाईगोठको रूपमा परिणत भएको हो।

चरणका लागि जंगलमा छोडिएका गाई-गोरुहरू विद्यालयको कक्षाकोठमा वस्ने गरेका छन्। विद्यालयको चरम लापरबाहीका कारण खुला छोडिएका पशुचौपायहरूले उक्त विद्यालयलाई आफ्नो चरण क्षेत्र र बासस्थान बनाएका हुन्। विद्यार्थीले पढ्ने कोठाहरू गाईगोठको रूपमा परणत हुँदा यहाँका विद्यार्थीको पढाइसमेत प्रभावित भएको छ।

विद्यालयमा विद्यार्थी बसेर पढ्ने कक्षाकोठाहरूमा ढोका पल्ला र घेराबार नहुँदा विद्यालयमा गाईबस्तुको चरणक्षेत्र र बासस्थान बनेको छ। बालबालिका पढ्ने पवित्रस्थल विद्यालयमा गाईबस्तुको बासस्थान हुँदा सम्बन्धित पक्षको ध्यान जानसकेको छैन। विद्यालय जस्तो संवेदनशील सार्वजनिकस्थलमा गाईबस्तुले, आफ्नो गोठ बनाउँदा विद्यालयका कक्षाकोठामा फोहरका खाडल भएका छन्।

वर्षातको समयमा, झरिपर्ने र भवन जीर्ण भएर चुहिने समस्याले गर्दा झ्याल, ढोका सडेर पशुचौपाया भित्र छिरेको विद्यालयका विद्यालाय व्यवस्थापन समितिका अध्यक्ष शक्तिबहादुर थापाले बताए। अब विद्यालय व्यवस्थापन समितिको बैठक बसी विद्यालयका कक्षाकोठालाई मर्मत सम्भार गरेर गाईगोठका रूपमा कक्षाकोठालाई बनाउने अवस्था दोहोरिन नदिने जानकारी दिए।

विद्यालयको गैरजिम्मेवारिपन तथा भवन जीर्ण भएकै कारणले विद्यालयका कक्षाकोठामा ढोकापल्ला नलगाउँदा गाईबस्तु विद्यालयमा बस्ने गरेको जाजरकोटका जिल्ला शिक्षा अधिकारी ललितविक्रम सिंहले बताए। यस विषयमा तत्काल विद्यालय व्यवस्थापन समिति र विद्यालयमा कार्यरत शिक्षकहरूलाई सोधपुछ गरी विद्यालयमा भएको फोहरलाई हटाउन पहल गरिएको जानकारी दिए।

विद्यार्थी बस्ने कक्षाकोठामा फोहर हुँदा विद्यालयमा पढाइ सुचारु हुन नसकेको अभिभावक कर्णबहादुर थापाले बताए। 'साउन ५ गतेबाट जाजरकोटका विद्यालयमा पढाइ सञ्चालन गर्न जिल्ला शिक्षा कार्यालयले जाजरकोट जिल्लाका सबै विद्यालयलाई निर्देशन गरिसकेको छ, यो अवस्थामा कुशे गाउँपालिका-५ बाटुलेचौरमा रहेको सरस्वती प्राथमिक विद्यालयका विद्यार्थी कसरी गाईको गोबरले भरिएको कक्षाकोठामा पढ्न सक्छन' -उनले भने। सार्वजनिक सम्पत्तिप्रति स्थानीय समुदायले बेवास्ता गर्दा विद्यालयका कक्षाकोठा गाईगोठको रूपमा परिणत भएको थापाले बताए।

## मामाको हत्या अभियोगमा भान्जा पक्राउ

दोलखा, (नेस)

६ वर्षअघि मामाको हत्या गरेको अभियोगमा एक जना पक्राउ परेका छन्। ०६८ साल मंसिर ९ गते कालिञ्चोक मन्दिर दर्शन गर्न गएका दोलखा भीमेश्वर नगरपालिका वडा नम्बर ३ का १९ वर्षीय विनोद धनुके ०६८ मंसिर ११ गते गणेश थुम्की नजिक मृत भेटिएका थिए।

उक्त घटनाको अनुसन्धानको क्रममा मृतक विनोदको भान्जा भीमेश्वर नगरपालिका वडा नम्बर ३ का विक्रम विकलाई ६ वर्षपछि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायव उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो। अभियुक्त विकलाई अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान शुरू गरिएको पनि प्रहरी नायव उपरीक्षक कार्कीले बताउनुभयो।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
व्यवसायिक कृषि तथा व्यापार आयोजना
आयोजना कार्यान्वयन सहयोग समुहको कार्यालय
विराटनगर, मोरङ्ग

सूचीदर्ता गराउने सूचना

प्रकाशित मिति :२०७४।०४।११

यस आयोजना कार्यान्वयन सहयोग समूह विराटनगरको आ.व.२०७४/०७५ को लागि आवश्यक पर्ने सामानहरु पटक पटक वा एकै पटक खरिद गर्नका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को प्रयोजनार्थ सूची (Standing List) दर्ताको लागि उक्त कार्य गर्न इच्छुक इजाजत प्राप्त दर्तावाला व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुले नविकरण सहितको फर्म दर्ता, आयकर दर्ता, मू.अ.कर दर्ता र आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र रु.१० को टिकट टाँसी यस कार्यालयको खरिद ईकाईमा दरखास्त दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि कार्यालयको सूचना बोर्डमा हेर्नु हुन वा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।

भूमिसुधार कार्यालय सुनसरीबाट जिल्ला सुनसरी तनमुना गा.वि.स. वार्ड नं. १ भई हाल दुहवी नगरपालिका न.पा. वार्ड नं. ११ बस्ने जग्गाधनी श्यामबिहारी साहको नाममा जारी भएको ३०(तीस) दिने म्याद सरहको सार्वजनिक सूचना

जिल्ला सुनसरी, पूर्वकुशाहा गा.वि.स. वार्ड नं. ६ भई हाल दुहवी नगरपालिका न.पा. वार्ड नं. १२ बस्ने मोही रविलाल झागडले तपाई जग्गाधनीका नाममा दर्ता भएको जिल्ला सुनसरी, पूर्वकुशाहा ५(ख) कि.नं. २ को जग्गा बिगाहा २-१-२ जग्गाको मोही म भएकोले मोही लागेको जग्गा बाडफाँड गरी मोही लगत कट्टा समेत गरी पाउ भनी यस कार्यालयमा द.नं. ५५१० मिति २०७४/०२/०७ गते निवेदन दिनु भएकोले तपाईका नाममा नियमानुसार म्याद जारी गर्दा उक्त म्याद तपाईको घरदैलोमा टाँस भई आएको देखिदा पूनः तपाई जग्गाधनीका नाममा यस कार्यालयको मिति २०७४/०४/०८ को आदेशानुसार विषेश अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो ३०(तीस) दिने म्याद सरहको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। निवेदकको माग बमोजिम जग्गा बाडफाँड गरी मोही लगत कट्टा गर्न नपर्ने कुनै कारण भएमा स-प्रमाण म्याद भित्र आफै वा कानून बमोजिमको वारेश मुकरर गरी लिखित जवाफ पठाउनु होला। म्याद गुजारी बसेमा कानुन बमोजिम भैजाने छ र पछि तपाईको कुनै उजुर नलाग्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईएको छ।

नेपाल सरकार
सिंचाइ मन्त्रालय
जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग
जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय नं. १, गैंडे, झापा

सूची दर्ता गराउने बारेको सूचना

प्रकाशित मिति २०७४।०४।११

उपर्युक्त सम्बन्धमा यस कार्यालयलाई आ.व. २०७४/०७५ अवधिका लागि तपसिल उल्लेखित सामान तथा सेवाहरु उपलब्ध गराउन इजाजत प्राप्त इच्छुक व्यक्ति, रजिष्टर्ड फर्म, कम्पनी, विक्रेता तथा सेवा प्रदायकहरुले रु.१० को टिकट टाँस गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली २०६८ को नियम १८ को उपनियम ३ अनुसार मौजुदा सूची (Standing list) को प्रयोजनका लागि सूचीमा दर्ता हुन रीतपूर्वक निवेदन पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. स्टेश्नरी, मसलन्द, कार्यालय सञ्चालन र अन्य सामान,
२. छपाई सम्बन्धी कार्य,
३. फर्निचर खरिद तथा मर्मत सम्बन्धी कार्य,
४. कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन, फ्याक्सको काटेज टोनर तथा रिफिल र इलेक्ट्रिकल सामान आपूर्ति तथा सोको मर्मत कार्य,
५. सफ्टवेयर नेटवर्किङ र वेबसाइट सम्बन्धी सेवा,
६. विभिन्न प्रकारका काठ तथा स्टिल फर्निचर र फर्निसिङ सामानहरुको आपूर्ति तथा मर्मत सम्बन्धी कार्य,
७. सवारी साधन मर्मत, आपूर्ति तथा इन्धन आपूर्ति कार्य,
८. खानेपानी (बोतल तथा जार) आपूर्ति कार्य,
९. सर्भेक्षण सम्बन्धी कार्य/कन्सलटेन्सी (परामर्श) सेवा, भिडियोग्राफी सम्बन्धी कार्य,
१०. सार्वजनिक निर्माण सेवा तथा मर्मत,
११. सवारी साधन भाडामा उपलब्ध गराउने कार्य
१२. अन्य तथा विविध कार्यहरु

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. फर्म/कम्पनी दर्ताको प्रमाणित प्रतिलिपि
२. स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३. आ.व. ०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

डिभिजन प्रमुख

# विश्व

**राजनीतिक संकट**

माल्दिभ्सको संसद्मा सैनिकले तालाबन्दी गरेपछि त्यसको विरोध गर्दै विधायकहरू। सभामुखविरुद्धको अविश्वासको प्रस्तावमा हुने मतदान रोक्न संसद्मा तालाबन्दीका लागि राष्ट्रपतिले आदेश दिएका हुन्।




**विवाद**

ताइवानको राजधानी ताइपेईमा चीनको विरोधमा प्रदर्शन गर्दै ताइवानीहरू। ताइवानलाई चीनले अलग्ग स्वतन्त्र राष्ट्र नभएर आफ्नो अभिन्न हिस्सा भएको बताउँदै आइरहेको छ।



2017, JULY
Wednesday
26

**विश्व २ मिनेट**

## टर्की

### पत्रकारविरुद्ध मुद्दा

इस्तानबुल, (एजेन्सी)

तुर्केली राष्ट्रपति रिसेप तायिप एर्दोगानको विरोध गर्ने एउटा अखबारका पत्रकार र कर्मचारीहरूलाई सोमबार राजधानी इस्तानबुलमा आतंककारी संगठनहरूलाई सघाएको अभियोग लगाउँदै मुद्दा चलाइएको छ। यस मुद्दाका कारण टर्कीमा मानव अधिकार र स्वतन्त्रताबारे चिन्ता थपिएको विपक्षी राजनीतिक खेमाले जनाएको छ। कमहुर्रियत नामक अखबारका प्रधानसम्पादक मुरात सावुन्कु, अनुसन्धनात्मक पत्रकार अहमेट सिक, टिप्पणीकार कादरी गर्सेल र कार्टुनिस्ट मुसा कार्टलगायत १९ जनालाई मुद्दा चलाइएको हो। सोमबारकै दिन टर्कीमा प्रेस स्वतन्त्रता दिवस मनाइएको थियो।

## अस्ट्रेलिया

### मन्त्रीद्वारा राजीनामा

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाका संसाधन तथा उत्तरी अस्ट्रेलियाली मामिला मन्त्री म्याथ्यु क्यानाभानले दोहोरो नागरिकता विवादका कारण मंगलबार पदबाट राजीनामा दिएका छन्। पछिल्लो सातामा यसै विषयलाई लिएर राजीनामा दिने उनी तेस्रो राजनीतिज्ञ हुन्। ३६ वर्षीय क्यानाभानले आफू २५ वर्षको छँदा आफ्नी आमाले आफ्नो लागि इटालियन नागरिकताका लागि आवेदन दिएको थाहै नभएको बताएका छन्। तर उनले आवश्यक कानुनी सल्लाह नपाउन्जेल सिनेटर पदबाट भने राजीनामा नदिने बताएका छन्। अस्ट्रेलियाको संविधानअनुसार कुनै पनि व्यक्तिले दुईवटा नागरिकता धारण गरी संघीय कार्यालयमा बस्न पाउँदैन।

## युक्रेन

### रुसका सैनिक तैनाथ

किभ, (एजेन्सी)

वर्षकै सबैभन्दा हिंसात्मक गतिरोधको सामना गरिरहेको युक्रेनले रुसमाथि उसको सिमानामा थप सैनिक तैनाथ गरेको आरोप लगाएको छ। तर क्रेमलिनले आफ्नो भूमिमा जे पनि गर्न पाउने अधिकार रहेको बताउँदै किभको चिन्तालाई लत्याएको छ। सन् २०१४ मा क्रिमियालाई युक्रेनबाट रुसमा विलय गरेपछि ती दुई देश युद्धको स्थितिमा रहेका छन्। रुसले युक्रेनको सीमा क्षेत्रमा पृथकतावादी लडाकूहरूलाई समर्थन गर्दै आइरहेको छ। यद्यपि मस्कोले किभविरुद्ध औपचारिक रुपमा युद्धको घोषणा गरेको छैन र त्यहाँको युद्धको आधिकारिक संलग्नतालाई अस्वीकार गर्दै आइरहेको छ।

## माल्दिभ्स

### संसद्मा तालाबन्दी

माले, (एजेन्सी)

माल्दिभ्सको सुरक्षा बलले राष्ट्रपतिको आदेशमा संसद्मा तालाबन्दी गरेको छ। संसद्मा सभामुखविरुद्ध महाअभियोग लगाउने विषयमा मतदानका लागि विपक्षी विधायकहरू परिसरमा हुलहुज्जत गरी भिडन्तमा ओर्लेपछि उक्त निर्णय आएको हो। राष्ट्रपति यामिन अब्दुल गयुममाथि सन् २००८ मा हासिल गरेको बहुदलीय प्रजातन्त्रलाई धरापमा पारेको आरोप लागेको छ। सभामुख अब्दल्ला मसिह मोहमेदविरुद्ध अविश्वासको प्रस्तावमा सोमबार संसदीय कारबाही हुनुपर्ने कार्यक्रम रहेको विपक्षीहरूले बताए। उक्त प्रस्तावमा ८५ विधायक रहेको संसद्मा ४५ जनाको समर्थन रहेको उनीहरूले बताए।

# पवित्रस्थलबाट मेटल डिटेक्टर हटाउने इजरायलको निर्णय

जेरुसलम, (एजेन्सी)

इजरायलले जेरुसलमको पवित्रस्थल हरम अल सरिफ नजिकै राखिएको मेटल डिटेक्टर हटाउने फैसला गरेको छ। त्यसको स्थानमा सुरक्षालाई चुस्त पार्ने कम बाधा पुऱ्याउने अन्य व्यवस्था गर्ने जनाएको छ।

इजरायली बेन्जामिन नेतान्याहुको सुरक्षा क्याबिनेटले उक्त निर्णयलाई अनुमोदन गरेको छ। सुरक्षा क्याबिनेटले निगरानीका लागि सुरक्षा संस्थानहरूको सल्लाह मानेको र मेटल डिटेक्टरको स्थानमा निगरानीका लागि आधुनिक प्रविधिको प्रयोग गरिने इजरायली प्रधानमन्त्रीको कार्यालयले जारी गरेको एक विज्ञप्तिमा उल्लेख गरिएको छ।

जुलाई १४ मा उक्त पवित्रस्थल नजिकै दुई इजरायली प्रहरी अधिकारीहरूको हत्यापछि तनाव बढेको थियो। मुस्लिमहरू यो पवित्र स्थानलाई हरम अल सरिफ भन्छन् र यहुदी यसलाई टेम्पल अफ माउन्ट भन्ने गर्छन्।



मध्यपूर्वका लागि संयुक्त राष्ट्रका दूतले हालैको तनाव प्राचीन शहर जेरुसलमबाट बाहिर पनि फैलिन सक्ने चेतावनी दिएको थियो। इजरायली अधिकारीहरूले बन्दुकधारीहरूले आफ्ना हतियारभित्र लुकाएर ल्याउने गरेकोले सुरक्षा कडा गर्नुपरेको बताएका थिए। तर यसको विरोध व्यापक विरोध भएपछि शुक्रबार भएको झडपमा तीन जना प्यालिस्टिनी मारिएका थिए।

सोमबार मात्रै उक्त तनावलाई लिएर जोर्डनको राजधानी अम्मानस्थित इजरायली दूतावासमा भएको एक आक्रमणमा एक जनाको मृत्यु भएको थियो। उक्त आक्रमणमा एक इजरायलीसहित दुईजना घाइते भएका थिए। त्यसैगरी पवित्रस्थल हरम अल सरिफमा भएको छुरा आक्रमणमा दुई इजरायली सैनिक मारिएको थियो।

विवादास्पद मेटल डिटेक्टर हटाउने निर्णयका बाबजुद जेरुसलममा मुसलमानहरू पवित्रस्थलको बहिस्कार गरिरहेका छन्। टम्पल अफ माउन्ट अर्थात् हरम अल सरिफ नामले चर्चित उक्त पवित्र स्थलको प्रवेशद्वारमा मेटल डिटेक्टर लगाइएको थियो।

प्यालिस्टिनी विधायक परिषद्का सदस्इ डाक्टर मुस्तफा बोगुटीले इस्लामी नेताहरू त्यहाँका सम्पूर्ण अतिरिक्त सुरक्षा हटाएपछि मात्र फर्कने बताए। उनले भने- 'धार्मिक नेता उक्त निर्णयको जाँच गरिरहेका छन्। उनीहरू त्यस क्षेत्रबाट मेटल डिटेक्टर र अन्य सबै क्यामरा इजरायलले हटाएको हो वा होइन, जाँच गरिरहेका छन्। जुन जुलाई १४ पछि लगाइएको हो। आश्वस्त भएपछि उनीहरू मस्जिद जानेछन्।

# नासाले परमाणु घडी अन्तरिक्ष पठाउने

वासिङ्टन, (एजेन्सी)

नासाले भविष्यमा मानवीय खोजको विस्तारलाई बढाउन सन् २०१७ को अन्त्यसम्ममा नयाँ पुस्ताको परमाणु घडी अन्तरिक्षमा पठाउने तयारी भइरहेको जनाएको छ। यो घडी यसअघि पठाइएको कुनै पनि परमाणु घडीको तुलनामा सानो र हलुका हुनेछ र अहिलेसम्मकै सबैभन्दा सटिक तथा शुद्ध हुने नासाले दाबी गरेको छ।

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले क्यालिफोर्नियाको पासाडेनास्थित नासाको जेट प्रपल्सन ल्याबरोटरीका इन्जिनियरले अन्तरिक्ष यानसँग अन्तरिक्षको गहिराइमा परमाणु घडी बनाउने काम पूरा गरेको र त्यसलाई अन्तरिक्ष यानको मदतले सन् २०१७ को अन्त्यसम्म पृथ्वीको कक्षमा ल्याउने तयारी भइरहेको बताए। यसले अन्तरिक्ष यान सञ्चालनको समयमा महत्त्वपूर्ण भूमिका निभाउने भएकाले भविष्यमा हुने अन्तरिक्ष अभियानका लागि यो घडी विशेष रुपमा महत्त्वपूर्ण हुने नासाले जनाएको छ। अन्तरिक्ष अभियानमा अचुक समयको अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ। सेकेन्डको सूक्ष्म हिस्साको फरकले पनि यानको नियन्त्रणलाई फरक पार्न सक्ने भएकाले धेरै मानव अभियान जोखिममा पर्न सक्छ।

प्रायजसो अन्तरिक्ष यानमा दुई तर्फी विधिबाट निगरानी राख्ने गरिन्छ। जमिनस्थित एन्टिना अन्तरिक्षमा सन्देश पठाउँछ र त्यहाँको संकेतको प्रतिक्षा गर्छ। संकेत कहाँसम्म पुग्यो, त्यसको मापनको आधारमा अन्तरिक्ष यानको दूरी गणना गरिन्छ। अन्तरिक्ष यान सञ्चालन दलले यही सूचनाको प्रक्रियाका आधारमा अन्तरिक्ष यानको उडान मार्ग निर्धारण गर्छ। यसमा कुनै सुधारको आवश्यक भएमा मात्र परिमार्जित गर्ने काम हुन्छ।

# भारतीय युवतीको मसानघाटमा व्यवसाय

नयाँदिल्ली, (एजेन्सी)



अचेल अनलाइन व्यापारको कारण मानिसहरूले आवश्यक धेरै सामान घरमै बसीबसी अर्डर गरी प्राप्त गर्ने गरेको र भोज भतेरका लागि क्याटरिङलाई जिम्मा दिएर मानिसहरू अनावश्यक झमेला र चिन्ताबाट मुक्त हुने गरेको त हामीले हेर्दै र भोग्दै पनि आइरहेका छौं।

तर मानिसले नाम सुन्नेबित्तिकै तर्सने स्थान मसानघाटमा समेत आफ्नो व्यापार व्यवसाय चलाएर भारतकी एक युवतीले सबैलाई चकित पारेकी छिन्। भारतको हैदरावादकी श्रुति रेड्डी नामकी ती युवती दिनहुँ मसानघाटमा पुग्छिन्। मसानघाट धाउनु उनको रुचि मात्र होइन, व्यवसाय नै हो। यसअघि ३१ वर्षीया श्रुति सफ्टवेयर इन्जिनियरको रुपमा काम गर्थिन्। तर अहिले भने हरेक दिन मसानघाट पुग्नु उनको नित्यकर्म बनेको छ। वास्तवमा उनले मसानघाटमा मृतकको अन्त्येष्टि कार्य गर्ने सेवा शुरू गरेकी छिन्।

यो पेसा शुरू गर्दा उनलाई साथ दिने कोही थिएन। घर परिवार त उनको त्यो निर्णय सुनेर नै आत्तिएका थिए। उनकी आमा त रिसाएर महिनासम्म उनीसँग बोलिनन् पनि। तर श्रुति भने अन्यले भन्दा केही पृथक् काम गर्न चाहन्थिन्। यही उद्देश्य लिएर उनले एउटा कम्पनी खोलिन्। आफ्नो हजुरबाको निधन हुँदा अन्तिम संस्कारका लागि आवश्यक सामग्री जुटाउन निकै कठिनाइ परेकाले नै उनले यस्तो व्यवसाय शुरू गर्ने निर्णय गरेकी हुन्। श्रुतिले मृत्यु संस्कारसँग सम्बन्धित सुविधाहरू उपलब्ध गराउने कम्पनी खोलेकी छिन्।

बजारमा बिहेलगायतका शुभकार्यको इभेन्ट म्यानेजमेन्ट गर्ने विभिन्नखाले कम्पनी खुलेका भए पनि मृत्यु संस्कार व्यवस्थापनको क्षेत्रमा भने सायद श्रुतिको प्रयास नै पहिलो हुनसक्ने बताइएको छ। मृतक परिवारको फोनको भरमा उनको कम्पनीले मसानघाटसम्म सम्पूर्ण आवश्यक सेवा पुऱ्याउँदै आएको छ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
भेरी अञ्चल अस्पताल बिकास समिति
नेपालगंज।

**औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७४/४/११

यस भेरी अञ्चल अस्पताल नेपालगंजलाई आवश्यक पर्ने बिभिन्न सर्जिकल तथा औषधीजन्य सामानहरु सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्म, सप्लायर्स तथा कम्पनीबाट तपसिलको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

१) यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको इजाजतपत्र, स्थायी लेखा तथा मू.अ.कर, करचुक्ताको प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपि राखी तपसिलमा उल्लेखित रकम (फिर्ता नहुने) नगदै दाखिला गरी सक्कलै भौचर समेत संलग्न राखी अस्पतालको खरिद ईकाईमा बोलपत्र खरिदको लागि निवेदन दिनुपर्ने छ।

२) बोलपत्रदाताले आफुले दाखिला गर्ने सिलबन्दी बोलपत्र सुचना प्रकाशित मितिले ३१ औं दिनको १२:०० वजेभित्र प्रस्तावित खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित रुपमा स्वः घोषणा गरेको कागजातहरुको सक्कल प्रति अनिवार्य संलग्न गर्नु पर्नेछ। तथा सोही दिनको २:०० बजेभित्र उपरोक्त उल्लेखित कागजातहरु को अतिरिक्त सि.नं.१ मा उल्लेखित कागजातहरुको सक्कल तथा प्रमाणित कागजातहरु यस अस्पतालको सम्बन्धित कामको Bidding Document समेतमा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस अस्पतालमा अनिवार्य दर्ता गराई सक्नुपर्नेछ। उपरोक्त वमोजिम नभएको बोलपत्र उपर कारवाही गरिने छैन।

३) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खोलेको दिन र सोही समयमा हुनेछ। बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २:०० वजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिने छ। प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न वाधा पर्नेछैन।

४) बोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५ प्रतिशत रकमको Performance Bond यस अस्पतालमा पेश गर्नु पर्नेछ।

५) खरिद गरिने सर्जिकल तथा औषधीजन्य सामानको Expiry Date अस्पतालमा प्राप्त भएको मितिले १८ महिनाको हुनुपर्नेछ।

६) बोलपत्रको BOQ को सबै आइटममा अंक र अक्षरमा लेख्नुपर्नेछ। आइटमवाइज दररेटका आधारमा बोलपत्र स्वीकृत गर्न न्युनतम ५ आइटममा दररेट सबैभन्दा कम पेश भएको हुनुपर्नेछ।

७) BOQ मा उल्लेखित औषधीहरु WHO GMP Certified कम्पनीबाट उत्पादित हुनुपर्नेछ। सर्जिकल सामानहरुको हकमा सबै आइटमहरुको क्कउभि बोलपत्र साथ छुट्टै प्याकिङ्गमा पेश गर्नुपर्नेछ। Sample पेश हुन नआएमा उक्त बोलपत्र मुल्यांकनमा समावेश गरिने छैन। सर्जिकल सामाग्रीको Sample गुणस्तरीय नदेखिएमा मुल्यांकनमा समावेश गरिने छैन।

८) सर्जिकल तथा औषधीजन्य सामाग्री अस्पतालको आवश्यकता अनुसार खरिद गरिनेछ। खरिद गरिने परिमाण BOQ मा माग गरिए भन्दा कम वा बढि हुन सक्नेछ।

९) बोलपत्र सम्बन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस अस्पतालको लेखा शाखा र भण्डार शाखामा सम्पर्क राख्न सकिनेछ।

१०) यस सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

तपसिल :

| सि.नं. | बोलपत्र नं. | बिबरण | लागत अनुमान (मु.अ.कर वाहेक) | बोलपत्र दस्तुर | जमानत दस्तुर |
|---|---|---|---|---|---|
| १ | २-०७४/०७५ | औषधी तथा औषधीजन्य सामान | ५७०४१६६।- | ३०००।- | १४५०००।- |
| २ | ३-०७४/०७५ | सर्जिकल सामान | ८७१९४३५।- | ३०००।- | २२००००।- |

प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
सानोठिमी, भक्तपुर
स्तर निर्धारण महाशाखाको
**श्री कान्तिपुर डेन्टल एण्ड रिसर्च सेन्टर, काठमाण्डौ महानगरपालिका-३, बसुन्धाराको नाम परिवर्तन सम्बन्धीमा ३५ दिने हकदावी उजुरी सम्बन्धी सुचना।**
प्रकाशित मिति २०७४।०४।११

यस परिषद्बाट सम्बन्धन प्राप्त गरी प्रमाणपत्र तह डेन्टल, फार्मेसी (३६ महिने) कार्यक्रम सञ्चालन गर्ने संस्था श्री कान्तिपुर डेन्टल एण्ड रिसर्च सेन्टर, काठमाण्डौ महानगरपालिका-३, बसुन्धाराकोले नाम परिवर्तन गर्न यस परिषद् कार्यालयमा निवेदन दिएकोमा यस परिषद् कार्यालयको २०७४।३।१५ को निर्णय अनुसार उक्त संस्था प्रति कोही कसैको लेनदेन, हकदावी, विरोध सम्बन्धी कुनै प्रकारको उजुरी भएमा यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित हकदावी उजुरी गर्नु हुन सम्बन्धीत सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा संस्थाले माग गरे अनुसार कानुनी म्याद समाप्त भएपछि कान्तिपुर डेन्टल एण्ड रिसर्च सेन्टर, काठमाडौं महानगरपालिका-३ वसुन्धराको भइ नयाँ नाम कान्तिपुर डेन्टल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर काठमाण्डौ महानगरपालिका-३, बसुन्धरा कायम भइ जाने व्यहोरा जानकारी गराइन्छ। साथै म्याद नाघि आएका उजुरी उपर कुनै कारबाहि नहुने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद,
सानोठिमि, भक्तपुर। ०१-६६३०४०८

जिल्ला समन्वय समितिको कार्यालय
सर्लाही, मलंगवा
प्रथम पटक प्रकाशित मिति २०७४।०४।११

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस कार्यालयबाट नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकाको २०७४।०२।२५ गतेमा प्रकाशित शिलवबन्दी बोलपत्र आह्वानको सूचना अनुसार ठेक्का नं. 04/LRBP/NCB/Ekadashi/073/074: Construction of Ekadashi khola Bridge, Sarlahi का लागि यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा सफल भएकोले मिति २०७४।०४।१७ गते यस कार्यालयमा दिनको १:०० बजे आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं. | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|
| १. | Rautaha/Prithivi J.V., Pulchowk, Lalitpur |
| २. | Shah Nirman Sewa Pvt.Ltd, Malangwa |
| ३. | Ashray Nirman Sewa Pvt.Ltd, Basundhara, Kathmandu |

नेपाली राजनीतिमा नयाँ धारको पार्टी भनेर दाबी गर्ने पार्टीहरू पनि एकीकरण गर्दैछन् भने माओवादीहरू पनि एकीकरणको प्रयास पुनः थालेका छन्। विवेकशील पार्टी र साझा पार्टीले स्थानीय तहको निर्वाचनमा हार बेहोरेपछि आज एकीकरण गर्दै छन्।

# आगामी निर्वाचनका लागि 'मर्जर'मा दलहरू

बीपी साह, काठमाडौं

संघीय संरचनाअनुसार पहिलोपटक भएको स्थानीय निकायको निर्वाचनमा हार बेहोरेका दलहरू आगामी निर्वाचनलाई लक्षित गर्दै एकीकरणमा जुट्न लागेका छन्।

नेपाली राजनीतिमा नयाँ धारको पार्टी भनेर दाबी गर्ने पार्टीहरू पनि एकीकरण गर्दैछन् भने माओवादीहरू पनि एकीकरणको प्रयास पुनः थालेका छन्। विवेकशील पार्टी र साझा पार्टीले स्थानीय तहको निर्वाचनमा हार बेहोरेपछि आज एकीकरण गर्दै छन्।

त्यस्तै, स्थानीय निकायको पछिल्लो मतपरिणामअनुसार तेस्रो ठूलो दल बनेको नेकपा माओवादी (केन्द्र)लगायतका दलहरू पनि एकीकरणको प्रयास पुनः थालेको छ। स्थानीय निकायको निर्वाचनमा मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी पनि सहभागी थिए। क्रान्तिकारीको पनि अवस्था निकै कमजोर देखिएपछि एकीकरणका लागि प्रयास थालेको जनाइएको छ।

माओवादी केन्द्रका नेता मातृकाप्रसाद यादवले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'माओवादीहरूबीच एकीकरणको प्रयास हुँदै छ। हामी केही प्रक्रियाहरू पनि अगाडि बढाएका छौं। आधिकारिकरूपमै एकताका लागि आहवान गरेका छौं।' यादवले निर्वाचनलाई मात्र होइन समग्र देश विकासका लागि परिवर्तनकारी शक्तिहरूबीच एकीकरण आवश्यक रहेको बताउनुभयो। उहाँले वैद्य, विप्लव र डा. बाबुराम भट्टराईलाई पनि एकीकरणमा आउन आग्रह गर्नुभयो। यसअघि वैद्यले पनि क्रान्तिकारी शक्तिबीच एकीकरणका लागि आहवान गर्नुभएको थियो।

निर्वाचनमा सन्तोषजनक परिणाम आउन नसकेका नयाँ शक्ति पार्टी नेपाल र संघीय समाजवादी फोरम नेपालबीचको एकीकरण अन्तिम समयमा रोकिएको छ। पदीय भागवण्डा नमिल्दा एकीकरण प्रक्रिया रोकिएको नेताहरूले बताएका छन्। तर फोरम नेपालका नेता राजेन्द्र श्रेष्ठ *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'एकीकरण टरेको छैन। छलफलकै प्रक्रियामा छ। केही कुराहरू मिलेको छ। केही कुरा मिल्न बाँकी छ।' श्रेष्ठले पार्टीभित्र छलफल भएपछि ठोस निर्णय आउने बताउनुभयो।

यता नयाँ शक्ति पार्टीको जारी बैठकमा विचार मिल्नेहरूसँग एकीकरण गर्ने सुझाव नेताहरूले दिएका छन्। फोरम नेपालसँग नयाँ शक्तिको विचार नमिलेको भन्दै संयोजक भट्टराईको आलोचनासमेत भएको छ।

नयाँ राष्ट्रिय जनता पार्टी नेपाल र नेपाल लोकतान्त्रिक फोरमबीच पनि एकीकरणको चर्चा चलेको छ। राजपाका प्रवक्ता कृष्णा सिंहले लोकतान्त्रिक फोरमसहित अन्य दलहरूसँग पनि एकीकरणका लागि पार्टीभित्र छलफल भइरहेको बताउँदै आगामी केन्द्रीय समितिबाट आधिकारिक रूपमा आहवान नै गरिने बताउनुभयो।

## राष्ट्रपतिको...

तर अहिले जनप्रतिनिधि निर्वाचित भएको अवस्थामा जनप्रतिनिधिले निर्णय गर्न सक्ने बताउनुभएको थियो। काण्ठमण्डप र रानीपोखरी पुनर्निर्माण गर्न नसकेर आलोचना खेपिरहेको पुरातत्त्व विभागलाई राष्ट्रपतिले कार्यालयमै बोलाएर जानकारी लिनुभएको थियो।

महानिर्देशक दाहालले विश्वसम्पदा सूचीबाट हटाउने तयारी गरेको उपत्यकाको सम्पदा क्षेत्रलाई खतराको सूचीमा नराख्न नेपालले खेलेका भूमिकाको बारेमा राष्ट्रपतिलाई जानकारी गराउनुभएको थियो।

रानीपोखरी र काष्ठमण्डप पुनर्निर्माणमा विवाद हुँदै आएको छ। काठमाडौं महानगरपालिकाले रानीपोखरी बनाउने जिम्मा दिए तापनि ठेकेदारले पोखरीको बीचमा रहेको बालगोपालेश्वर मन्दिर पुनर्निर्माणमा मापदण्ड पूरा नगरेको भन्दै विभाग आफैले पुनर्निर्माण गर्न लागेको हो। कामपाले स्थानीयबासी, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र विभिन्न सरोकारवालाको सहयोगमा धरहरा र काण्ठमण्डप पुनर्निर्माणको विषयमा छलफल जारी राखेको छ।

महानिर्देशक दाहालले धरहरा पुनर्निर्माण गर्न पुरातत्त्व विभागले ड्रइङ, डिजाइन तयार गरी सम्बन्धित निकायमा पेस गरिसकेको राष्ट्रपतिलाई जानकारी गराउनुभएको थियो। उहाँले सञ्चार र संस्कृति मन्त्रालयमार्फत पुनर्निर्माण प्रक्रिया अघि बढाउने तयारी भइरहेको जानकारी गराउनुभएको थियो।

भूकम्पले ध्वस्त भएका उपत्यकाका सम्पदा क्षेत्रमध्ये काठमाडौंमा सबैभन्दा बढी क्षति भएको थियो। हनुमानढोका दरबार क्षेत्रको सम्पदा पुनर्निर्माण हुन ढिलाइ भएर विभागको समेत आलोचना भइरहेको अवस्थामा राष्ट्रपति भण्डारीले विभागका महानिर्देशकलाई बोलाएर जानकारी लिनुभएको हो। विभागले योजनाअनुसार निरन्तर कामकारबाही अघि बढिरहेको जानकारी गराएको थियो। विभागका महानिर्देशक दाहालले नियमित भेटघाटमा विभागले गरेको कामको विषयमा मात्रै छलफल भएको बताउनुभयो।

समय समयमा हुने भेटघाटमा सबै विषयमा छलफल हुनसक्ने उहाँको भनाइ थियो। भेटका क्रममा विभागले हालसम्म भएको प्रगतिको बारेमा जानकारी गराएको थियो। विभागले हालसम्म ४३, विदेशी दातृ निकायको सहयोगमा ६ र भक्तपुर नगरपालिकाले ४ वटा सम्पदा पुनर्निर्माण कार्य सम्पन्न गरिसकेको छ। त्यस्तै ५६ वटा सम्पदा बहुवर्षीय योजनाअनुसार पुनर्निर्माण कार्य शुरु भइरहेको र ३ सय ६३ सम्पदाहरूको अर्को वर्ष पुनर्निर्माण शुरू गरिने जानकारी गराएको थियो।

## कर्मचारी...

जिम्मेवारी हस्तान्तरण नहुँदै को प्रमुख हुने झगडाले कर्मचारी समायोजनमा जटिलता थपेको महानगरपालिका कर्मचारी एसोसिएनका अध्यक्ष सुरेन्द्र अवालले बताउनुभयो। 'समायोजन भएर आउन पाएको छैन, प्रमुख नै चाहियो भनेर हठ राखेर हुन्छ त?' -अध्यक्ष अवालेले भन्नुभयो।

'सरकारले स्थानीय तहमा जाऔं भनेको छ। आफूभन्दा कनिष्ठ कार्यकारी प्रमुख रहेको स्थानीय तहमा कसरी जाने?' -जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख झलकराम शर्मा पौडयालले भन्नुभयो। अहिले शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन, सिँचाइलगायत प्राविधिक कार्यालयहरूका कर्मचारीहरूलाई यही चिन्ताले सताएको छ।

स्थानीय विकास मन्त्रालयले प्रशासन सेवाका उपसचिव र अधिकृतलाई स्थानीय तहको कार्यकारी प्रमुख बनाएर पठाएको छ। समायोजन भएर आउने कर्मचारीहरू आफूभन्दा कनिष्ठको मातहतमा रहेर काम गर्दिनँ भन्ने विषय नै शिक्षा, स्वास्थ्य, कृषि, पशुलगायत प्राविधिक मन्त्रालयका कर्मचारीहरूको द्वन्द्वको मुख्य विषय बनेको छ। 'स्थानीय तहमा कर्मचारी पठाउन अधिकतम प्रयत्न गरिराखेका छौं। सामान्य प्रशासन मन्त्रालयलगायत अन्य विषयगत मन्त्रालयहका सचिवहरूसँग लगातार छलफल भइरहेको छ। आज पनि यही विषयमा छलफल भएको छ।' -स्थानीय विकास मन्त्रालयका सचिव दिनेश थपलियाले *नेपाल समाचारपत्र*सँग भन्नुभयो।

प्रशासन समूहका कर्मचारीको नेतृत्वमा स्थानीय तह सञ्चालन हुने मन्त्रिपरिषद् निर्णय रहेको सचिव थपलियाले भन्नुभयो- 'यसलाई प्राविधिक सेवाका कर्मचारीहरूले द्वन्द्वको विषय बनाउनुहुन्न।'

प्रशासन समूहका कर्मचारीलाई मात्र स्थानीय तहमा कार्यकारी अधिकृत बनाउँदा अन्य समूहका वरिष्ठ कर्मचारीलाई अन्याय हुने भन्दै कर्मचारी संगठनले विरोध गरिरहेका छन्। त्यसरी स्थानीयमा खटिने वरिष्ठ कर्मचारीलाई प्रदेशमा लैजाने र स्थानीय तहमै पनि विषयगत विभाग बनाई प्रमुखको जिम्मेवारी दिने विकल्पबारे पनि अध्ययन भइरहेको जानकारी स्थानीय विकास मन्त्रालयले दिएको छ।

'अहिले व्यवस्थापन मात्र गर्न खोजिएको हो। वरिष्ठतामा अघि रहेका कर्मचारीलाई सरकारले उचित सम्बोधन गर्ने नै छ। कार्यक्षेत्रमै नगई अटेर गर्नुपर्ने अवस्था छैन।' -सचिव थपलियाले भन्नुभयो। मन्त्रिपरिषद्को गत जेठ १९ को बैठकले 'स्थानीय तह सञ्चालनसम्बन्धी अन्तरिम व्यवस्थापन आदेश' जारी गर्दै प्रशासन समूहका कर्मचारी मातहत अन्य कर्मचारी राख्ने निर्णय गरेको हो।

मुख्यसचिव, सामान्य प्रशासन सचिव एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव रहेको तीन सदस्यीय कार्यदलले स्थानीय तहमा कर्मचारीको अन्तरिम व्यवस्थापन मिलाएको हो। कार्यदलले शिक्षा, स्वास्थ्य, कृषि, वनसहित १२ वटा मन्त्रालयसँग समन्वय गरी कर्मचारीको तह निर्धारण र खटन गरेको हो। स्थानीय तहलाई अधिकारसम्पन बनाइएपछि जिल्लाका दुई दर्जन कार्यालय समायोजन हुँदै छन्। सबै विषयवस्तु व्यवस्थापन गर्न स्थानीय तहमा शिक्षा, स्वास्थ्य, कृषि, वन तथा पशुपक्षी, भूमि व्यवस्थापन, पूर्वाधार विकास, प्रशासन, राजस्वलगायत महाशाखारविभाग बनाइने तयारी छ।

## आज...

प्रधानमन्त्रीका प्रेस संयोजक गोविन्द परियारले आज बुधबार मन्त्रिमण्डल विस्तार हुने बताउँदै शपथग्रहणको समय तालिकाका बारेमा छलफल भइरहेको बताउनुभएको छ। कांग्रेसभित्र तेस्रो गुटको नेतृत्व गरिरहनुभएका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाको समूहबाट भीमसेनदास प्रधान र अर्का प्रभावशाली नेता खुमबहादुर खड्का समूहबाट मोहनबहादुर बस्नेत मन्त्री हुने बताइएको छ।

कांग्रेसबाट एक उपप्रधानसहित तीन मन्त्री भइसकेका छन्। जसमध्ये कांग्रेस नेता गोपालमान श्रेष्ठले उपप्रधान एवं शिक्षा मन्त्रालय सम्हालेका छन्। कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी पनि हाल श्रेष्ठलाई नै दिइएको छ। ज्ञानेन्द्रबहादुर कार्कीले अर्थ मन्त्रालय सम्हालेका छन्। कांग्रेस नेता फरमुल्लाह मनसुरलाई श्रम तथा रोजगार मन्त्रालयको जिम्मेवारी दिइएको छ। यी तीनै जना नेता प्रधानमन्त्री देउवा पक्षका हुन्।

कांग्रेस सभापति देउवाको नेतृत्वमा रहेको सरकारमा माओवादी केन्द्रले पनि तीन जना नेतालाई मन्त्रिमण्डलमा सामेल गरिसकेको छ। माओवादी नेता कृष्णबहादुर महराले उपप्रधान एवं परराष्ट्र मन्त्रालय सम्हाल्नुभएको छ भने जनार्दन शर्माले गृह मन्त्रालय सम्हाल्नुभएको छ। माओवादी नेता प्रभु शाहलाई शहरी विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ। फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार पनि उपप्रधानमन्त्रीसहित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको जिम्मेवारी लिएर देउवा नेतृत्वको सरकारमा सहभागी भइसकेका छन्।

# एसएसपी खनालको प्राथमिकता प्रभावकारी ट्राफिक व्यवस्थापन

नेपाल समाचारपत्र

काठमाडौं



प्रहरीले महानगरीय ट्राफिक महाशाखामा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सर्वेन्द्र खनाललाई पठाएको छ। ट्राफिक प्रहरीको कारबाही प्रभावकारी नभएको भन्दै गुनासो बढेपछि महाशाखा प्रमुखमा एसएसपी खनाललाई पठाइएको हो।

राजधानी काठमाडौंमा दैनिक दस लाख सवारीसाधनको आवतजावत हुने गरेको छ। काठमाडौंमा १६ सय किलोमिटर मात्र सडक रहेको छ। साँघुरो सडक, सडकको दायाँबायाँ फुटपाथ नहुनु, अत्यधिक सवारी साधन हुनु नै जामको मुख्य कारण रहेको छ।

ट्राफिक महाशाखाको जिम्मेवारी सम्हाल्नुभएका एसएसपी सर्वेन्द्र खनालले प्रभावकारी ट्राफिक व्यवस्थापन गर्ने बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'योजना बनाएर नै राजधानीको ट्राफिक व्यवस्थापन हुन्छ।' उहाँले सरोकारवाला सबै पक्षसँग परामर्श गरेर केही समयभित्र नै योजना बनाएर नै काम गर्ने बताउनुभयो। 'ट्राफिक व्यवस्थापन गर्नका लागि उच्चतम प्रविधिको प्रयोग गरिन्छ', एसएसपी खनालले भन्नुभयो- 'दृढताको साथ राजाधानीको ट्राफिक व्यवस्थापनको काममा लाग्छौं।' राजधानीका केही स्थानमा मात्र अहिले सिसी क्यामेराबाट ट्राफिक व्यवस्थापनको अनुगमन हुँदै आएको छ।

राजधानीमा बढ्दो जामको कारण सर्वसाधारणको दैनिकी नै कष्टकर बन्दै गएपछि सरकारले केही साताअघि मात्रै चक्रपथमा बिहान साढे ७ देखि साढे १० बजेसम्म दिउँसो साढे ३ देखि साढे ६ बजेसम्म ट्रक, ट्रिपर मिनी ट्रक गुड्न नपाउने व्यवस्था साउन १ गतेदेखि लागू गरेको थियो। सरकारले बढ्दो ट्राफिक व्यवस्थापन गर्नका लागि चक्रपथभित्र साँझ ८ बजेदेखि बिहान ६ सम्म गुडन पाउने नियम यस अघिदेखि नै लागू गरिरहेको छ।

तर पनि ट्राफिक जाम अत्यधिक हुने गरेको छ। विशेष गरी राजधानी काठमाडौं बाहिरबाट राजधानी भित्रिने मुख्य चोकहरूमा जाम हुने गरेको छ। कलंकी, बल्खु, गोंगबु, चाबहिल, कोटेश्वरलगायतका क्षेत्रमा अत्यधिक जाम हुने गरेको छ।

प्रहरी प्रवक्ताको जिम्मेवारीमा रहेर काम गर्दै आउनुभएका खनाल ११ डीआईजीको बढुवा सूचीको पहिलो नम्बरमा पर्नुभएको छ। अपराध महाशाखाबाट सरुवा भएपछि एसएसपी खनाल प्रहरीको प्रवक्ताका रुपमा कार्यरत हुँदै महाशाखाको जिम्मेवारीमा रहनुभएको थियो। महाशाखामा रहनुभएका नायक महानिरीक्षक (डीआईजी) मिङमार लामालाई हटाएर खनाललाई ल्याइएको हो।

ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता एसपी लोकेन्द्रबहादुर मल्लले राजधानीमा दैनिक दस लाख सवारी साधन आवतजावत गर्ने बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'ट्राफिक व्यवस्थापनका लागि अहिले १३ सय मात्र जनशक्ति छ, पाँच सय जनशक्ति माग गरेका छौं।' यातायात व्यवस्था विभागका अनुसार देशभर २३ लाख सवारी साधान रहेका छन्।

# माओवादीले मन्त्रीहरूको नाम बुझायो

काठमाडौं, (नेस)

सत्तारूढ दल नेकपा माओवादी केन्द्रले सरकारमा पठाउने ६ जना मन्त्रीहरूको नाम टुंगो लगाएर प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएको छ। सरकार विस्तरमा ढिलाइ भएकोप्रति असन्तुष्ट बन्दै आएको माओवादीले मन्त्रीहरूको नाम टुंगो लगाएर नाम बुझाएको हो।

कांग्रेस र माओवादीबीच भएको सहमतीअनुसार माओवादीको भागमा ९ र कांग्रेसको भागमा १३ मन्त्रालय परेको छ। जसअनुसार माओवादीले उपप्रधानमन्त्रीसहित गृह, परराष्ट्र र शहरी मन्त्रालयमा मन्त्री पठाइसकेको छ। अन्य ६ मन्त्रालयमा मन्त्रीको नाम टुंगो लगाएर पठाएको छ। माओवादीले गिरिराजमणि पोखरेल, टेकबहादुर बस्नेत, महेन्द्र शाही, आशा खनाल, शिव मण्डल र सन्त थारुलाई मन्त्री बनाउने निर्णय गरेको हो।

जसअनुसार पौडेलले स्वास्थ्य मन्त्रालय, बस्नेतलाई कृषि, शाहीलाई ऊर्जा, खनाललाई महिला बालवालिका तथा समाजकल्याण मन्त्रालय र मण्डललाई आपूर्ति मन्त्रालयको जिम्मेवारी दिने गरी नामावली पठाइएको प्रचण्डको सचिवालयले बताएको छ।

प्रदेश नम्बर ६ बाट तीन जनालाई मन्त्री बनाइने भएको छ। यसअघि ६ नम्बर प्रदेशबाट जनार्दन शर्माले गृहमन्त्रीको जिम्मेवारी सम्हालिसक्नुभएको छ।

माओवादीले प्रत्येक मन्त्रालयमा राज्यमन्त्रीसमेत पठाउने तयारी गरेको छ। राज्यमन्त्रीका लागि श्याम श्रेष्ठ, रूपा महर्जन, अमनलाल मोदी र केशव विकलगायतलाई सरकारमा पठाउने तयारी गरे पनि अन्तिम टुंगो भने लागिसकेको छैन।

**मन्त्री छनोटमा असन्तुष्टि**

माओवादीले देउवा नेतृत्वको सरकारमा सहभागी हुने मन्त्रीहरूको नाम टुंगो लगाएपछि माओवादीभित्र चर्को असन्तुष्टि देखिएको छ। प्रदेश नम्बर ६ बाट तीन/तीन जना मन्त्री भए पनि प्रदेश नम्बर ३ बाट भने मन्त्री शून्य भएको छ। यसपटक रामेछाप क्षेत्र नम्बर २ बाट प्रत्यक्ष निर्वाचित सांसद श्यामकुमार श्रेष्ठलाई मन्त्री बनाउने सूचीमा राखिए पनि अन्तिम समयमा आएर हटाइएपछि रामेछापका केन्द्रीय आयोजक समितिका ६८ जना असन्तुष्टि भएका छन्।

माओवादीले रामेछापलाई जनयुद्धको उदगमस्थलका रूपमा चित्रित गर्दै आए पनि शान्ति प्रक्रियामा आएपछि अहिलेसम्म रामेछापबाट मन्त्री नबनाएको भन्दै असन्तुष्टि जनाएका छन्। माओवादीले यसअघि प्रत्येक प्रदेशबाट एक/एक जना मन्त्री बनाउने नीति लिएको थियो।

# प्राध्यापकहरूको अनशन शुरू

काठमाडौं, (नेस)

त्रिभुवन विश्वविद्यालयमा बौद्धिक शोषणको अन्त्य र तत्काल करारको माग गर्दै आन्दोलनरत नेपाल आंशिक प्राध्यापक संघले मंगलबारदेखि त्रिभुवन विश्वविद्यालयका उपकुलपतिको कार्यालयअगाडि रिले अनशन शुरू गरेको छ। नेपाल आंशिक प्राध्यापक संघले पछिल्लोपटक गएको चैतदेखि विभिन्न आन्दोलन गर्दै आएको छ। सोमबार राजधानीमा सम्पन्न संघको राष्ट्रिय भेलाले मंगलबारदेखि रिले अनशन गर्ने निर्णय गरेको हो।

अनशन कार्यक्रममा नेपाल आंशिक प्राध्यापक संघका अध्यक्ष शशीकुमार शर्मा, सहअध्यक्ष नरेन्द्रप्रसाद भण्डारीलगायतका केन्द्रीय पदाधिकारीहरूले भाग लिएका छन्। अनशनमा पालैपालो सबै क्याम्पसका आंशिक प्राध्यापकहरूले भाग लिनेछन्।

रिले अनशन यही साउन २२ गतेसम्म सञ्चालन हुनेछ। त्यतिन्जेलसम्म पनि त्रिभुवन विश्वविद्यालयले आंशिक प्राध्यापकहरूका माग पूरा नगरे अझै कडा आन्दोलन गर्ने चेतावनी नेपाल आंशिक प्राध्यापक संघले दिएको छ।

# स्यालको आक्रमणबाट वडाअध्यक्षसहित २८ घाइते

ललित सिंह, बझाङ

जयपृथ्वी नगरपालिका ४ गोलाईमा स्यालले आतंक मचाउन थालेपछि यहाँका स्थानीय त्रसित भएका छन्। बेलुकाको समयमा स्यालले सर्वसाधारण स्थानीयलाई आक्रमण गर्ने गरेको स्थानीय नरेन्द्र खातीले बताउनुभयो। अहिलेसम्म जयपृथ्वी नगरपालिका ४ गोलाईमा मात्र आइतबार साँझपख १५ जनाभन्दा बढी स्यालले टोकेर घाइते बनाएका छन्।

यस्तै जयपृथ्वी नगरपालिका ३ पडेसमा समेत स्यालकै आक्रमणबाट झन्डै ६ जनाभन्दा बढी घाइते बनाएको छ। बेलुका ७ बजेपछिको समयमा बाटोमा हिँड्ने बटुवा तथा जो कोही व्यक्तिलाई स्यालले आक्रमण गर्ने गरेको घाइते भएका गोलाईका सुशील खातीले बताए। सदरमुकाम चैनपुरबाट घर जाने क्रममा स्यालले आफूसँगै रहेका अन्य चार जनालाई समेत आक्रमण गरी सामान्य घाइते पारेको उनको भनाइ छ।

यस्तै बेलुका सदरमुकाम चैनपुरबाट घर जाने क्रममा जयपृथ्वी नगरपालिका ४ का वडाअध्यक्ष गगन खातीलाई समेत स्यालले आक्रमण गरी घाइते बनाएको छ। घाइते खातीको खुट्टामा टोकेपछि जिल्ला अस्पताल बझाङमा उपचार भइरहेको खातीले बताएका छन्।

यस्तै पडेसमा रहेको आर्मी ब्यारेकमा समेत डयुटीमा रहेका आर्मीलाई स्यालले आक्रमण गरी घाइते बनाएको छ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
भेरी अञ्चल अस्पताल बिकास समिति
नेपालगंज।

एक्सरेको रिएजेन्ट आपुर्ति सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७४/४/११

यस अस्पताललाई आवश्यक पर्ने एक्सरे रिएजेन्ट सम्बन्धी सामाग्रीहरु सिलबन्दी बोलपत्रको माध्यमबाट खरीद गर्नु पर्ने भएकोले ईच्छुक इजाजत प्राप्त सप्लायर्स तथा कम्पनीबाट तपसिलको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

१. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा तथा मू.अ.कर, करचुक्ताको प्रमाणपत्र, चालु आ.व.सम्मको नविकरण एजेन्सी समेतको प्रमाणित प्रतिलिपि तपसिलमा उल्लेखित काममा तपसिलमा उल्लेखित रकम (फिर्ता नहुने) नगदै दाखिला गरी सक्कलै भौचर समेत संलग्न राखी अस्पतालको खरिद ईकाईमा वोलपत्र खरिदको लागि निवेदन दिनुपर्ने छ।

२ बोलपत्रदाताले आफुले दाखिला गर्ने वोलपत्र सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० वजेभित्र यस अस्पतालको नेपाल राष्ट्र बैंक नेपालगंजमा रहेको हिसाव नं. २१०१२००-००१-००२-५२४ कार्यालय कोड नं. ६२-३७०-०३ मा तपशिलमा उल्लेखित काममा तपशिलमा उल्लेखित रकम मान्यता प्राप्त वाणिज्य वैकवाट यस अस्पतालको नाममा जारी भएको ९० दिन मान्य अवधि रहने गरी (बोलपत्र खोलेको मिति वाट गणना हुने) म्याद भएको वैक ग्यारेन्टी (विड वण्ड) का साथै प्रस्तावित खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित रुपमा घोषणा गरेको कागजातहरुको सक्कल प्रति अनिवार्य संलग्न गर्नु पर्नेछ। तथा सोही दिनको २:०० बजेभित्र उपरोक्त उल्लेखित कागजातहरु को अतिरिक्त सि.नं. १ मा उल्लेखित कागजातहरुको सक्कल तथा प्रमाणित कागजहरु यस अस्पतालको सम्बन्धित कामको Bidding Document समेतमा वोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस अस्पतालमा अनिवार्य दर्ता गराई सक्नुपर्नेछ। उपरोक्त वमोजिम नभएको वोलपत्र उपर कारवाही गरिनेछैन।

३. वोलपत्रदाताले आफुले कबोल गरेको बोलपत्रमा कुनै संसोधन वा फिर्ता गर्न चाहेमा सो व्यहोराको पत्र लेखी Power of Attorney तोकी लिखित रुपमा सिलवन्दी गरी सम्वन्धित फर्म कम्पनीको सहि छाप लगाई सिलवन्दी बोलपत्र खोलिने दिनको २:०० वजे भित्र अनिवार्य निवेदन दर्ता गरिसक्नु पर्नेछ। उक्त समयभित्र दर्ता नभएको सिलवन्दी बोलपत्र सम्बन्धी कागजातउपर कुनै कारवाही गरिनेछैन।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खोलेको दिन र सोही समयमा हुनेछ। बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २:०० वजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।

५. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि स्वीकृत बोलपत्रदाताले स्वीकृत अंकको ५% ले हुन आउने वा सो बरावरको परफरमेन्स वण्ड Delivery Period समेत समेटने अवधि भएको सम्झौता गर्नु अगावै यस अस्पतालको नाममा जम्मा गर्नु पर्नेछ।

६. कुनै कारण जनाई वा नजनाई सम्पुर्ण वा आशिंक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्रमा उल्लेखित एक्सरे सामाग्रीहरुको परिमाणमा अस्पतालले आवश्यकता अनुसार थप घट हुन सक्नेछ। थपघट भएको परिमाणमा कवोल गरेको दररेटको आधारमा अस्पताललाई उपलब्ध गराउनु पर्नेछ।

८. बोलपत्रमा स्वीकृत पश्चात् बोलपत्रमा उल्लेखित सामानहरु कवोल गरेको दररेटमा अस्पतालको आवश्यकता अनुसार तोकिएको समयमा उपलब्ध गराउनु पर्नेछ।

९. एक्सरे रिएजेन्टका सामानहरु आइटमवाइज पनि स्वीकृत गर्न सकिनेछ। कम्तीमा ५ आईटमको कवोल अंक सवै भन्दा कम देखिन आएमा आईटमवाईज रुपमा सवै भन्दा कम दररेटलाई आधार मानी त्यस्तो फर्म सँग खरीद सम्झौता गर्न सकिनेछ।

१०. BOQ को सवै आइटम अनिवार्य रुपमा भर्नु पर्नेछ। BOQ को सवै आइटम नभरिएको बोलपत्रलाई रितपुर्वक बोलपत्र मानिने छैन।

११. आइटम वाइज दररेटको आधारमा कम्तीमा ५ आईटम सवै भन्दा कम दररेट कवोल गर्ने फर्म कम्पनी वा सप्लायर्सलाई आइटमवाइज सम्झौता गर्न नआएमा बोलपत्रदाताको Bid bond वापतको पूरै रकम जफत गरिनेछ। साथै उक्त फर्मलाई कालोसूचिमा राख्न सम्बन्धीत निकायमा लेखि पठाइनेछ।

१२. सि.आर. एवं एक्सरे फिल्मको हकमा अस्पतालमा हाल प्रयोगमा रहेको मेशिन औजारमा उपयुक्त हुने कम्पनीको फिल्म र रि एजेन्ट उपलब्ध गराउनु पर्नेछ। सो को कम्पनीको आधिकारीक प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

१३. द्घइत्त मा उल्लेखित ल्याब सम्बन्धी सबै आइटमको Sample अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नुपर्नेछ। सबै आइटमको Sample पेश हुन नआएको बोलपत्र मुल्याँकनमा समावेश गरिने छैन।

१४. अस्पताललाई सप्लाई गर्ने एक्सरे रिएजेन्ट ISO Certified Company बाट उत्पादित सामाग्री मात्र सप्लाई गर्नु पर्नेछ।

१५. आफुले सप्लाई गर्ने एक्सरे रियजेन्ट सामाग्रीहरुको आधिकारीक पत्र Authority Letter स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र विदेशी कम्पनी भए National Suppliers बाट लिई पेश गर्नु पर्नेछ।

१६. आपुर्तिकर्ताले सप्लाई गरेको एक्सरे रिएजेन्ट सम्बन्धी सामाग्रीहरुको गुणस्तरमा शंका लागी परिक्षण गर्नु पर्ने भएमा आपुर्तिकर्ता स्वयमले परिक्षण गराई परिक्षणको प्रमाणपत्र पेश गर्नु पर्नेछ। परिक्षणमा लाग्ने खर्च आपुर्तिकर्ता स्वयम्ले नै व्यहोर्नु पर्नेछ।

१७. बोलपत्र सम्बन्धी अन्य कुनै कुराहरु बुझ्नु परेमा कार्यालय समयमा लेखा शाखा वा स्टोर शाखामा सोझै सम्पर्क राखी बुझ्न सकिनेछ।

१८. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

तपसिल

| सि.नं. | प्याकेज/ठेक्का नं. | बिबरण | लागत अनुमान | बोलपत्र दस्तुर | जमानत रकम |
|---|---|---|---|---|---|
| १. | १/०७४/०७५ | एक्सरे रिएजेन्ट सम्बन्धी सामाग्री | १४५३९३४२।- | रु ३०००।- | ३६३४८५।- |

प्रमुख मेडिकल सुपरिटेन्डेन्ट



# अर्थ

2017, JULY Wednesday 26

जहाज खरिद गर्न आवेदन दिनेमा जनार्दनमान डंगोल, बीबी एयरवेज, टीबीआई ग्रुप, अनु मानन्धर, एपीएस एयरपोर्टस् सर्भिस एन्ड सप्लार्स इजरायल, अमेरिकाको एभिएसन सिस्टम इंक, नेपालकै हिमालय एभिएसन कन्सल्यान्टले खरिद गर्ने प्रस्ताव राखेका छन्।


ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191

EARTHQUAKE RESISTANT REBAR

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालको नं. 1 मारुती सिमेन्ट

हामी बनाउँदैछौं नेपाललाई...


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ साउन ११ जुलाई २६ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।७५ | १०३।३५ |
| युरो १ का रु. | ११९।७४ | १२०।४४ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३३।९३ | १३४।७१ |
| स्विस फ्रन्क १ का रु. | १०८।३९ | १०९।०२ |
| अस्ट्रलियन डलर १ का रु. | ८१।४६ | ८१।९४ |
| क्यानाडियन डलर १ का रु. | ८२।०७ | ८२।५५ |
| सिङ्गापुर डलर १ का रु. | ७५।४६ | ७५।९० |
| जापानी यन १० का रु. | ९।२३ | ९।२८ |
| चिनियाँ युआन १ का रु. | १५।२२ | १५।३१ |
| साउदी अरब रियाल १ का रु. | २७।४० | २७।५६ |
| कतारी रियाल १ का रु. | २८।२१ | २८।३८ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।०७ | ३।०९ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।९७ | २८।१४ |
| मलसियन रिङ्गिट १ का रु. | २४।०० | २४।१४ |
| दक्षिण कारियन वन १०० का रु. | ९।२० | ९।२६ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।५४ |
| डनिस क्रानर १ का रु. | १६।१० |
| हङकङ डलर १ का रु. | १३।१६ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# नगोसिएसनमा निगमले एयरक्राफ्ट बिक्री गर्दै

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल वायुसेवा निगमले विगतमा दुई पटकसम्म न्यूनतम १७ करोड रुपियाँ मूल्यांकन गरेर बिक्री नभएको बी ७५७-२००, ९ एन-एसीए एयरक्राफ्ट आपसी समझदारीमा बिक्री गर्न तयारी थालेको छ।

विगतमा तय गरिएको मूल्यमा कुनै आवेदन नपरे पनि अहिले उक्त बोइङ किन्न सात वटा कम्पनी र व्यक्तिगतसम्मको प्रस्ताव आएको निगमले जनाएको छ। अब निगमले सबै प्रस्तावकलाई राखेर छलफल गर्ने र समझदारीमा आउने प्रस्तावमध्येबाट एक कम्पनीलाई जहाज बिक्री गर्ने जनाएको छ।

निगमले दुई साताको समय सीमा राखेर आपसी छलफलबाट बिक्री गर्ने प्रस्तावमा भने नेपालकै वायुसेवा कम्पनीदेखि विदेशीसम्मले आवेदन दिएको वायुसेवा निगमका सहप्रवक्ता शैलेन्द्र कंसकारले जानकारी दिनुभयो। उहाँका अनुसार पछिल्लो प्रस्तावमा १२ करोडदेखि १६ करोड रुपियाँसम्मको मूल्य राखेर ७ वटा कम्पनीले प्रस्ताव राखेका छन् ।

एक साताभित्रै प्रस्ताव पेश गरेका कम्पनीलाई छलफलमा आउन पनि निगमले सूचना जारी गरिसकेको छ। उक्त समय सीमा भोलि सकिँदै छ। निगमले दिएको जानकारीअनुसार आपसी छलफलबाट जहाज किन्न एक अमेरिकी कम्पनी र एक इजरायली कम्पनीले प्रस्ताव गरेका छन् भने बाँकी नेपाली प्रस्ताव परेको छ।

निगमका अनुसार जहाज खरिद गर्न आवेदन दिनेमा जनार्दनमान डंगोल, बीबी एयरवेज, टीबीआई ग्रुप, अनु मानन्धर, एपीएस एयरपोर्टस् सर्भिस एन्ड सप्लार्स इजरायल, अमेरिकाको एभिएसन सिस्टम इंक, नेपालकै हिमालय एभिएसन कन्सल्यान्टले खरिद गर्ने प्रस्ताव राखेका छन्।

निगमका अनुसार निगमको प्रस्तावमा जुन कम्पनी सहमत हुन्छ, जहाज उसैले लान सफल हुन्छ। सकेसम्म धेरै मूल्य प्रस्ताव गर्नेलाई नै जहाज दिने सहप्रवक्ता कंसकारको भनाइ छ। जहाज मर्मत खर्च धेरै लाग्ने भएपछि बनाएर बेच्नेभन्दा सोही अवस्थामा नै बिक्री गर्ने र रकम थप गरी नयाँ खरिद गर्ने योजना निगमको रहेको छ। अहिलेको समयमा जहाज खरिद गर्दा कम्तिमा ५ अर्ब रुपियाँ लाग्ने अनुमान छ । कवाडीको मूल्यमा बिक्री गर्दा भने पनि यो जहाजलाई १६ करोड रुपियाँ पर्ने जानकार बताउँछन्।





अन्तर्राष्ट्रिय उडानको लागि निगमसँग दुई वटा एयरबस ए ३२० रहेका छन्। यो बाहेक निगमले आगामी एक वर्षभित्रमै लामो दूरीमा उडान गर्न सक्ने थप दुई वटा वाइडवडी जहाज ल्याउँदै छ। निगमसँग साढे दुई दशक पुराना दुई वटा यस्तो जहाजमध्ये एउटा भने उडानमै रहेको छ।

# लगानीकर्ता बैंकिङतर्फ आकर्षित हुन सकेनन्

काठमाडौं, (नेस)

अंकले ओरालो लाग्दै आएको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक साताको तेस्रो दिन मंगलबार भने बढेको छ। मंगलबार नेप्से परिसूचक ७ दशमलव ११ अंकले बढेर १६ सय ३६ दशमलव १९ को बिन्दुमा पुगेको छ। कारोबारमा आएका आठ समूहमध्ये बैंक तथा अन्य बाहेकका सबै समूह बढेपछि समग्र बजार बढेको हो।

पछिल्लो केही दिनयता लगातार बीमा कम्पनीहरू लगानीकर्ताको रोजाईमा पर्दै आएका छन्। अघिल्ला दिनमा जस्तै मंगलबार पनि बीमा समूह सबैभन्दा बढी अंकले बढेको छ। यस दिन बीमा समूह १५७ दशमलव ३२ अंकले बढेको छ।

बीमा समितिले पुँजी वृद्धिको योजना माग गर्दा अधिकांश बीमा कम्पनीले हकप्रद र बोनस वितरण गर्ने प्रस्ताव पेश गरेको भन्ने खबर बाहिरिएसँगै बीमाप्रति लगानीकर्ताको आकर्षण देखिएको छ।

त्यस्तै मंगलबार उत्पादन तथा प्रशोधन समूह ७९ दशमलव ८५ अंक, जलविद्युत् समूह १८ दशमलव शून्य ३ अंक, होटल ८ दशमलव ३९ अंक, फाइनान्स ६ दशमलव ९६ अंक, विकास बैंक ६ दशमलव ४८ र व्यापार १ दशमलव ३५ अंकले वृद्धि हुँदा अन्य समूह ३ दशमलव १८ अंक र बैंकिङ समूह शून्य दशमलव ४ अंकले घटेको छ।

मंगलबार परिसूचकमा वृद्धि देखिए पनि कारोबार रकममा भने सोमबारको तुलनामा केही कमी आएको छ। मंगलबार कुल १५६ कम्पनीको ९४ करोड ८५ लाख ६५ हजार १०६ रुपियाँको शेयर किनबेच भएको छ। अघिल्लो दिन १ अर्ब ५ करोड रुपियाँको शेयर किनबेच भएको थियो।

यस दिन राष्ट्रिय बीमा कम्पनीको संस्थापक शेयर सर्वाधिक कारोबार भयो। कम्पनीको शेयर १० करोड २९ लाख रुपियाँको शेयर कारोबार भएको छ।

त्यस्तै नेपाल इन्स्योन्सको ५ करोडमाथिको शेयर किनबेच भएको छ। आज सबैभन्दा बढी कमाउनेमा राष्ट्रिय बीमा कम्पनीका लगानीकर्ता रहेका छन्। यो कम्पनीको शेयर मूल्य १० प्रतिशतले बढेको छ। केही समय अगाडि मात्रै तीन आर्थिक वर्षको साधारणसभा सम्पन्न गरेको राष्ट्रिय बीमा कम्पनीले पुन: दुई आर्थिक वर्ष २०६३/६४ र २०६४/६५ को साधारणसभा गर्ने सूचना बाहिरिएसँगै यसमा लगानीकर्ताको खरिद चाप पर्दा कम्पनीको शेयर मूल्यमा उछाल आएको हो ।

यसदिन राष्ट्रिय बीमा कम्पनीका लगानीकर्ताले १० प्रतिशत कमाउँदा हिमालयन डिष्टलरी, नाङ्दी पावर र लुम्बिनी विकास बैंकको शेयरमूल्य ९ प्रतिशत बढेको छ तर, सिनर्जी पावर कम्पनीका लगानीकर्ताले चार प्रतिशतले गुमाएका छन्।

## सेन्ट्रल फाइनान्सले ५० प्रतिशत हकप्रद दिने

काठमाडौं (नेस)

सेन्ट्रल फाइनान्सले आफ्ना शेयरधनीलाई चुक्ता पुँजीको ५० प्रतिशतको दरले हकप्रद शेयर जारी गर्ने भएको छ। हकप्रद शेयर जारी गरेपश्चात संस्थाको चुक्ता पुँजी ७८ करोड ९ लाख ९४ हजार रुपियाँ पुग्नेछ। त्यसपश्चात आर्थिक वर्ष २०७३/७४को बोनस शेयरबाट 'ग' वर्गको वित्तीय संस्थाको लागि आवश्यक पर्ने चुक्ता पुँजी ८० करोड रुपियाँ पुग्ने कम्पनीले जनाएको छ।

सेन्ट्रल फाइनान्स र भक्तपुर फाइनान्स एक आपसमा मर्जपश्चात सेन्ट्रल फाइनान्सको नामबाट एकीकृत कारोबार शुरू भएको संस्थाको हाल चुक्ता पुँजी ५२ करोड ६ लाख ६३ हजार, निक्षेप २ अर्ब ७३ करोड २६ लाख, कर्जा लगानी २ अर्ब ४१ करोड ३० लाख र गत आवको कर तथा व्यवस्था अघिको सञ्चालन नाफा १४ कराड २९ लाख रुपियाँ रहेको कम्पनीले जनाएको छ।

## अन्नपूर्ण क्षेत्रमा महोत्सव गरिने

पोखरा, (नेस)

अन्नपूर्ण क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ अन्नपूर्ण आधार शिविरमा आगामी अक्टोबरमा 'सबैका लागि पर्यटन' भन्ने मुल नाराका साथ पर्यटन महोत्सव गरिने भएको छ। अन्नपूर्ण गाउँपालिका कास्की, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कास्की, नेपाल पर्यटन बोर्ड क्षेत्रीय कार्यालय पोखरा र टान क्षेत्रीय कार्यालय पोखराको विशेष सहयोगमा महोत्सवको आयोजना गर्न लागिएको पोखरामा आयोजित अन्तर्क्रिया कार्यक्रममा जानकारी गराइएको छ।

पर्यटन व्यवस्थापन उपसमिति, छोम्रोङद्वारा आयोजित छलफल एवम् अन्तर्क्रिया कार्यक्रममा अन्नपूर्ण गाउपालिकाका प्रमुख युवराज कुवरले यस क्षेत्रको पर्यटकीय विकासका लागि महोत्सव गर्न लागिएको बताए। आरोहणका दृष्टिबाट जेठो हिमालका रूपमा ख्याती कमाएको अन्नपूर्ण हिमालको ऐतिहासिक महत्व समेतलाई दृष्टिगत गरी महोत्सव आयोजना गर्न लागिएको उनले जानकारी दिए। महोत्सवलाई भव्यताका साथ सम्पन्न गर्न ललित गुरुङको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको छ।

# अग्रवाल वाणिज्यदूत नियुक्त

काठमाडौं, (नेस)

विशाल ग्रुपका प्रबन्ध निर्देशक अशोककुमार अग्रवाल नेपालका लागि गिनी गणतन्त्रका अवैतनिक वाणिज्यदूत नियुक्त हुनुभएको छ। पश्चिम अफ्रिकी मुलुक गिनी गणतन्त्रको सरकारले अग्रवाललाई अवैतनिक वाणिज्यदूत नियुक्त गरेको हो।

नवनियुक्त वाणिज्यदूत अग्रवालले दुई मित्रराष्ट्रको आर्थिक र जनस्तरको सम्बन्ध अभिवृद्धिमा भूमिका खेल्ने बताउनुभएको छ।

गिनी गणतन्त्रमा नेपाली वस्तुको बजार प्रवर्द्धनका लागि पहल गर्ने लगायत त्यहाँका पर्यटकलाई नेपाल ल्याउन प्रयास गर्ने उहाँले बताउनुभयो।



अग्रवाल विशाल समूहको तेस्रो पुस्ताका उद्यमी हुनुहुन्छ। दूरदर्शी एवम् मिलनसार व्यक्तिका रूपमा परिचित अग्रवाल आयात-निर्यातकर्ता व्यवसायीको छाता संगठन नेपाल समुद्रपार निकासी पैठारी संघ तथा नेपाल चेम्बर कमर्स जस्ता सस्थासँग आवद्ध हुनुहुन्छ।

# अघि बढ्यो बायोमास ऊर्जा योजना

**नेपाल समाचारपत्र**

हेटौंडा

हेटौंडा औद्योगिक क्षेत्रका उद्योगलाई विद्युत्मा राहत पुऱ्याउने उद्धेश्यले थालिएको बायोमास प्रविधिमार्फत् १५ मेगावाट विद्युत् उत्पादन प्रक्रिया बल्ल अगाडि बढेको छ। नेपाल विद्युत् विकास बोर्डमा अड्किएको योजनाले अब गति लिने भएको हो।

चिनियाँ कम्पनी बायोमास इनर्जी कम्पनी प्रालिले हेटौंडा सिमेन्टको स्वामित्वमा रहेको हेटौंडा-९, लामसुरे हाइटस्थित रातोमाटे डाँडामा पावर स्टेसन जडान गर्ने प्रक्रिया अगाडि बढाइएको हो।

यसका लागि केही दिनअघि चिनियाँ कम्पनीको नेपालस्थित सहजकर्ता भेषराज पौडेलसहित स्थलगत अध्ययन गरी परियोजनाबारे आवाज उठाउँदै स्थापनामा सक्रिय सांसद् अनन्त पौडेल, मेयर हरिबहादुर महत र हेटौंडाका पूर्वमेयर डोरमणि पौडेललगायतसँग भेट गरेको छ। यही पद्धतिमा चीनमा स्थापित परियोजनाको स्थलगत अध्ययनको निम्तो पाएपछि हेटौंडाबाट सांसद् पौडेल, मेयर महत र पूर्वमेयर पौडेल साउन १८ गते चीन जाँदैछन्। पाँच दिन त्यहाँ रहँदा ग्वाङ्जाउमा रहेको परियोजनाको निरीक्षण गरिने सांसद् पौडेलले बताउनुभयो। 'चीनबाट फर्किएपछि विदेशी लगानी प्राप्त गर्नेबारे प्रक्रिया अगाडि बढाइनेछ,' सांसद् पौडेलले बुट पद्धतिअनुसार परियोजना सञ्चालन गरिने बताउनुभयो। उक्त प्रविधिबाट उत्पादित बिजुली हेटौंडा औद्योगिक क्षेत्रका उद्योगलाई उपलब्ध गराउने लक्ष्य राखिएको छ। यहाँका उद्योगीहरूले आवश्यक युनिट विद्युत् नपाएको गुनासो गरिरहँदा नयाँ प्रविधिबाट विद्युत् उत्पादन प्रक्रिया थालिएको हो।

केही समयअघि हेटौंडा सिमेन्ट उद्योगमा आयोजित स्थानीय सर्वपक्षीय/सर्वदलीय भेलाले पावर स्टेसनका लागि पाँच सय वर्गमिटर जग्गा उपलब्ध गराउने निर्णय गरेअनुसार पावर स्टेसन जडान प्रक्रिया अगाडि बढाइएको सांसद् पौडेलले बताउनुभयो।

यसरी उत्पादित बिजुली हेटौंडाको अर्को घोषित औद्योगिक क्षेत्रमा प्रयोग गर्न उपयुक्त हुने योजनासहित काम अगाडि बढाइएको सांसद् पौडेलले बताउनुभयो। देशकै लागि एउटा नमूना परियोजनाका रूपमा रहेकाले यसलाई स्थापना र सञ्चालनदायित्व राज्यको नै भएको भन्दै सांसद् पौडेलले राज्यले सहयोग गरे तत्काल विद्युत् उत्पादन हुनसक्ने औंल्याउनुभयो।

प्रालिअन्तर्गत करिब ५ अर्ब चिनियाँ लगानी रहने उक्त प्रविधि शुरू भएपछि कम्पनीले तरकारीका खेर गएका सागपात, झार र पत्कर आदि खरिद गरी ऊर्जा उत्पादन गर्नेछ। सांसद् पौडेलका अनुसार फ्याँकिने र ऊर्जा निकाल्न योग्य वस्तु कम्पनीले प्रतिकिलो तीन रुपियाँका दरले खरिद गर्नेछ। उक्त प्रविधि जडानपछि विद्युत् उत्पादनमात्र नभई प्रत्यक्ष र परोक्षरूपमा करिब १० हजारले रोजगारी पाउने विश्वास सांसद् पौडेलले व्यक्त गर्नुभयो।

## SHARE MARKET

25 JULY TUESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 16138.00 | 461.00 | 454.00 | 458.00 | 3.00 |
| 2 | Api Power Company Ltd. | 10425.00 | 612.00 | 600.00 | 612.00 | 15.00 |
| 3 | Arun Finance Limited | 4660.00 | 190.00 | 173.00 | 190.00 | 14.00 |
| 4 | Arun Kabeli Power Ltd. | 3866.00 | 423.00 | 404.00 | 411.00 | -1.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 6911.00 | 285.00 | 266.00 | 276.00 | 10.00 |
| 6 | Asian Life Insurance Co. Limited | 19548.00 | 1634.00 | 1580.00 | 1634.00 | 49.00 |
| 7 | Bank of Kathmandu Ltd. | 26374.00 | 470.00 | 452.00 | 459.00 | -2.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 1317.00 | 270.00 | 248.00 | 270.00 | 20.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 902.00 | 304.00 | 299.00 | 299.00 | -2.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 350.00 | 7300.00 | 6885.00 | 7300.00 | 550.00 |
| 11 | Butwal Power Company Limited | 2851.00 | 640.00 | 626.00 | 635.00 | 0.00 |
| 12 | Central Finance Co. Ltd. | 6272.00 | 201.00 | 195.00 | 197.00 | 4.00 |
| 13 | Century Commercial Bank Ltd. | 15107.00 | 276.00 | 267.00 | 270.00 | 3.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 6539.00 | 1600.00 | 1565.00 | 1580.00 | 0.00 |
| 15 | Chilime Hydropower Company Limited | 7889.00 | 824.00 | 808.00 | 811.00 | -2.00 |
| 16 | Citizen Bank International Limited | 12759.00 | 393.00 | 381.00 | 384.00 | -4.00 |
| 17 | Citizen Investment Trust | 698.00 | 4000.00 | 3970.00 | 3995.00 | 35.00 |
| 18 | Civil Bank Ltd | 24720.00 | 263.00 | 256.00 | 259.00 | 1.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 415.00 | 1295.00 | 1271.00 | 1273.00 | -7.00 |
| 20 | Deprosc Development Bank Limited | 3457.00 | 1330.00 | 1310.00 | 1312.00 | 10.00 |
| 21 | Deva Bikas Bank Limited | 20617.00 | 267.00 | 261.00 | 264.00 | -2.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 131.00 | 205.00 | 202.00 | 204.00 | 0.00 |
| 23 | Everest Bank Limited | 5433.00 | 1395.00 | 1355.00 | 1377.00 | -3.00 |
| 24 | Everest Insurance Co. Ltd. | 3527.00 | 2635.00 | 2600.00 | 2602.00 | 6.00 |
| 25 | Excel Development Bank Ltd. | 2328.00 | 640.00 | 629.00 | 630.00 | 0.00 |
| 26 | First Micro Finance Dev. Bank Ltd. | 1024.00 | 1012.00 | 1005.00 | 1011.00 | -9.00 |
| 27 | Forward Community Mic. Bittiya San. Ltd. | 5324.00 | 3901.00 | 3781.00 | 3836.00 | 14.00 |
| 28 | Garima Bikas Bank Limited | 6266.00 | 298.00 | 290.00 | 294.00 | 0.00 |
| 29 | Garima Bikas Bank Limited Pro. Share | 51776.00 | 165.00 | 165.00 | 165.00 | -3.00 |
| 30 | Global IME Bank Limited | 46768.00 | 402.00 | 386.00 | 390.00 | -1.00 |
| 31 | Global IME Samunnat Scheme-1 | 8610.00 | 9.94 | 9.80 | 9.80 | -0.15 |
| 32 | Goodwill Finance Co. Ltd. | 1136.00 | 206.00 | 201.00 | 201.00 | -4.00 |
| 33 | Green Development Bank Ltd. | 415.00 | 640.00 | 625.00 | 630.00 | 10.00 |
| 34 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 11.00 | 278.00 | 278.00 | 278.00 | 5.00 |
| 35 | Gurans Life Insurance Company Ltd. | 4449.00 | 1185.00 | 1150.00 | 1170.00 | 9.00 |
| 36 | Gurkhas Finance Ltd. | 6793.00 | 183.00 | 180.00 | 183.00 | 3.00 |
| 37 | Hamro Bikas Bank Ltd. | 1305.00 | 287.00 | 272.00 | 272.00 | -10.00 |
| 38 | Himalayan Bank Limited | 3308.00 | 925.00 | 900.00 | 900.00 | -10.00 |
| 39 | Himalayan Distillery Limited | 100.00 | 1270.00 | 1178.00 | 1270.00 | 115.00 |
| 40 | Himalayan General Insurance Co. Ltd | 22281.00 | 958.00 | 923.00 | 924.00 | -16.00 |
| 41 | ICFC Finance Limited | 4315.00 | 291.00 | 280.00 | 290.00 | 10.00 |
| 42 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 4309.00 | 195.00 | 192.00 | 193.00 | -1.00 |
| 43 | Janaki Finance Ltd. | 20.00 | 272.00 | 272.00 | 272.00 | 5.00 |
| 44 | Janata Bank Nepal Ltd. | 36665.00 | 295.00 | 287.00 | 290.00 | 2.00 |
| 45 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 298.00 | 3233.00 | 3140.00 | 3233.00 | 68.00 |
| 46 | Jebils Finance Ltd. | 44.00 | 260.00 | 260.00 | 260.00 | -3.00 |
| 47 | Jyoti Bikas Bank Limited | 20309.00 | 210.00 | 203.00 | 205.00 | 0.00 |
| 48 | Kabeli Bikas Bank Limited | 15.00 | 519.00 | 519.00 | 519.00 | -7.00 |
| 49 | Kailash Bikas Bank Ltd. | 11897.00 | 344.00 | 325.00 | 338.00 | 1.00 |
| 50 | Kalika Microcredit Dev. Bank Ltd. | 3623.00 | 1905.00 | 1880.00 | 1900.00 | 16.00 |
| 51 | Kankai Bikas Bank Ltd. | 491.00 | 234.00 | 230.00 | 234.00 | 6.00 |
| 52 | Karnali Development Bank Limited | 1240.00 | 303.00 | 298.00 | 303.00 | 5.00 |
| 53 | Khanikhola Hydropower Co. Ltd. | 680.00 | 206.00 | 203.00 | 206.00 | 0.00 |
| 54 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 908.00 | 3110.00 | 3000.00 | 3051.00 | 51.00 |
| 55 | Kuber Merchant Finance Limited | 260.00 | 181.00 | 178.00 | 178.00 | -6.00 |
| 56 | Kumari Bank Limited | 13221.00 | 326.00 | 323.00 | 323.00 | 0.00 |
| 57 | Lalitpur Finance Ltd. | 344.00 | 192.00 | 190.00 | 192.00 | 3.00 |
| 58 | Laxmi Bank Limited | 11731.00 | 371.00 | 363.00 | 365.00 | -3.00 |
| 59 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1140.00 | 1919.00 | 1880.00 | 1914.00 | 34.00 |
| 60 | Laxmi Value Fund-1 | 8000.00 | 13.03 | 13.03 | 13.03 | -0.27 |
| 61 | Life Insurance Co. Nepal | 2089.00 | 2460.00 | 2440.00 | 2455.00 | 15.00 |
| 62 | Lumbini Bikas Bank Ltd. | 60.00 | 184.00 | 171.00 | 184.00 | 16.00 |
| 63 | Lumbini General Insurance Co. Ltd. | 9694.00 | 1080.00 | 1050.00 | 1060.00 | -1.00 |
| 64 | Machhapuchhre Bank Limited | 11503.00 | 362.00 | 351.00 | 352.00 | -1.00 |
| 65 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 334.00 | 1190.00 | 1157.00 | 1190.00 | 20.00 |
| 66 | Manjushree Finance Ltd. | 4366.00 | 160.00 | 156.00 | 159.00 | 0.00 |
| 67 | Mero Microfinance Bittiya Sanstha Ltd. | 791.00 | 2245.00 | 2220.00 | 2230.00 | 3.00 |
| 68 | Mirmire Microfinance Dev. Bank Ltd. | 240.00 | 2370.00 | 2350.00 | 2370.00 | 60.00 |
| 69 | Miteri Development Bank Limited | 2306.00 | 544.00 | 535.00 | 536.00 | -10.00 |
| 70 | Mithila LaghuBitta Bikas Bank Ltd. | 185.00 | 1330.00 | 1308.00 | 1308.00 | -17.00 |
| 71 | Muktinath Bikas Bank Ltd. | 13185.00 | 1000.00 | 980.00 | 993.00 | 12.00 |
| 72 | Nabil Balance Fund 1 | 34096.00 | 20.72 | 20.61 | 20.65 | -0.10 |
| 73 | Nabil Bank Limited | 5546.00 | 1620.00 | 1607.00 | 1612.00 | 2.00 |
| 74 | NABIL Bank Limited Promotor Share | 4650.00 | 1242.00 | 1218.00 | 1230.00 | -6.00 |
| 75 | Nabil Equity Fund | 11909.00 | 10.00 | 9.91 | 9.91 | -0.09 |
| 76 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 528.00 | 3315.00 | 3260.00 | 3300.00 | 40.00 |
| 77 | National Hydro Power Co. Limited | 205780.00 | 163.00 | 149.00 | 151.00 | -3.00 |
| 78 | National Life Insurance Co. Ltd. | 5948.00 | 2082.00 | 2026.00 | 2029.00 | -31.00 |
| 79 | National Microfinance Bittiya Sanstha Ltd. | 20.00 | 2084.00 | 2044.00 | 2084.00 | 80.00 |
| 80 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 240.00 | 2460.00 | 2411.00 | 2425.00 | 5.00 |
| 81 | NB Insurance Co. Ltd. | 10995.00 | 1259.00 | 1227.00 | 1259.00 | 29.00 |
| 82 | Neco Insurance Co. Ltd. | 10772.00 | 1167.00 | 1144.00 | 1155.00 | 5.00 |
| 83 | Nepal Bangladesh Bank Limited | 8470.00 | 408.00 | 395.00 | 403.00 | 0.00 |
| 84 | Nepal Bank Limited | 5690.00 | 380.00 | 370.00 | 373.00 | 2.00 |
| 85 | Nepal Community Dev. Bank Ltd. | 1453.00 | 319.00 | 312.00 | 319.00 | -1.00 |
| 86 | Nepal Cre. & Com. Bank Ltd. Pro. Share | 3759.00 | 199.00 | 199.00 | 199.00 | 0.00 |
| 87 | Nepal Credit And Com. Bank Limited | 16900.00 | 385.00 | 379.00 | 380.00 | 0.00 |
| 88 | Nepal Doorsanchar Comapany Limited | 2335.00 | 672.00 | 668.00 | 668.00 | -3.00 |
| 89 | Nepal Grameen Bikas Bank Ltd. | 4384.00 | 781.00 | 766.00 | 771.00 | -9.00 |
| 90 | Nepal Insurance Co. Ltd. | 32174.00 | 1688.00 | 1575.00 | 1679.00 | 104.00 |
| 91 | Nepal Investment Bank Limited | 24363.00 | 786.00 | 761.00 | 779.00 | 5.00 |
| 92 | Nepal Investment Bank Ltd. Pro. Share | 5560.00 | 695.00 | 682.00 | 685.00 | 5.00 |
| 93 | Nepal Life Insurance Co. Ltd. | 14266.00 | 2335.00 | 2300.00 | 2310.00 | -1.00 |
| 94 | Nepal SBI Bank Limited | 4268.00 | 947.00 | 938.00 | 943.00 | 3.00 |
| 95 | Nerude Laghubita Bikas Bank Limited | 695.00 | 1360.00 | 1350.00 | 1350.00 | -10.00 |
| 96 | Ngadi Group Power Ltd. | 2331.00 | 286.00 | 260.00 | 286.00 | 26.00 |
| 97 | NIBL Pragati Fund | 8075.00 | 9.93 | 9.50 | 9.93 | 0.27 |
| 98 | NIBL Samriddhi Fund 1 | 5078.00 | 12.39 | 12.15 | 12.20 | -0.14 |
| 99 | NIC Asia Bank Ltd. | 10580.00 | 469.00 | 460.00 | 463.00 | 3.00 |
| 100 | Nirdhan Utthan Bank Limited | 1424.00 | 2101.00 | 2090.00 | 2100.00 | 0.00 |
| 101 | NLG Insurance Company Ltd. | 2627.00 | 1660.00 | 1640.00 | 1640.00 | -20.00 |
| 102 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1161.00 | 2950.00 | 2900.00 | 2900.00 | -29.00 |
| 103 | NMB Bank Limited | 10604.00 | 555.00 | 543.00 | 543.00 | -7.00 |
| 104 | NMB Hybrid Fund L-1 | 9960.00 | 10.10 | 9.89 | 9.90 | -0.10 |
| 105 | NMB Sulav Investment Fund-1 | 31000.00 | 13.45 | 13.18 | 13.18 | -0.04 |
| 106 | Om Development Bank Ltd. | 8598.00 | 432.00 | 417.00 | 418.00 | 0.00 |
| 107 | Oriental Hotels Limited | 3549.00 | 716.00 | 700.00 | 716.00 | 14.00 |
| 108 | Pokhara Finance Ltd. | 1310.00 | 255.00 | 250.00 | 255.00 | 0.00 |
| 109 | Prabhu Bank Limited | 27551.00 | 403.00 | 397.00 | 399.00 | 0.00 |
| 110 | Prabhu Insurance Ltd. | 33393.00 | 1184.00 | 1160.00 | 1170.00 | 6.00 |
| 111 | Premier Insurance Co. Ltd. | 12891.00 | 1806.00 | 1785.00 | 1806.00 | 36.00 |
| 112 | Prime Commercial Bank Ltd. | 20135.00 | 432.00 | 422.00 | 425.00 | 0.00 |
| 113 | Prime Life Insurance Company Limited | 9025.00 | 2740.00 | 2700.00 | 2740.00 | 15.00 |
| 114 | Prudential Insurance Co. Ltd. | 7173.00 | 1591.00 | 1550.00 | 1585.00 | 35.00 |
| 115 | Prudential Insurance Co. Ltd. Pro. Share | 17107.00 | 855.00 | 855.00 | 855.00 | -13.00 |
| 116 | Purnima Bikas Bank Ltd. | 2410.00 | 317.00 | 312.00 | 312.00 | 2.00 |
| 117 | Rastriya Beema Company Limited | 1543.00 | 17545.00 | 16269.00 | 17545.00 | 1595.00 |
| 118 | Rastriya Beema Co. Limited Pro. Share | 6994.00 | 15367.00 | 14249.00 | 15367.00 | 1397.00 |
| 119 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 111.00 | 2050.00 | 1991.00 | 2050.00 | 29.00 |
| 120 | Reliance Finance Ltd. | 9455.00 | 224.00 | 211.00 | 224.00 | 12.00 |
| 121 | Ridi Hydropower Dev. Company Ltd. | 1247.00 | 202.00 | 193.00 | 202.00 | 6.00 |
| 122 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1914.00 | 3102.00 | 3040.00 | 3081.00 | 39.00 |
| 123 | Rural Microfinance Dev. Centre Ltd. | 3005.00 | 802.00 | 785.00 | 785.00 | -15.00 |
| 124 | Sagarmatha Insurance Co. Ltd. | 4630.00 | 1684.00 | 1650.00 | 1670.00 | 8.00 |
| 125 | Sahayogi Bikas Bank Limited | 25.00 | 377.00 | 377.00 | 377.00 | 7.00 |
| 126 | Salt Trading Corporation | 1499.00 | 246.00 | 242.00 | 246.00 | 8.00 |
| 127 | Sana Kisan Bikas Bank Ltd | 1803.00 | 1590.00 | 1567.00 | 1567.00 | -18.00 |
| 128 | Sanima Bank Limited | 29042.00 | 434.00 | 426.00 | 426.00 | 1.00 |
| 129 | Sanima Mai Hydropower Ltd. | 31853.00 | 650.00 | 615.00 | 626.00 | 23.00 |
| 130 | Saptakoshi Development Bank Ltd. | 3704.00 | 206.00 | 194.00 | 199.00 | 3.00 |
| 131 | Shangrila Development Bank Ltd. | 3993.00 | 422.00 | 413.00 | 422.00 | 2.00 |
| 132 | Shikhar Insurance Co. Ltd. | 4767.00 | 2117.00 | 2080.00 | 2105.00 | 16.00 |
| 133 | Shine Resunga Development Bank Ltd. | 1222.00 | 429.00 | 423.00 | 429.00 | 14.00 |
| 134 | Shree Investment Finance Co. Ltd. | 5023.00 | 405.00 | 398.00 | 405.00 | 11.00 |
| 135 | Shrijana Finance (Bittaya Sanstha) | 1500.00 | 505.00 | 495.00 | 504.00 | 5.00 |
| 136 | Siddhartha Bank Limited | 6500.00 | 485.00 | 476.00 | 476.00 | -2.00 |
| 137 | Siddhartha Equity Orineted Scheme | 15000.00 | 12.41 | 12.40 | 12.41 | 0.21 |
| 138 | Siddhartha Insurance Ltd. | 6465.00 | 1672.00 | 1600.00 | 1669.00 | 11.00 |
| 139 | Soaltee Hotel Limited | 3998.00 | 365.00 | 361.00 | 365.00 | 0.00 |
| 140 | Standard Chartered Bank Limited | 4600.00 | 2355.00 | 2330.00 | 2345.00 | 3.00 |
| 141 | Summit Micro Finance Dev. Bank Ltd. | 750.00 | 3300.00 | 3250.00 | 3300.00 | 51.00 |
| 142 | Sunrise Bank Limited | 11694.00 | 392.00 | 380.00 | 390.00 | 0.00 |

Total Amount Rs. 948,565,106 Total Quantity 1,371,110 Total No of Transactions7,406

२०७४, साउन
बुधबार
११

पहिलो चरणमा काउली र बन्दा उत्पादन बढी भएका क्षेत्रबाट खरिद गर्ने क्रममा नै उनीहरुलाई सहकारी र समूहमार्फत् क्रेट वितरण गरिने छ।

अर्थ

# कोरिया भाषा परीक्षाको नतिजा प्रकाशित

## ११ हजार १ सय ८ जना योग्य

रोविन पौडेल, काठमाडौं

आठौं कोरियन भाषा परीक्षाको नतिजा प्रकाशित भएको छ। वैदेशिक रोजगार विभाग ईपीएस कोरिया शाखाले बुधबार सार्वजनिक गर्ने भनिएको भाषा परीक्षाको परीक्षाफल मंगलबार नै प्रकाशित भएको हो।

गत जेठ २७ र २८ गते तथा छुटेका परीक्षार्थीको असार २१ गते देखि २९ गतेसम्म पुनः लिइएको आठौं कोरियन भाषा परीक्षामा सहभागी भएका परीक्षार्थीको नतिजा प्रकाशन गरिएको हो। शाखाले १२ हजार १ सय ८ जना परीक्षार्थी उत्तीर्ण भएको सूचना मानव संशाधन विभाग (एचआरडी) कोरियाबाट प्राप्त भएको जनाएको छ। गत वर्ष ३ हजार ४ सय ६४ जना कोरिया जान छनोट भएकोमा यस वर्ष उत्तीर्ण संख्या बढाएर १० हजार २ सय जना बनाउने भएको थियो। तर, नतिजा प्रकाशन गर्ने क्रममा कोरियाबाटै संख्या बढेर आएको शाखाले जनाएको हो। उत्तीर्ण हुनेमध्ये उत्पादनमुलक क्षेत्रमा ४ हजार ५ सय ६८ तथा कृषि एवम् पशुपालन क्षेत्रमा ७ हजार ५ सय ३० जना रहेका छन्।

उत्तीर्ण हुनेमध्ये ५ हजार १ सय ७७ जना पशुपालनतर्फ रहेका छन्। त्यस्तै २ हजार ३ सय ५३ जना कृषिका लागि उत्तीर्ण भए। उत्पादनमुलक क्षेत्रतर्फ २ हजार ३ सय २२ जनाले एसेम्बल, १ हजार ३ सय १७ जनाले नापतौल र ९ सय ३९ जनाले काठ कनेक्सनमा नाम निकाले। यद्यपि, भाषा परीक्षा उत्तीर्ण हुँदैमा कामदार कोरिया भने जान पाउने छैनन्। भाषा परीक्षाको नतिजाले कोरिया जान इच्छुकमध्ये भाषाका निम्ति योग्यता गर्ने शाखाका निर्देशक बाबुराम खतिवडाले जानकारी दिनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'यद्यपि, भाषा परीक्षा उत्तीर्ण हुने बित्तिकै कामदार कोरिया भने जान पाउने छैनन्।' उहाँका अनुसार यो नजिता भाषाको

**उत्तीर्ण हुनेमध्ये ५ हजार १ सय ७७ जना पशुपालनतर्फ रहेका छन्। त्यस्तै २ हजार ३ सय ५३ जना कृषिका लागि उत्तीर्ण भए। उत्पादनमुलक क्षेत्रतर्फ २ हजार ३ सय २२ जनाले एसेम्बल, १ हजार ३ सय १७ जनाले नापतौल र ९ सय ३९ जनाले काठ कनेक्सनमा नाम निकाले। यद्यपि, भाषा परीक्षा उत्तीर्ण हुँदैमा कामदार कोरिया भने जान पाउने छैनन्।**

एकेडेमिक सर्टिफिकेट मात्र हो।

भाषा परीक्षा उत्तीर्ण भएका व्यक्तिको स्वास्थ्य परीक्षण, रोजगार आवेदन फारामलगायतका कार्यको विस्तृत विवरण शाखाको वेवसाइटमा छिटै प्रकाशित गरिने सूचनामा जानकारी दिइएको छ। भाषा परीक्षा उत्तीर्ण व्यक्तिले रोजगार आवेदन फाराम भर्नका लागि प्रहरी प्रतिवेदन तथा स्वास्थ्य परीक्षणमा समेत सफल हुनुपर्ने भएको हो। यसका साथै भाषा परिक्षामा उत्तीर्ण हुने कोरिया जान इच्छुक कुनै कामदारले 'क' वर्गको बैंकमा आफ्नै नाममा खाता खोलेको प्रमाण (चेकको प्रतिलिपि) एवम् सम्बन्धित व्यक्तिको व्यक्तिगत इमेल ठेगाना अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

विगतका वर्षमा भाषा परीक्षा पास भएकाले सीप परीक्षण (स्किल टेस्ट) दिनुपर्नेमा एचआरडी कोरियाले यो वर्ष सो नियम हटाएका छ। सो नियमअन्तर्गत कोरिया जाने व्यक्तिको बारेमा तयार पारिएको छोटो भिडियो कोरियाको रोजगार केन्द्रमा जान्थ्यो र रोजगारदाताले उक्त भिडियो हेरेर कामदारको छनोट गर्थ्यो।

भाषा परीक्षा पास हुने परीक्षार्थीलाई २०१७ को अन्त्यबाट कोरिया लैजाने काम शुरू हुने शाखाका निर्देशक खतिवडाले जानकारी दिनुभयो।

यस वर्ष ७५ हजार ५ सय ८० जनाले भाषा परीक्षाको लागि आवेदन दिएकोमा ९ हजार ७ सय ९६ जना महिला र ६५ हजार ७ सय ८४ पुरुष रहेका थिए। यीमध्ये २४ हजार २ सय ३० जनाले उत्पादनमुलक क्षेत्र तथा ५१ हजार १६ जनाले कृषि तथा पशुपालनको लागि फारम भरेका थिए। ६८ हजार ४ सय ६१ जना परीक्षामा सम्मिलित भएकोमा ११ हजार १ सय ८ जनाले कोरियामा गई काम गर्ने अवसर पाउने भएका हुन्। सन् २०१८ को इपीएसअन्तर्गतको परीक्षा दिन इच्छुकले अनलाइनमार्फत् फाराम भर्न पाउने व्यवस्था यही सालदेखि शुरू गरिएको थियो। फारम भर्ने व्यवस्था चैत २६ गतेसम्म मिलाइएको थियो। त्यस्तै परीक्षा जेठ २७ र २८ गते सञ्चालन गरिएको थियो। सो समयमा छुटेका परीक्षा केन्द्र नं. २६ मा ४ सय ३३ जना परीक्षार्थी परीक्षा दिन बञ्चित भएका थिए।

परीक्षा सञ्चालन गर्न कोरियाबाट ५५ जना परीक्षा सञ्चालक टोली नेपाल आएको थियो। विभागका शाखा अधिकृत शोभाकर भण्डारीका अनुसार २०१६/१७ सम्म १४ हजार योग्य कामदार कोरिया जान बाँकी रहेकोमा अहिलेसम्म ११ हजारको हाराहारीमा उडिसकेका छन्।

कोरिया जाने भाषा परीक्षामा गतवर्ष ३ हजार १ सय कामदारको माग भएकोमा ३ हजार ४ सय ६४ जनाले पास गरेका थिए। त्यस्तै सन् २०१५ मा ८ हजार ४ सय ९० जनाले भाषा परीक्षा पास गरेका थिए। तीमध्ये ८ हजार ३ सय ७० जना कामदार कोरिया जान योग्य भएका थिए। उहाँको अनुसार सन् २०१७ जनवरी यता २५ सयभन्दा बढी कोरियाका लागि उडिसकेका छन्।

# फोहोर व्यवस्थापन गर्न किसानलाई क्रेट वितरण

काठमाडौं, (नेस)

बन्दा र काउलीबाट निस्किने फोहोर व्यवस्थापन गर्न कृषि मन्त्रालयले किसानलाई वितरण गर्न कालिमाटी फलफूल तथा तरकारी बजार समितिलाई १५ सय वटा क्रेट दिएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत समितिले क्रेट दिइएको हो।

मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत क्रेट खरिदका गत आर्थिक वर्षमा ५० लाख रुपियाँ बजेट छुट्याएको थियो। बजारलाई व्यवस्थित र व्यावसायिक बनाउने योजना अनुरूप काउली आयातको लागि किसानलाई क्रेट वितरण गर्न लागिएको समितिका अध्यक्ष काशीराज दाहालले बताउनुभयो।

बन्दा र काउली बजारमा ल्याउँदा ठूलो मात्रामा पात पनि बजारमा आउने हुँदा त्यसले फोहोर व्यवस्थापनमा समस्या निम्त्याएकाले न्यूनीकरणका गर्न, गुणस्तर र स्वच्छता कायम गर्न उक्त कदम चालिएको कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिका कार्यकारी निर्देशक तेजेन्द्र पौडलले बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'निःशुल्क रूपमा भन्दा निश्चित मूल्य राखेर सहुलियतमा क्रेट बेच्दा किसान बढी उत्तरदायी हुने भएकाले कुल मूल्यको २५ प्रतिशतसम्म शुल्क राखेर वितरण गरिनेछ। यस्ता क्रेटमा २० देखि २५ किलोग्राम क्षमताका रहनेछन्।

यसअघि किसानले उपत्यकामा तरकारी पठाउँदा डोको प्रयोग गर्ने गरेका थिए। क्रेटमा तरकारी राख्दा तरकारी सफा र सुरक्षित रहनुका साथै उपत्यकामा ती वस्तुबाट सिर्जित फोहोरमा कमी आउने पौडेलले बताउनुभयो।

किसानले पात बारीमै छोडेर आउँदा कम्पोस्ट मलका रूपमा प्रयोग गर्न सक्ने र उपोभोक्तालाई पातको मूल्य पनि नपर्ने बजारमा फोहोर पनि नहुने समितिको भनाइ छ।

पहिलो चरणमा काउली र बन्दा उत्पादन बढी भएका क्षेत्रबाट खरिद गर्ने क्रममा नै उनीहरूलाई सहकारी र समूहमार्फत् क्रेट वितरण गरिने छ। उक्त कार्यको व्यवस्थापनका लागि प्याकेजिङ र ग्रेडिङ केन्द्र स्थापना गरिने छ भने उक्त केन्द्रको अनुगमन कार्यका लागि समितिले छुट्टै अनुगमन समिति समेत बनाउने छ। तरकारी उत्पादन भइसकेपछि व्यवस्थित बाली भित्र्याउनको लागि सहज र व्यवस्थित बनाउनको लागि मन्त्रालयमा छुट्टै युनिट लागि परेको छ।

तरकारीजन्य वस्तु तत्कालै उपभोग नगरे सड्न सक्ने भएकाले उपभोग्य वस्तुलाई ग्रेडिङ र प्याकेजिङ गर्न तयारीसमेत रहेको मन्त्रालयका सहसचिव एवम् समितिका अध्यक्ष्य दाहालले बताउनुभयो।

प्याकेजिङ गरेको खण्डमा उपभोक्ताले स्वच्छ ताजा तरकारी उपभोग गर्न पाउने छन् भने किसानले पनि तरकारी खेर फाल्नु नपर्ने समितिको दाबी छ। हाल तरकारी व्यवस्थित प्याकेजिङ नहुँदा दैनिक ३० देखि ४० प्रतिशतसम्म तरकारी खेर गइरहेको दाहालले बताउनुभयो। मन्त्रालयले तरकारी व्यवस्थित गर्न चालू आवमा करिब १ करोड रुपियाँ बजेट विनियोजन गरेको दाहालले जानकारी दिनुभयो।

# करोडको पिठो जर्मनीमा बिक्यो

बाँके, (नेस)

नेपालगन्जबाट तेस्रो मुलुकमा करोडौको गहुँको पिठो जाने गरेको छ। जर्मनी र जापानमा गहुँको पिठो जाने गरेको हो। नेपालगन्जको विकास फ्लोरमिलले पिठो पठाउने गर्दछ।

आर्थिक वर्ष २०७३/७४ मा दुई लाख १६ हजार पाँच सय किलो पिठो तेस्रो मुलुक गएको छ। नेपालगन्ज भन्सार कार्यालयका सूचना अधिकारी लक्ष्मीदत्त जोशीका अनुसार यसको मूल्य एक करोड ३८ लाख ९७ हजार रहेको छ।

यो वर्ष पिठो कम गएको भन्सार कार्यालयले जनाएको छ। आर्थिक वर्ष २०७२/७३ मा बढी मात्रामा पिठो निकासी भएको थियो। यो वर्ष ४ लाख ४१ हजार ९ सय ८५ किलो तेस्रो मुलुकमा गएको थियो। त्यसको मूल्य २ करोड ६६ लाख १४ हजार थियो। अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गरेर तेस्रो मुलुकमा पिठो निकासी गर्नु ठूलो चुनौती मानिन्छ। गुणस्तरीय अति नै ख्याल राख्नुपर्छ। ठूलो मात्रामा खाद्यान्न भारतबाट नेपाल भित्रिरहेको बेलामा अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गरेर नेपालबाट तेस्रो मुलुकमा पिठो पुर्‍याउनु चुनौतीपूर्ण रहेको व्यापारीहरू बताउँछन्।

नेपालगन्ज नाकाबाट निकासीको औसत नगन्य रहेको छ। आयात नै बढी छ। वर्षामा ७ अर्ब २० करोड ७३ लाख ३३ हजार रुपियाँ भन्सार असुली हुँदा निकासीको जम्मा ७८ लाख ९२ हजार रहेको छ। यो नाकाबाट तेस्रो मुलुकमा पिठो र मासु तथा भारतमा जडीबुटी निकासी हुने गर्दछ। ठूलो मात्रामा जडीबुटी निकासी हुने गरेपनि पछिल्लो वर्षमा त्यो घट्दै गइरहेको छ। प्रशोधनको अभाव र अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न नसक्दा बहुमूल्य जडीबुटी भारतमा कौडीको मूल्यमा बेच्नु परेको व्यापारीको गुनासो रहेको छ।

तेस्रो मुलुकमा नेपालको पिठोले बजार लिँदै गएको छ। यो वर्ष पिठो जर्मनीमा मात्रै गएको छ। पिठो पठाउने एजेन्ट अर्जुन शर्माका अनुसार, नयाँ पार्टी बढाउन नसक्दा पिठोमो मात्रा बढ्न सकेको छैन। पुरानो पार्टीलाई मात्रै अहिलेसम्म पिठो पठाउने काम भइरहेको छ। तेस्रो मुलुकमा भारतलगायतका देशबाट पनि पिठोलगायत जाने र उनीहरूसँग प्रतिस्पर्धा गरेर पठाउनु पर्ने व्यवसायीहरू बताउँछन्। 'धेरै माग आएको छैन। एक/डेढ महिनामा एक कन्टेनर जान्छ, एजेन्ट शर्माले भन्नुभयो।




# आर्थिक कूटनीतिलाई चुस्तदुरुस्त राख्न आग्रह



नेपाल समाचारपत्र

काठमाडौं

नेपाल उद्योग वाणिज्य महासंघले मुलुकको आर्थिक कूटनीतिलाई चुस्तदुरुस्त पार्दै विभिन्न देशमा रहेका नेपाली कूटनीतिक नियोगलाई निश्चित लक्ष्यसहितको कार्यक्रम दिएर पठाउनुपर्ने र निर्यातमुखी कूटनीतिलाई विशेष ध्यान दिनुपर्ने सरकारलाई सुझाव दिएको छ। महासंघका अध्यक्ष भवानी राणाको नेतृत्वको प्रतिनिधिमण्डलले मंगलबार उपप्रधान एवम् परराष्ट्रमन्त्री कृष्णबहादुर महरालाई भेट गरी सो सुझाव दिएको हो।

तीव्ररूपमा आर्थिक विकासमा अगाडि बढेका भारत र चीन तथा अन्य विकसित देशबाट समेत नेपालमा पूर्वाधार तथा ऊर्जा विकासमा अधिकभन्दा अधिक लगानी भित्र्याउन तथा नेपालको पर्यटनकाबारे ती देशमा प्रवर्द्धन गरी पर्यटक आकर्षणसमेत गर्न हाम्रो कुटनीति सक्रिय हुनुपर्ने सुझाव सो अवसरमा महासंघका तर्फबाट दिइयो। नेपालमा लगानी बढाउन के कस्ता अवरोध छन्। पहिचानसहित लगानी आकर्षणमा आर्थिक कूटनीतिको परिचालन सशक्त ढंगबाट गर्नुपर्ने बेला आएको अध्यक्ष राणाले सो अवसरमा बताउनुभयो।

महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा, उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, कोषाध्यक्ष ज्ञानेन्द्रलाल प्रधान, महासचिव सुरेश मान श्रेष्ठ, निर्देशक मीना श्रेष्ठ सम्मिलित महासंघको प्रतिनिधिमण्डलले भेटवार्ताका क्रममा विश्वका विभिन्न देशहरूमा नेपालको प्रतिनिधित्व गर्ने कूटनीतिक मिसनलाई अब निश्चित लक्ष्यका साथ परिचालन गर्नुपर्नेमा जोड दिइएको थियो। अध्यक्ष राणाले राज्यले गर्ने विभिन्नस्तरको उच्चस्तरीय भ्रमणमा निजी क्षेत्रको सशक्त सहभागिता गराइनुपर्नेमा समेत जोड दिनुभयो।

सो अवसरमा परराष्ट्रमन्त्री महराले महासंघले मुलुकको आर्थिक विकासमा खेलेको भूमिका महत्वपूर्ण रहेको भन्दै महासंघले उठाएका मागलाई सम्बोधन गर्न आफू र आफ्नो मन्त्रालयको सहयोग रहने विश्वास दिलाउनुभयो। कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकमा 'द्विपक्षीय पराशर्म संयन्त्र' मार्फत् आर्थिक कूटनीतिलाई प्रभावकारी बनाइनेसमेत उहाँले विश्वास दिलाउनुभयो। द्विपक्षीय पराशर्म संयन्त्र भएका मुलुकमा संयन्त्रमार्फत र नभएका मुलुकमा संयन्त्र स्थापना गरेर आर्थिक कूटनीतिलाई प्रभावकारी रूपमा अगाडि बढाइने परराष्ट्रमन्त्रीको भनाइ थियो।

परराष्ट्र नीतिसम्बन्धी सुझाव दिन बनेको उच्चस्तरीय कार्यदलमा पनि महासंघले महत्वपूर्ण सुझाव दिइरहेको विश्वास व्यक्त गर्दै परराष्ट्रमन्त्री महराले अबका दिनमा राज्यले राजनीतिकभन्दा पनि आर्थिक मुद्दालाई विशेष प्राथमिकताका साथ अगाडि बढाउनेसमेत बताउनुभयो।

# खेलकुद






## अफगानिस्तानसँग नेपाल फेरि पराजित

काठमाडौं, (नेस)

अफगानिस्तानसँग फेरि पराजित भएपछि नेपाल न्युजिल्यान्डमा हुने आईसीसी यू-१९ विश्व कप क्रिकेट प्रतियोगिता २०१८ मा छनोट हुन सकेन।

त्यसो त नेपालको पहिलो राउन्डमै अफगानिस्तानसँग हारेपछि विश्वकपको सम्भावना समाप्त भइसकेको थियो। तर मंगलबार केही आशाका साथ सिंगापुरको मैदानमा उत्रेको नेपाली युवा टोली ९६ रनले पराजित भयो। पहिलो खेलमा १ सय ४१ रनको ठूलो अन्तरले पराजित भएको नेपालले दोस्रोपटक भने अफगान युवा टोलीसँग सुधारिएको ब्याटिङ गरेको थियो। पहिलो खेलमा ४९ रनमा अलआउट भएको नेपाल हिजो ९९ रनमा अलआउट भएको थियो। नेपाललाई अफगानिस्तानले १ सय ९६ रनको लक्ष्य दिएको थियो। यो जितबाट अफगानिस्तान भने विश्वकपमा छनोट हुन सफल भयो।

नेपालको ब्याटिङमा दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ४८ रन जोडेका थिए। जब कि ओपनर सन्दीप सुनार टोलीको १० रन हुँदा पवेलियन फर्केका थिए। सन्दीपले प्रतियोगिताभरि निरस ब्याटिङ गर्नु पनि नेपालका लागि शुरुआत राम्रो भएन। नेपालले ५ विकेट ३४ रनमा गुमाएको स्थितिमा दीपेन्द्र र पवन शराफले छैटौं विकेटका लागि ५१ रनको साझेदारी गरेका थिए। यसपछि पवन र दीपेन्द्रको विकेट पतन हुँदा नेपालको ब्याटिङ छिट्टै धरासयी बनेको थियो। नेपालका अन्य खेलाडीमा अनिल शाह र सुनार ६-६ रन, रोहित पौडेल ३ रन तथा आसिफ शेख र कप्तान सन्दीप लामिछाने २-२ रनमा आउट भएका थिए। नेपालको भरोसेमन्द ब्याटसम्यान आसिफ पनि प्रतियोगिताभरि चलेनन्।

यसअघि अफगानिस्तानले १ सय ९५ रन बनाएर नेपालको हौसला कमजोर बनाएको थियो। जसमा इब्राहिम जदरान एक्लैले १ सय १ रन जोडेका थिए। उनले १ सय १४ बलको सामना गरी सात चौका र ५ छक्का प्रहारसमेत गरे। उनीबाहेक अन्यले खासै योगदान गर्न भने सकेनन्। नेपाली बलरले जदरानलाई आउट गर्न नसक्नु पनि जितबाट टाढा भएको थियो। नेपालका बलरमा साहब आलमले चार विकेट लिए भने दीपेन्द्रसिंहले तीन विकेट हात पारेका थिए। म्यान अफ द सिरिज घोषित सन्दीप लामिछानेले एक विकेट लिएर प्रतियोगितामा कुल २४ विकेट हासिल गरे।

## कमला र सञ्जुको राष्ट्रिय कीर्तिमान

नेपाल समाचारपत्र

काठमाडौं

कमला श्रेष्ठ र सञ्जु चौधरीले ललितपुरमा जारी एसियन युथ तथा जुनियर भारोत्तोलन च्याम्पियनसिप २०१७ अन्तर्गत मंगलबार राष्ट्रिय कीर्तिमान रचेका छन्।

कमलाले ५८ केजी तौल समूहको जुनियर विधामा स्न्याचमा ६७ केजी, क्लिन एन्ड जर्कमा ८५ केजी गरी कुल १ सय ५२ केजी भार उचालेर आफ्नै कीर्तिमान भंग गरेकी हुन्। उनले सातौं राष्ट्रिय खेलकुदमा स्न्याचमा ६६ केजी र क्लिनमा ७९ केजी गरी कुलमा १ सय ४५ केजी भार वहन गर्दै राष्ट्रिय कीर्तिमान आफ्नो नाममा लेखाएकी थिइन्। उनले यसअघि गुवाहाटी र सिलोङमा सम्पन्न १२औं दक्षिण एसियाली खेलकुदमा प्रतिस्पर्धा गरेकी थिइन्। उनी समूह 'बी'मा ८ खेलाडीलाई पछि पार्दै पहिलो हुन सफल भएकी थिइन्। उनले कीर्तिमान राख्न सफल भएकोमा खुसी व्यक्त गर्दै कीर्तिमान राख्नेमा आफू विश्वस्त रहेको बताइन्।

यस्तै सञ्जु चौधरी पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामै राष्ट्रिय कीर्तिमान कायम गर्न सफल भइन्। उनले ग्रुप 'बी'को ५३ केजी तौलमा स्न्याचमा ६० केजी र क्लिन एन्ड जर्कमा ८० केजी गरी कुल १ सय ४० केजी भार वहन गर्दै देवी चौधरीको राष्ट्रिय कीर्तिमान तोडेकी हुन्। देवीले सातौं राष्ट्रिय खेलकुदमा राष्ट्रिय कीर्तिमान राखेकी थिइन्। चौधरीले कीर्तिमान कायम गर्न सकेकोमा खुसी व्यक्त गरिन्।

अन्य नेपाली भारोत्तालेन खेलाडीहरूले आफ्नो खेलमा सुधार गर्न सफल भएको प्रशिक्षक जगदीश प्रधानले जानकारी गराए। पहिलो पटक अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएका टीकामाया गुरुङले ५८ केजी तौलमा स्नाचमा ४५ र क्लिनमा ५५ केजी गरी कुलमा सय केजी र कविता चौधरीले स्नाचमा ४१ केजी र क्लिन एन्ड जर्कमा ५० केजी गरी कुल ९१ केजी भार वहन गरे। यस्तै पुरुषको ६२ केजी तौलमा साजारुद्दिन आलमले स्नाचमा ५५ र क्लिनमा ८० केजी गरी कुलमा १ सय ३५ केजी भार वहन गरे।




कमला श्रेष्ठ भार उचाल्दै। तस्वीर : उजोल डंगोल

महिलाको ५३ केजी तौलको युथ र जुनियर दुवैमा चीनकी ज्ञान होङ्यानले स्वर्ण प्राप्त गरिन्। उनले स्नाच, क्लिन र कुलमा गरी ६ स्वर्ण पदक प्राप्त गरिन्। ज्ञानले स्नाचमा ८३ केजी, क्लिनमा १ सय ८ केजी र कुलमा १ सय ९१ केजी भार वहन गरिन्। यस्तै युथतर्फ थाइल्यान्डकी पोर्नचिता नियोमयोङले स्नाचमा ६७ केजीका साथ कांस्य र क्लिनमा ९२ केजीका साथ रजत र कुलमा १ सय ५९ केजीका साथ रजत प्राप्त गरिन् भने ताइपेईकी चोउ युवानले स्नाचमा ६८ केजीका साथ रजत, क्लिनमा ९० केजी र कुलमा १ सय ५८ केजीका साथ कांस्य पाइन्।

जुनियरतर्फ थाइल्यान्डकी सुरोधचना खाम्बाओले स्नाचमा ७५, क्लिनमा ९५ र कुलमा १ सय ७० केजी भार वहनका साथ रजत तथा फिलिपिन्सकी पेरेज इलाइन रोजले स्नाचमा ७३, क्लिनमा ९३ र कुलमा १ सय ६६ केजीका साथ कांस्य पाइन्।

### पूर्वखेलाडीहरु सम्मानित

यसैबीच भारोत्तोलनका पूर्वखेलाडी तथा विभिन्न तहबाट नेपालमा भारोत्तोलन खेलको विकास र विस्तारमा सहयोग पुऱ्याउन सफल व्यक्तिलाई नेपाल भारोत्तोलन संघले सम्मान गरको छ। सम्मानित हुने व्यक्तिहरूमा राष्ट्रिय खेलकुद परिषद्का कोषाध्यक्ष, ओलम्पियन एवं नेपालका लागि पहिलो पदकहात पार्न सफल पूर्वखेलाडी तथा भारोत्तोलन संघका उपाध्यक्ष सुरेन्द्रबहादुर हमाल, ओलम्पियन तथा अन्तर्राष्ट्रिय निर्णायक राजेन्द्र प्रधान र संघका सचिव एवं राखेप तालिम तथा प्रशिक्षण विभागका पूर्वनिर्देशक, अन्तर्राष्ट्रिय निर्णायक तिलक राउत रहेका छन्। भारोत्तोलनमा दक्षिण एसियाली खेलमा सर्वाधिक पदक विजेता स्व. सुनिललाल जोशीलाई पनि मरणोपरान्त सम्मान गरिएको थियो।

## घरहरा

### कुरूप राजधानी



हिलो, धुवाँ, धूलो राजधानीको परिचय बनेको छ। यसमा सबैले गर्वका साथ भन्ने गरेका छन्।

राजधानीलाई यी चिजबाट मुक्त गराउन सबैले एकै स्वरमा भनिरहेका हुन्छन् राजधानीलाई स्वच्छ बनाऊ। तर राजधानी स्वच्छ बन्ने छाँटकाँट नै देखिँदैन। झन् झन् राजधानीमा धूलो धुवाँको चुनौती बढेको देखिन्छ। नेताहरू काम गर न किन सधैं जनतालाई भुलभुलैयामा पार्छौ। हुने कुरा गर, गर्न नसक्ने कुरा गर्दै नगर।

अहिलेको अवस्था कायम रहने हो भने विश्वको सबैभन्दा कुरूप राजधानी कुन भनेर संसारले प्रश्न सोध्यो भने काठमाडौं पर्ने अवस्था छ। यसमा त केही गर नेताजी। सधैं स्वच्छ काठमाडौंको नारा दिएर राजधानीलाई दिनदिनै कुरूप नबनाऊ, यो धरहराको बिन्ती छ। हिजोसम्म कस्तो थियो राजधानी आज कुरूप बनेको छ। यसलाई कम्तीमा हेर्न हुने त बनाइदेऊ। यो धरहराको रोदन मात्रै हो है।

## इनोभेटिभको क्वार्टरफाइनलमा

काठमाडौं, (नेस)

इनोभेटिभको ब्वाइज र गर्ल्स दुवै टिम ११औं श्रीदिवा मन्सुन मिट अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा मंगलबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

हाडीगाउँस्थित आयोजक श्रीदिवा इन्टरनेसनल स्कुलको कोर्टमा ब्वाइजतर्फ इनोभेटिभले डाफोडिललाई ४०-२७ ले पराजित गऱ्यो। इनोभेटिभको जितमा आयुश खड्काले १७ अंक योगदान गरे। गर्ल्समा ममता गुरुङको १७ अंक मद्दतले इनोभेटिभले विल्सन एकेडेमीलाई ४३-११ को फराकिलो अन्तरले हरायो।

ब्वाइजमा विल्सन, नेपाल सेन्ट्रल र ओडिसी इन्टरनेसनल एकेडेमी पनि क्वार्टरफाइनलमा पुगे। विल्सनले काठमाडौं जेभियरको चुनौती ४३-२८ ले पन्छायो। विजेताका पेम्बा शेर्पाले १७ अंक जोडे। नेपाल सेन्ट्रलले माउन्ट कैलाशमाथि २९-२८ को कठिन जित दर्ता गऱ्यो।

विजयी टिमका लागि राहुल श्रेष्ठले १० स्कोर गरे। हिम्सविरुद्धको खेलमा ओडिसी ४७-४४ को साँघुरो अन्तरले विजयी भयो। ओडीसीका सागर लामाले १७ अंक बटुले।

## बाप्पेलाई रियल १६ करोड तिर्दै



मेड्रिड, (एजेन्सी)

रियल मेड्रिडले क्लबको इतिहासमा छैटौंपटक विश्व ट्रान्सफर रेकर्डका साथ मोनाकोका काइलीयान बाप्पेलाई अनुबन्धित गर्न तयारी भएको छ।

स्पेनीस ला लिगा च्याम्पियन रियल मेड्रिडले बाप्पेलाई १६ करोड पाउन्डमा अनुबन्धित गर्ने प्रस्तावलाई मोनाकोले स्वीकार गरेको हो। फ्लोरेन्टीनो पेरेजले १८ वर्षीय खेलाडीलाई यसै समरको शुरुआतमा अनुबन्धन गर्न लागेका थिए। तर बाप्पेका परिवार र सल्लाहकारले सो प्रस्तावलाई ठाडै अस्वीकार गरेका थिए। किनभने उनीहरूले त्यतिबेलाको अनुबन्धन गलत समय भएको बताएका थिए।

रियलले हालै अल्भारो मोरोटोलाई चेल्सीमा बेचेको छ। क्लबले जेम्स रोड्रीगुएजलाई पनि दुई वर्षका लागि बायर्न म्युनिखमा लोनमा पठाएको छ। यसैले पनि बाप्पे रियलमा आउने पक्का भएको स्पेनीस अखबार मार्साले जनाएको छ।

रियलले पहिलो पटक सन् २००० मा सबैभन्दा बढी रकम ३ करोड ७० लाख पाउन्ड तिरेको थियो। यो त्यतिबेला नयाँ रेकर्ड थियो। एक वर्षपछि जिनेदाइन जिदानलाई ४ करोड ६० लाख पाउन्ड तिरेर अर्को नयाँ रेकर्ड बनायो। सन् २००९ मा दुईपटक रेकर्ड तोडियो। पहिलो काकालाई ५ करोड पाउन्डमा क्लबमा भित्र्यायो भने क्रिस्टियानो रोनाल्डोलाई ८ करोड पाउन्डमा रियलले किनेको थियो। गेरेथ बेललाई क्लबले सन् २०१३ मा अनुबन्धित गर्दा रोनाल्डोलाई भन्दा ५० लाख पाउन्ड तिरिएको थियो।

हाल म्यानचेस्टर युनाइटेडले पउल पोग्बालाई युभेन्टसबाट ८ करोड ९० लाख पाउन्डमा भित्र्याएपछि ठूलो ट्रान्सफर रकमको रेकर्ड बनेको छ। तर बाप्पेलाई रियलमा भित्र्याएमा यो सबैभन्दा ठूलो रकमको अनुबन्धित रेकर्ड बन्ने पक्का छ। रियलले बाप्पेलाई आगामी ६ सिजनका लागि अनुबन्धित गर्नेछ।

### महँगो ट्रान्सफर

- काइलीयान बाप्पे १६ करोड पाउन्ड
- पउल पोग्बा ८ करोड ९० लाख
- गेरेथ बेल ८ करोड ५० लाख
- क्रिस्टियानो रोनाल्डो ८ करोड
- गोन्जालो हिग्वेन ७ करोड ६० लाख
- नेयमार ७ करोड ५० लाख

## आरोही सञ्जयलाई श्रद्धाञ्जलि

काठमाडौं, (नेस)

हिमाल आरोहणका क्रममा ज्यान गुमाएका अल्ट्रा धावक एवम् आरोही सञ्जय पण्डितप्रति उपराष्ट्रपति, प्रधानमन्त्रीदेखि सर्वसाधारणसम्मले भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरेका छन्। सञ्जयको पार्थिव शरीरलाई श्रद्धाञ्जलि दिन मंगलबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) हातामा राखिएको थियो। उपराष्ट्रपति नन्दबहादुर पुन, राखेपका संरक्षक एवम् प्रधानमन्त्री शेरबहादुर देउवा, सभामुख ओन्सरी घर्तीमगर, उपप्रधान एवम् परराष्ट्रमन्त्री कृष्णबहादुर महरा, गृहमन्त्री जनार्दन शर्मा, पूर्वमन्त्रीहरू वामदेव गौतम, वर्षामान पुन, दलजीत विक श्रीपाली, पुरुषोत्तम पौडेल, गगनकुमार थापा, डा. रामशरण महत, राखेपका उपाध्यक्ष लामा टेन्डी शेर्पा, सदस्य-सचिव केशवकुमार विष्ट, स्व. सञ्जयका पिता, दक्षिण एसियाली खेलकुद (साग) का



कीर्तिमानी धावक वैकुण्ठ मानन्धर, नेपाललाई पहिलो अन्तर्राष्ट्रिय पदक दिलाएका धावक जितबहादुर केसीलगायत सर्वसाधारणले समेत सञ्जयको पार्थिव शरीरमा फूलमाला र पुष्पगुच्छा चढाई भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरेका थिए।

त्यस अवसरमा सञ्जयको पार्थिव शरीरमा उपराष्ट्रपति पुन, प्रधानमन्त्री देउवा र उपप्रधान एवम् परराष्ट्रमन्त्री महराले राष्ट्रिय झण्डा, राखेपका उपाध्यक्ष शेर्पा र सदस्य-सचिव विष्टले राखेपको झण्डा तथा सञ्जय आफै अध्यक्ष रहेको नेपाल माउन्टेन रनिङ संघका उपाध्यक्ष जितबहादुर केसीले संघको झण्डा ओढाएका थिए। सञ्जयप्रति श्रद्धाञ्जलि दिएपछि प्रधानमन्त्री देउवाले एक साहसिक युवाको असामयिक निधनमा दु:ख प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्नुभयो।

सञ्जयको असार २ गते अमेरिकाको अलास्कास्थित माउन्ट डेनाली हिमाल आरोहण गर्ने क्रममा 'हाई अल्टिच्युड सिक्नेस'का कारण निधन भएको थियो। विभिन्न प्रक्रिया पूरा गरी सञ्जयको पार्थिव शरीर सोमबार राति मात्र काठमाडौं आइपुगेको थियो। अन्तिम संस्कारका लागि मंगलबारै पण्डितको पार्थिव शरीर गृह जिल्ला प्युठानमा हेलिकोप्टरबाट लगिएको छ।


# कर्मचारी आवश्यकता

यस संस्थाको लागि केही कर्मचरीहरुको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**पदः वितरक (केही)**

**योग्यताः**

१. साधारण लेखपढ जानेको ।
२. साइकल चलाउन जान्ने तथा साइकल भएको ।
३. काम गर्ने समय विहान ५ देखी ८ बजेसम्म ।
४. उमेर १८ देखी ३० वर्ष सम्मको हुनुपर्ने ।

**स्थान** : बालाजु, स्वयंभू, कलंकी तथा कीर्तिपुर को लागी ।

**पदः ड्राइभर (१ जना)**

**योग्यताः**

१. कक्षा १० वा +२ पास गरेको ।
२. सवारीसाधन चलाउन लाइसेन्स प्राप्त ।
३. ३ वर्ष सवारीसाधन चलाएको अनुभव भएको ।
४. उपत्यकाभित्रको बाटो र ठाउँहरुको राम्रो जानकारी हुनुपर्ने ।

इच्छुक व्यक्तिहरुले आफ्नो ***Biodata*** हाम्रो ईमेल : ***hrkamana@gmail.com*** मा पठाउन सक्नुहुनेछ ।

अन्य जानकारीका लागि सम्पर्क

**कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.**
भीमसेनस्थान, काठमाडौं
सम्पर्कः ०१-४२६११७९, ९८०१००३७३७
९८५१०६९८३०


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ